Economic National Daily
# आर्थिक
राष्ट्रिय दैनिक
Aarthik Dainik Pvt.Ltd.




◆ वर्ष १६ ◆ अङ्क ४७१६ ◆ २०८२ असोज ५ गते आइतबार ◆ ने.सं. ११४५ ◆ पृष्ठ ८ ◆ Sunday, September 21, 2025 ◆ मूल्य रु. ५/- ◆ Web: www.aarthikdainik.com

## दशैँमा नागढुङ्गा सुरुङ्गमार्गबाट सवारी बाहिरिन पाउने
# देशभरका दर्जन बढी सडक अवरुद्ध

■ प्रवीन राउत
काठमाडौं, असोज ४

सरकारले यात्रुवाहक सार्वजनिक सवारी साधानहरू नागढुङ्गा-सिस्ने खोला सुरूङ्गमार्गबाट बाहिर जान सक्ने व्यवस्था गर्ने भएको छ ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ, भौतिक पूर्वाधार तथा यातायात र सहरी विकासमन्त्री कुलमान घिसिङले काठमाडौं उपत्यकाबाट बाहिर जाने सवारी साधानहरूमध्ये यात्रुवाहक सार्वजनिक सवारी साधानहरू नागढुङ्गा-सिस्ने खोला सुरूङ्गमार्गबाट बाहिर पठाउने बताएका हुन् ।

उनले काठमाडौं उपत्यकाबाट बाहिर जाने सवारी साधनहरूमध्ये यात्रुवाहक सार्वजनिक सवारी साधनहरू सो सुरूङ्गमार्गबाट बाहिर जाने र दशैँपछि माथि उल्लिखित सवारी साधनहरू प्रवेश गर्ने-गराउने व्यवस्थाका लागि सम्बन्धित पक्षसँग छलफल गर्ने निर्णय गरेका हुन् । चाडपर्वको समयमा सार्वजनिक यातायातको सहज व्यवस्थापन गर्नका लागि सोसहित उनले शनिबार सातवटा निर्णय गरेका हुन् । सार्वजनिक यातायातसँगै मन्त्री घिसिङले सुरक्षा व्यवस्था, मालवाहक सवारीसाधन सञ्चालन, सडक स्तरोन्नतिलगायतका निर्णय गरेका छन् ।

सुरक्षा व्यवस्थापन सम्बन्धमा भने काठमाडौं उपत्यकाको नयाँ बसपार्क तथा मुलुकका विभिन्न राजमार्गहरूमा सुरक्षा



व्यवस्था चुस्त दुरूस्त बनाउन प्रहरी गस्ती तथा प्रहरी संख्या थप गर्न गराउन नेपाल प्रहरीलाई निर्देशन दिन गृह मन्त्रालयलाई अनुरोध गर्ने, मालवाहक ठूला सवारीसाधनहरू सञ्चालन सम्बन्धमा भने राजमार्गहरूको कमजोर अवस्था तथा यात्रुवाहक सवारी साधनहरूको आवागमनलाई प्राथमिकता दिनुपर्ने भएकाले बुटवल-नारायणघाट सडकको दाउन्ने खण्डमा दशैं अवधिभर लागू हुनेगरी ठूला भारवाहन सवारी साधनहरू (१२ चक्के र सोभन्दा माथि) सञ्चालन नगर्न नगराउन अनुरोध गर्ने तथा खाद्यान्नलगायतका अत्यावश्यक सामग्रीहरू ढुवानी गर्ने सवारी साधनहरूलाई निरन्तर आवागमन हुने व्यवस्था गर्ने गराउन निर्देशन दिएका छन् ।

वर्षासँगै आएको बाढी पहिरोका कारण देशका विभिन्न राजमार्गहरू अवरूद्ध रहेको छ भने सडकको अवस्थामा समेत राम्रो छैन । सोही कारणले गर्दा उनले सडक स्तरोन्नति तथा सुधार गर्नका लागि सडक विभागलाई निर्देशन दिने बताएका छन् । मुलुकभरका मुख्य सडकहरूलाई चुस्तदुरुस्त राख्न, सुधार गर्न गराउन, पहिरोजन्य विपद्हरूको व्यवस्थापन गर्न आवश्यक सामाग्री तथा यन्त्रहरूको व्यवस्थापन गर्न, बुटवल-नारायणगढ सडकको दाउने खण्डमा २४सै घण्टा दुईतर्फी यातायात सञ्चालन गर्न, नारायणगढ मुग्लिन सडकखण्डको तुइन खोलामा भएको अवरोध (पहिरो) हटाई तत्काल यातायात सञ्चालनमा ल्याउने र तातोपानी नाकालाई जोड्ने मुख्य सडक दशैं अगाडि नै सञ्चालनमा ल्याउने गरी आवश्यक कार्य गर्न गराउन सडक विभागलाई निर्देशन दिने मन्त्री घिसिङको भनाइ छ । विभागले नागरिकलाई सडकको अवस्थाको बारेमा जानकारी गराउन कन्ट्रोल रूमको व्यवस्थापन गर्नुपर्ने भएको छ ।

मुलुकभरको सडकहरूको अवस्था र सुरक्षालाई व्यवस्थित गर्न गराउन २४ घण्टा नै सञ्चालन हुनेगरी फोकल पर्सन समेतको व्यवस्थापन गराई कन्ट्रोल रूमको व्यवस्थान गराउन सडक विभागलाई निर्देशन दिने र आम नागरिकहरूलाई मौसम र सडकको अवस्था बुझेर मात्र यात्रा गर्न हुन अनुरोध गर्दै सार्वजनिक सूचना जारी गर्न उनले मन्त्रालयहरूलाई निर्देशन दिएका हुन् ।

सार्वजनिक सवारी साधनहरूलाई सुरक्षित तथा प्रविधिमैत्री बनाउने सम्बन्धमा कार्यविधि/ निर्देशिका यातायात व्यवस्था विभागले तयार गरी यथाशीघ्र मन्त्रालयमा पेश गर्न समेन मन्त्री घिसिङले निर्देशन दिएका छन् । हाल नेपाल प्रहरीले देशभरका राजमार्गको अवस्थाको बारेमा सार्वजनिक जानकारी प्रदान गर्दै आएको छ । नागरिकलाई राहत दिने उद्देश्यले राजमार्गको अवस्थाको जानकारी दिने काम गरिएको प्रहरी प्रधान कार्यालयले जनाएको छ ।

प्रहरी प्रधान कार्यालयका अनुसार शनिबार बाढी र पहिरोका कारण देशभरका विभिन्न १७ वटा सडक अवरूद्ध छन् । वर्षा पछि आएको बाढी र पहिरोकारण रसुवाको गल्छी-त्रिशुली-मेलुङ्-स्याप्रुबेसी-रसुवागढी सडकखण्ड अवरूद्ध छ । यता हुम्लाको कर्णाली कोरिडोरको खुलालु-सल्लीसल्ला

➢ बाँकी पृष्ठ २ मा

## युनिटीको ठगीमा उम्काइएका टण्डनलाई जेन-जी आन्दोलनमा चुटाइ

■ आर्थिक संवाददाता
काठमाडौं, असोज ४

मुलुकमा भ्रष्टाचार अन्त्य गरेर सुशासन कायम गर्न माग गर्दै गत भदौ २३ र २४ गते जेन-जी पुस्ताको आह्वानमा भएको विद्रोहमा सामाजिक सञ्जालमा भाइरल भएको तत्कालीन अर्थमन्त्री विष्णु पौडेल भनी पिटिएको भिडियो पौडेलको नभएर युनिटी ठगी काण्डमा अदालतले डामेर छाडेका अत्यन्त विवादास्पद पात्र लोकबहादुर टण्डनको भएको खुलेको छ ।

गुल्मीका टण्डन युनिटी इन्टरनेसनल नामको नेटवर्किङ कम्पनीको नाममा निर्वाध ठगीको साम्राज्य चल्दा पनि फाइदा लिने र सरकारले युनिटी खारेज गरेपछि पनि फाइदा लिने केही भाग्यमानी ठगहरूमध्येको एक मानिन्छन् । गुल्मीका टण्डन युनिटी चलुन्जेल कासीराम गुरूङ, विष्णु क्षेत्रीहरूसँग थिए । उनी क्षेत्री निकट मानिन्थे र उनलाई युनिटी इन्टरनेसनलले बसुन्धारामा बनाउन लागेको युनिटी अस्पताल



निर्माणको रेखदेख गर्ने जिम्मा लिएका थिए ।

अहिले जेन-जी युवा विद्यार्थीले भ्रष्टाचारविरूद्ध विद्रोह गरेजस्तै उतिबेला युनिटीको ठगी काण्डविरूद्ध इलामको पशुपति नगरबाट उठेको आन्दोलनले व्यापकरूप लिएपछि सरकारले युनिटी इन्टरनेसनल खारेज गरेको थियो र त्यसपछि टण्डनले बसुन्धारामा ओपनिङ गर्न ठिक्क

➢ बाँकी पृष्ठ २ मा

## बैंकिङ क्षेत्रमा घट्दै मुद्दती निक्षेप

| बैंकिङ क्षेत्रको कुल निक्षेपमा मुद्दती, बचत, चल्ती र कल निक्षेपको अनुपात (प्रतिशतमा) | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| विवरण | चालू आर्थिक वर्षको साउन मसान्त | | | | गत आर्थिक वर्षको साउन मसान्त | | | |
| | वाणिज्य बैंक | विकास बैंक | फाइनान्स | कुल सबै | वाणिज्य बैंक | विकास बैंक | फाइनान्स | कुल सबै |
| मुद्दती | ४७.७८ | ४८.२२ | ६५.२९ | ४८.१४ | ५६.४१ | ६१.०९ | ७१.३५ | ५७.१५ |
| बचत | ३७.३० | ४०.९२ | २३.९८ | ३७.३७ | ३०.४२ | २९.८६ | १९.६८ | ३०.१५ |
| चल्ती | ६.१५ | २.०८ | १.१४ | ५.७१ | ५.५८ | १.६६ | १.२२ | ५.१३ |
| कल | ८.०४ | ८.६५ | ९.५३ | ८.१२ | ६.८२ | ७.३५ | ६.८८ | ६.८७ |
| (स्रोतः नेपाल राष्ट्र बैंक) | | | | | | | | |

■ सुरेश राउत
काठमाडौं, असोज ४

बैंकिङ क्षेत्रमा मुद्दती निक्षेपको अंश घट्दै गएको देखिएको छ । चालू आर्थिक वर्षको साउन मसान्तसम्ममा वाणिज्य बैंक, विकास बैंक र फाइनान्ससहित ५४ संस्थाले ७२ खर्ब ४१ अर्ब २३ करोड रूपैयाँ निक्षेप संकलन गरेका हुन् ।

नेपाल राष्ट्र बैंकका अनुसार यो निक्षेपमा मुद्दती निक्षेपको अंश ४८ दशमलव १४ प्रतिशत मात्र छ । यो निक्षेप गत आवको सोही अवधिको तुलनामा नौ दशमलव एक प्रतिशतले कम हो । गत आवको साउन मसान्तसम्ममा आवमा बैंक तथा फाइनान्सहरूले कुल ६४ खर्ब ४६ अर्ब ८२ करोड २६ लाख रूपैयाँ निक्षेप संकलन गर्दा मुद्दती निक्षेपको अंश ५७ दशमलव १५ प्रतिशत रहेको थियो ।

चालू आवको साउन महिनामा बैंकिङ क्षेत्रको कुल निक्षेपमा मुद्दती, बचत, चल्ती र कल डिपोजिटको अंश क्रमशः ४८ दशमलव १४, ३७ दशमलव ३७, पाँच दशमलव ७१ र आठ दशमलव १२ प्रतिशत रहेको छ । गत आवको सोही अवधिमा यस्तो निक्षेपको अंश क्रमशः ५७ दशमलव १५, ३० दशमलव १५, पाँच दशमलव १३ र छ दशमलव ८७ प्रतिशत रहेको थियो । यस अवधिमा वाणिज्य बैंकहरूले मात्र

➢ बाँकी पृष्ठ २ मा

## तत्कालका लागि १५ मिनेटको औसत गणना स्थगित

काठमाडौं, असोज ४ । नेपाल धितोपत्र बोर्डले तत्कालका लागि १५ मिनेटको औसत गणना स्थगित गरेको छ । बोर्डको शनिवार बसेको सञ्चालक समितिको बैठकले १५ मिनेटको औसत गणना गर्ने विधिलाई तत्कालका लागि स्थगन गर्ने निर्णय गरेको हो । बोर्डका अनुसार लगानीकर्ताको तीव्र दबाब थेग्न नसेपछि यसलाई स्थगन गरिएको हो ।

बोर्डका अनुसार शनिबार बैठक हुनुअघि बोर्ड परिसरमा जम्मा लगानीकर्ताहरूले नाराबाजी

➢ बाँकी पृष्ठ २ मा

## अर्थमन्त्री खनालको चासो र प्राथमिकतामा चौधरीको सम्पत्ति

■ आर्थिक संवाददाता
काठमाडौं, असोज ४

हालैको जेन-जी आन्दोलनको क्रममा आगजानी भएका सम्पत्तिहरूको निरीक्षण गर्ने सन्दर्भमा अर्थमन्त्री रामेश्वर खनालको चासो र प्राथमिकतामा विवादस्पद अर्बपति विनोद चौधरीको सम्पत्ति परेको छ ।

शनिबार यही मेसोमा आगजनीबाट भएको क्षतिको निरीक्षण गर्न उनी काठमाडौंको



सतुङ्गलस्थित चौधरी ग्रुपको सिजी डिजिटल पार्क अवलोकन गर्न पुगेका हुन् । खनाल यसअघि भरतमोहन अधिकारी अर्थमन्त्री हुँदा अर्थसचिव थिए ।

➢ बाँकी पृष्ठ २ मा

## प्रधानमन्त्रीलाई सघाउन विज्ञ टिम बनाइँदै

काठमाडौं, असोज ४ । जेन-जी प्रदर्शनपछि सुशीला कार्कीको नेतृत्वमा गठन भएको अन्तरिम सरकारलाई सघाउन प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा विज्ञ टोली बनाइने भएको छ ।

प्रधानमन्त्री कार्कीलाई सघाउन मन्त्रिपरिषद् कार्यालयमै

➢ बाँकी पृष्ठ २ मा

## कर्जाको ब्याज अनुदानका लागि करिब १० अर्ब निकासा

काठमाडौं, असोज ४ । सरकारले सहुलियतपूर्ण कर्जाको ब्याज अनुदानका लागि करिब १० अर्ब निकासा गरेको छ ।

सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदानसम्बन्धी एकीकृत कार्यविधि, २०८२ बमोजिम चालू आर्थिक वर्षका लागि आज नौ

➢ बाँकी पृष्ठ २ मा

## हमासको 'विदाइ तस्बिर'मा विपिन जोशी पनि



■ आर्थिक संवाददाता
काठमाडौं, असोज ४

इजरायलसँग युद्धरत प्यालेस्टाइनको हमासले ४८ बन्दीको तस्बिर सार्वजनिक गरेको छ । विदाइ तस्बिर भन्दै सार्वजनिक गरिएको सूचीमा नेपालमा विपिन जोशी समेत छन् ।

हमासको सशस्त्र शाखा क्वसम ब्रिगेडले शनिबार अनलाइनमा ४८ जनाको फोटो सार्वजनिक गरेको अल जजिराले जनाएको छ । त्यसमा मृतक र जीवित दुवैखाले बन्दी रहेको बताइएको छ । सबै तस्बिरको तल 'रन अराड' उल्लेख छ । रन

➢ बाँकी पृष्ठ २ मा

## सिंहदरबारमा धमाधम मर्मत र रङरोगन

काठमाडौँ, असोज ४ । जेन-जी प्रदर्शनका क्रममा तोडफोड, लुटपाट र आगजनीबाट खण्डहरजस्तै बनेको सिंहदरबारलाई पुरानै चमक दिलाउन धमाधम मर्मतसम्भार र रङरोगन गरिएको छ । जेन-जी प्रदर्शनपछि सुनसान र खण्डहरजस्तै बनेको राजनीतिक र प्रशासनिक केन्द्र सिंहदरबारमा मर्मत र रङरोगनले चहलपहल बढेको छ ।

आगोले जलेका संरचना र धुवाँले कालो बनेका मन्त्रालयका भित्तामा पानीले पखाली रङरोगन सुरू गरिएको छ । साथै, सिंहदरबारभित्र जलेर झ्याल, ढोका र फर्निचर मर्मत पनि सँगसँगै चलेको छ । आगजनीमा परी क्षतिग्रस्त करिब एक हजार सवारीसाधन

➢ बाँकी पृष्ठ २ मा

## प्रधानमन्त्रीज्यू ! जनताले खोजेको असाधारण काम हो, साधारण होइन

४६ सालको आन्दोलनपछि बनेको संविधानले वेस्टमिनिस्टर प्रणालीको लोकतन्त्र ल्याइदियो । त्यो नै ठूलो गल्ती थियो । भारतमा अपनाएको उक्त प्रणालीबारे बहस हुँदा ४०/५० वर्ष पहिले नै केही राजनीति शास्त्रीहरूले वेस्टमिनिस्टर प्रणाली भनेको सबल राजनीतिक परम्परा, अनुशासित पार्टीहरू र परिपक्व संस्थाहरू भएका विकसित मुलुकहरूमा मात्र फलिफाप हुन्छ र भारतमा असफल भइसक्यो भन्ने भनाइ आएको थियो ।

नेपालमा पनि गत ३६ वर्षको समृद्धिको रफ्तारलाई दृष्टिगत गर्दा वर्तमान संविधानले व्यवस्था गरेको वेस्टमिनिस्टर प्रणालीमा आधारित राज्यसत्ता सञ्चालन असफल हुन गएको



प्रमाणित भइसकेको छ । यही असफलताको कारण २३/२४ भाद्रको अत्यन्तै दुःखद् घटना घटेको हो । त्यही दुःखद् घटनाको उपज अन्तरिम सरकारको गठन हो । तर, 'अन्तरिम' भन्दैमा यो सरकार साधारण कामहरू गर्नका लागि गठन गरिएको सरकार कदापि होइन ।

त्यत्रो विभत्स घटनापछि आएको सरकारको प्रमुख काम ४६ सालपछि गरिएका दुई दर्जन निर्वाचनजस्तै फागुन २१ गते अर्को एक निर्वाचन गराउन र भ्रष्टाचार नियन्त्रणमा अलिक जोड दिन अख्तियार प्रमुख र

**फरक मत**

चारजना आयुक्तहरू फेर्नेजस्तो साधारण काम मात्र हो भन्नु २३/२४ को सहिदहरूको अपमान गरेको ठहर्छ । जनताले खोजेको असाधारण कामहरू हुन ।

संविधानसभाले स्वीकृत गरेको वर्तमान संविधानमा केही संशोधन गर्नु नै जनताको अपमान ठहर्छ भनेर भावुक हुने समय छैन अहिले । जनताको चिन्ता समृद्धिमा छ, संविधानसभाको म्यान्डेट पनि वेस्टमिनिस्टर प्रणालीमा नै जाने भएको कारण जनताले ३६ वर्षको 'कुशासन' व्यहोर्न बाध्य भएको हो । फागुन २१ पछिको संसद्को दुईतिहाइ मतले वेस्टमिनिस्टर प्रणालीलाई विस्थापित गर्छ, हामीले किन टाउको दुखाउने भनेर अहिलेको मन्त्रिपरिषद् पन्छिनु महाभूल हुनेछ । किनकि चुनावपछि आउने संसद्ले 'संविधानसभाको म्यान्डेटलाई कुल्चने' आँट गर्ला भनेर कुनै ग्यारेन्टी छैन ।

अन्तरिम सरकारको प्रमुख कामहरू के-के हुनुपर्छ भनेर अड्कलबाजीहरू त भइरहेकै छन् । जेन-जी आन्दोलनको एक प्रमुख माग भ्रष्टाचार र

➢ बाँकी पृष्ठ २ मा

इ-पेपर हेर्नको लागि

## देशभरका...

सडकखण्ड पनि पहिरोको कारण अवरूद्ध छ ।

नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता तथा प्रहरी नायब महानिरीक्षक विनोद घिमिरेले संखुवासभामा कोशी सडक आयोजनाको लेगुवाघाट-तुम्लिङ्टार-खाँदबारी खण्ड पनि अवरूद्ध रहेको जानकारी दिए । ताप्लेजुङको मेलघाट दोभान सडकखण्ड, रूकुम पश्चिमको भेरी करिडोर, रोल्पाको सहिद मार्ग सडक आयोजनामा निरन्तरको वर्षा र पहिरोका कारण सडक बन्द भएको छ । सुर्खेत, सत्तुवासभा, सिन्धुपाल्चोक, म्याग्दी, बैतडी, अर्घाखाँची, ओखलढुङ्गा, चितवनका विभिन्न सडकखण्ड पहिरोको कारण अवरूद्ध छन् ।

शुक्रबारदेखि निरन्तर खसेको पहिरोको कारण शनिबार पनि मुग्लिन- नारायणगढ सडकखण्डमा दुईतर्फी आवागमन अवरूद्ध छ । चितवनको इच्छाकामना गाउँपालिकाको तुइन खोलामा शुक्रबारदेखि निरन्तर पहिरो खसेको जिल्ला ट्राफिक प्रहरी कार्यालय चितवनले जनाएको छ ।

प्रहरीका अनुसार शनिबार दिउँसो पहिरो खस्न कम भएसँगै पहिरो हटाउने काम भएको हो । मुग्लिनबाट करिब दुई किलोमिटर नारायणगढतर्फ इच्छाकामना गाउँपालिकाको तुइन खोला भन्ने स्थानमा माथिबाट ठूलो पहिरो खसेको हो । सडक अवरूद्ध भएसँगै शुक्रबार रातिदेखि नै यात्रुहरु बाटोमै अलपत्र परेका छन् । राजमार्गको दुवैतर्फ सवारीसाधनको लामो लाइन लागेको छ ।

शनिबार मन्त्रालयमा भएको बैठकमा सचिव, यातायात व्यवस्था विभागका महानिर्देशक, सडक विभागका महानिर्देशक, नेपाल प्रहरी तथा नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घका पदाधिकारी सहभागी थिए ।

## युनिटीको...

पारिएको युनिटी इन्टरनेसनल अस्पतालको साइन बोर्ड निकालेर ग्रिन सिटी अस्पतालको बोर्ड टाँसेर युनिटीको सम्पत्ति कब्जा गरी आफ्नो बनाएका थिए । काशीराम गुरूङले युनिटी नामको नेटवर्किङ कम्पनी खोल्ने थाहा पाएपछि त्यसमा विष्णु क्षेत्रीमार्फत जोडिएका टण्डन त्यसअघि नेपाल प्रहरीको भगौडा सिपाही थिए । युनिटीका सञ्चालकले बाहुबली भनेर उनलाई आफ्नो कम्पनीमा महत्वपूर्ण भूमिका दिएका थिए ।

केही वर्षअघिको कोरोनाकालमा बिरामी भएर मेडिसिटी भर्ना भएका उनै विष्णु क्षेत्रीलाई उसैको नाममा ठगेको ग्रिन सिटी अस्पताल भर्ना गरेर उपचारको प्रक्रिया सुरू गर्दा टाउको फुटेको अवस्थामा क्षेत्रीको निधन भएको थियो । युनिटीको ठगीकाण्ड पर्दाफास भएपछिको कारबाहीका क्रममा काशीराम गुरूङ विष्णु क्षेत्रीहरूसँग टण्डन पनि परेका थिए । तर अदालतले डामेर छाडेपछि उनी फुक्काफाल बन्दै गरेका थिए र युनिटी अस्पतालको सम्पत्ति हाकाहाकी लुटेर आफ्नो बनाएका थिए ।

कांग्रेस नेता चन्द्र भण्डारी र एमाले नेता प्रदीप ज्ञवालीको संरक्षणमा साँढे पल्टिँदै गएका टण्डनको चुरीफुरी पछिल्लो समय छोइनसक्नु भएको थियो । जेन-जी युवा विद्यार्थीको आन्दोलनका क्रममा उनै टण्डनलाई प्रदर्शनकारीहरूले नियन्त्रणमा लिएर रामधुलाइ गरेको हुन् र बल्लबल्ल ज्यान जोगाउन सफल भएका हुन् ।

चार अर्ब रूपैयाँभन्दा बढीको युनिटीको आम ठगीकाण्डमा प्रसाद भनिने काशीराम गुरूङ, विष्णु क्षेत्री, कृष्ण क्षेत्री, भीम गुरूङ इन्द्र विक, नेत्रराज वंशी, महेन्द्र केही, एलबी टण्डन, शिशिर योगी, कालु गुरूङ, विश्वनाथ गौतम एक सय १२ जनाले आम नागरिककै सम्पत्ति संगठितरूपमा ठगेका थिए । उनीहरूले तीन लाख ८६ हजार सात सय १० जनालाई विभिन्न कम्पनी र संस्थामार्फत ठगेका थिए । उनीहरूले सपिङ सेन्टर ट्राभल, रियल स्टेट, डिपार्ट मेन्टर स्टोर, विज्ञापन एजेन्सी, डेरी उद्योग, हाइड्रोपावर कपन्नीसँगै अस्पतालको नाममा जनतासँग पैसा असुलेर ठगेका थिए र टण्डनले युनिटी अस्पताल र यति स्वास्थ्य विज्ञान प्रतिष्ठान हेर्ने गरेका थिए ।

युनिटी चलुन्जेल त्यसैका नाममा ब्रह्मलुट मच्चाएका टण्डनले युनिटी खरेज भएपछि ती दुवै संस्थानमा अर्कै साइनबोर्ड टाँसेर आफ्नो निजी सम्पत्ति बनाएका थिए । जिल्ला अदालतबाट सुरू भएको मुद्दा तहगत अदालत पार गर्दै सर्वोच्च अदालत पार गर्दै किनारा लाग्यो र लामो समयपछि त्यसको पूर्णपाठ पनि आयो । युनिटीका धेरैजसो ठगहरूविरूद्ध मुद्दा नै चलेन, अहिले पनि युनिटीको सम्पत्तिमा रजाइँ गर्ने भुईँफुट्टाहरू काठमाडौंमा जतात्यतै भेटिन्छन् । तर जसलाई कारबाही थालिएको थियो, तीमध्ये अधिकांशले अदालतबाटै सफाइ पाए । तीमध्येका एक थिए उनी । अहिले जेन-जी आन्दोलनमा प्रदर्शनकारीले रामधुलाइ गरेका एलबी टण्डन प्रदर्शनकारीहरूले अर्थमन्त्री विष्णु पौडेल भाग्यो, भन्दै आफूमाथि आक्रमण गरेको कुरा स्वीकारेका छन् । आन्दोलनका घाइतेहरू अमि ढुम्रे र लक्ष्मण कँडेललाई आफ्नो अस्पतालमा उपचार सम्भव नभएपछि मनमोहन हस्पिटलमा पुऱ्याएर फर्किँदा आफूमाथि आक्रमण भएको बताएका छन् । सामाजिक सञ्जालमा अर्थमन्त्री पौडेल कुटिएको भनी भाइरल भएको भिडियो आफ्नै भएको पनि उनले स्वीकारेका छन् ।

## बैंकिङ...

कुल ६४ खर्ब ८६ अर्ब ४३ करोड ६० लाख रूपैयाँ निक्षेप संकलन गरेकोमा मुद्दती, बचत, चल्ती र कल निक्षेपको अनुपात क्रमशः ४७ दशमलव ७८, ३७ दशमलव ३०, छ दशमलव १५ र आठ दशमलव चार प्रतिशत रहेको छ ।

गत आवको सोही अवधिमा वाणिज्य बैंकहरूले कल ५७ खर्ब १८ अर्ब १८ करोड ७० लाख रूपैयाँ निक्षेप संकलन गर्दा मुद्दती, बचत, चल्ती र कल निक्षेपको अंश क्रमशः ५६ दशमलव ४१, ३० दशमलव ४२, पाँच दशमलव ५८ र छ दशमलव ८२ प्रतिशत रहेको थियो ।

साउन मसान्तसम्म विकास बैंकहरूले कुल छ खर्ब २३ अर्ब छ करोड रूपैयाँ निक्षेप संकलन गर्दा मुद्दती, बचत, चल्ती र कल निक्षेपको अंश क्रमशः ४८ दशमलव २२, ४० दशमलव ९२, दुई दशमलव शून्य आठ र आठ दशमलव ६५ प्रतिशत रहेको छ । गत आवको सोही अवधिमा विकास बैंकहरूले कुल पाँच खर्ब ९८ अर्ब ७४ करोड ७० लाख रूपैयाँ निक्षेप संकलन गर्दा मुद्दती, बचत, चल्ती र कल निक्षेपको अंश क्रमशः ६१ दशमलव शून्य नौ, २९ दशमलव ८६, एक दशमलव ६६ र सात दशमलव ३५ प्रतिशत रहेको थियो ।

राष्ट्र बैंकका अनुसार साउनसम्म फाइनान्स कम्पनीहरूले भने कुल एक खर्ब ३१ अर्ब ७३ करोड ४० लाख रूपैयाँ निक्षेप संकलन गर्दा मुद्दती, बचत, चल्ती र कल निक्षेपको अंश क्रमशः ६५ दशमलव २९, २३ दशमलव ९८, एक दशमलव १४ र नौ दशमलव ५३ प्रतिशत रहेको छ । गत आवको सोही अवधिमा भने फाइनान्स कम्पनीहरूले कुल एक खर्ब २९ अर्ब ८९ करोड ३० लाख रूपैयाँ निक्षेप संकलन गर्दा मुद्दती, बचत, चल्ती र कल निक्षेपको अंश क्रमशः ७१ दशमलव ३५, १९ दशमलव ६८, एक दशमलव २२ र छ दशमलव ८८ प्रतिशत रहेको थियो ।

## प्रधानमन्त्रीलाई...

रहने गरी विज्ञ टोली बनाइनलागेको हो । टोलीमा अजयभद्र खनाल, गोविन्दनारायण तिमिल्सिनालगायत रहने बताइएको छ । टोलीमा अरू को को रहने टुंगिन बाँकी छ ।

हाल सरकारमा तीन जना मात्रै मन्त्री बनेका छन् । अर्थमन्त्री रामेश्वर खनाल, गृहसहित कानुन न्याय तथा संसदीय मामिलामन्त्री ओमप्रकाश अर्याल र ऊर्जा जलस्रोत तथा सिँचाइसहित भौतिक पूर्वाधार र सहरी विकासमन्त्रीमा कुलमान घिसिङ छन् । बाँकी मन्त्रालय सबै कार्कीले नै हेरिरहेकी छिन् ।

## अर्थमन्त्री...

त्यतिबेला बजेट भाषणको अघिल्लो दिन बजेट चौधरीलाई लिक गराएर चर्चामा आएका थिए । अर्थसचिव हुँदादेखि नै अर्थमन्त्री खनाल चौधरीको खास मानिसको रूपमा चिनिँदै आएका छन् । उनी सीजी डिजिटल पार्क अवलोकन गर्न पुग्दा स्वयम् चौधरीचाहिँ त्यहाँ उपस्थित थिएनन् र चौधरीका कामदारहरूले अर्थमन्त्री खनाललाई घटनाको ब्रिफिङ गरेका थिए ।

त्यसले पनि अर्थमन्त्री खनाल र चौधरीको हैसियतको तुलना हुन थालेको छ । आगजनीबाट भएको क्षतिको अति मूल्याङ्कन गराएर बीमा दाबीको लागि सजिलो उपाए बनाउन अर्थमन्त्री खनाल चौधरीको निर्देशनमा त्यहाँ निरीक्षण गर्न पुगेको बताइएको छ ।

## तत्कालको...

गर्दै औसत गणना विधिलाई स्थगन गर्न दबाब दिएका थिए । सोही दबाब थेग्न नसकेर गणना विधिलाई स्थगन गरिएको र आइतबार (असोज ५ गते) देखि पूर्ववतरूपमा १५ मिनेटको औसत गणना नहुने गरी कारोबार हुने बोर्डले जानकारी दिएको छ ।

## कर्जाको...

अर्ब ८० करोड निकासा गरेको अर्थ मन्त्रालयले जनाएको छ ।

'चालू आर्थिक वर्षको स्वीकृत वार्षिक कार्यक्रममा सहुलियतपूर्ण कर्जा ब्याज अनुदान प्रयोजनका लागि दोस्रो त्रैमासिक अवधिमा विनियोजन रकमलाई कार्यक्रम संशोधनमार्फत प्रथम त्रैमासिक कायम गरी विगत सातवटा त्रैमासिकमा उपलब्ध गराइएको कर्जाको ब्याज अनुदान नेपाल राष्ट्र बैंकलाई शोधभर्ना उपलब्ध गराउन मन्त्रिस्तरीय निर्णय भएको छ", अर्थ मन्त्रालयका सहसचिव एवम् प्रवक्ता टङ्कप्रसाद पाण्डेद्वारा जारी विज्ञप्तिमा भनिएको छ ।

## हमासको...

अराड सन् १९८६ मा लेबनानमा बेपत्ता भएका इजरायली वायुरक्षा बलका क्याप्टेन हुन् । जसलाई मारिएको बताइए पनि प्रमाण भने फेला परेको छैन ।

हमासले सार्वजनिक गरेको तस्बिरमा लेखिएको छ, 'नेतान्याहुको अस्वीकार र जामिरको समर्पणका कारण गाजा सहरमा सैन्य अपरेसन सुरू भएसँगै एउटा विदाइ तस्बिर ।' इजरायली प्रधानमन्त्री नेतान्याहुले हमाससँगको सम्झौता बारम्बार अस्वीकार गरिरहेका छन् भने इजरायलले गाजामा आक्रमण जारी राखेको छ । यसैलाई हमासले विदाइ तस्बिरको क्याप्सनसँग जोड्न खोजेको बुझिन्छ ।

इजरायली अधिकारीहरूले २० जना बन्दी अझै गाजामा जीवितै रहेको उल्लेख गरेका छन् । जबकि अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले त्योभन्दा पनि कम संख्यामा जीवित बन्दी रहेको संकेत गरिसकेका छन् । दुवै नेताहरूले जीवित र मृतक सबै बन्दीलाई हमासको पञ्जाबाट छुटाउने जिकिर गर्दै आएका छन् ।

हमासले इजरायलले आक्रमण जारी राखे बन्दीहरूको जीवन जोखिममा पार्ने चेतावनी दिँदै आएको छ । यही महिनाको सुरूतिर हमासले दुई इजरायली बन्दीको भिडिओ सार्वजनिक गरेको थियो । प्यालेस्टिनी स्वास्थ्य मन्त्रालयले इजरायली आक्रमणबाट हालसम्म कम्तीमा ६५ हजार दुई सय आठ जनाको मृत्यु र एक लाख ६६ हजार दुई सय ७१ जना घाइते भएको उल्लेख गरेको छ । २०२३ अक्टोबरमा हमासले आक्रमण गरेको बदलामा इजरायलले प्यालेस्टाइनमाथि व्यापक कारबाही थालेको थियो ।

हमासको आक्रमणमा १० नेपालीको मृत्यु भएको थियो भने विपिन जोशी सोही समयदेखि बन्धक बनेका छन् । नेपालले जोशीको रिहाइका लागि अन्तर्राष्ट्रिय समुदायहरूसँग कूटनीतिक प्रयास गर्दै आएको छ ।

## प्रधानमन्त्रीज्यू ! ..

अनियमितताको अन्त हो । यो काम फत्ते गर्न विसं २०४८ सालमा जारी गरेको अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐनमा केही संशोधन नगरिकन सम्भव हुँदैन । ऐन संशोधन एक असाधारण काम हो, जुन अध्यादेशबाट मात्र गर्न सक्छ । त्यसैगरी, संविधानमा कुनै संशोधन नगरिकन फागुन २१ को चुनावबाट आउने सरकार र विगतका झन्डै तीन दर्जन सरकारबीच कुनै तात्विक भिन्नता नहुने पनि जगजाहेरै छ । किनकि, प्रमुख पार्टीहरूले आ-आफ्नो आन्तरिक मामिलामा निर्वाचनअघि परिवर्तन गर्ने संकेत आजको दिनसम्म देखिएको छैन । त्यसैले संविधान संशोधन गरी वेस्टमिनिस्टर प्रणालीबाट बाहिरेर मात्र फागुन २१ गतेको निर्वाचनबाट आउने कार्यपालिका र व्यवस्थापिकाको 'गुणस्तर'मा तात्विक भिन्नता ल्याउन सक्छ ।

ऐन र संविधान संशोधन गर्न यो अन्तरिम सरकारलाई म्यान्डेट छ कि छैन भन्ने बहसमा वरिष्ठ अधिवक्ताहरूको बिल्कुल विपरीत राय सार्वजनिक भइरहेको हुँदा अहिलेको मन्त्रिपरिषद्ले सजिलो र साधारण काम मात्र हामीलाई म्यान्डेट छ संविधान संशोधन गर्ने होइन भनेर उम्कन पाउने अवस्था छैन । यो अन्तरिम सरकार गठन गर्दा संविधानको धारा ६१ को उपधारा (४) को प्रयोग भनेको नै संविधानको ठाडो उल्लङ्घन हो । धारा ६१ को उपधारा (४) मा एक वाक्यमा मात्र उल्लेख छ- 'संविधानको पालन र संरक्षण गर्नु राष्ट्रपतिको प्रमुख कर्तव्य हुनेछ ।' जबकि प्रधानमन्त्री नियुक्त गर्ने व्यवस्था संविधानमा दशवटा उपधाराहरू भएको एक पानाको धारा ७६ मा उल्लेख गरिएको छ । भाद्र २३/२४ गतेको घटनाको कारण राष्ट्रपतिले यसरी संविधान उल्लङ्घन गरिसकेको हुँदा अन्तरिम सरकारले पनि राष्ट्रहितको लागि चुनावपछि आउने संसद्लाई सहज तुल्याउन केही साहसिलो निर्णय गरेर इतिहास रच्ने काम गर्न हिच्किचाउनु भएन ।

यसरी भाद्र २३/२४ गतेको घटनाको कारण संविधान उल्लङ्घन गरिसकेपछि उही आन्दोलनकारीहरूको माग पूर्ति गर्न झन् उन्नत र अग्रगामी लोकतन्त्र ठहर्ने प्रत्यक्ष निर्वाचित प्रधानमन्त्रीको प्रावधान राखेर संविधान संशोधन गर्न मिल्दैन भन्नु पटक्कै तर्कसंगत देखिँदैन । यसका अतिरिक्त, वर्षौं पहिलेदेखि केही ठूला र साना पार्टीहरूले यो प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुखको वकालत गर्दै आएको भएकाले सडकबाट खासै ठूलो विरोध आउने सम्भावना छैन । वास्तवमा तीन करोड जनता भएको मुलुकमा २५/३० हजार मतदाता भएको एक निर्वाचन क्षेत्रमा १०/१२ हजार मत पाउने एक सांसदलाई पनि जनताले छानेको प्रधानमन्त्री भनेर मान्नुपर्ने संविधान ठीकै छ भनेर बस्नु हास्यास्पद कुरो हो ।

वर्तमान प्रधानमन्त्रीलाई एक ठूलो अवसर आएकै हो। प्रधानमन्त्रीको कुर्सी एकसुनौलो अवसर त हो नै। कुनै हालतमा पनि यो अवसर देश हितमा प्रयोग गर्नु पर्यो। तीन करोड जनतालाई भलाई हुने धर्मको काममा कानूनी र राजनीतिक बाधा अडकचनहरूलाई बेवास्ता गरेर अघि बढ्ने आँट गर्नै पर्छ। केही नेतृत्वको विशेषताहरूउनले प्रयोग गर्नैपर्ने हुन्छ ।

एक विश्वप्रख्यात नेतृत्वविज्ञको भनाइअनुसार सफल नेता हुन अन्य धेरै नेतृत्व औजारको प्रयोगसँगै आवश्यक परेमा अति कडा हुनुपर्नेहुन्छ र कहिलेकाहीँ शक्ति (कुर्सी)को नाङ्गो प्रयोग पनि गर्नुपर्ने हुन्छ । गत ३६ वर्षको राज्यसत्तासञ्चालन, राष्ट्रिय राजनीति तथा पार्टी-पार्टीबीचकोद्वन्द्व र पार्टीभित्रको फोहोरी खेलहरूसँग जनता वाक्कदिक्क भइसकेका छन् ।जनता अझै केही चमत्कार होला कि भनेर धैर्य गरेर बसिरहेको अवस्था छ ।अन्तरिम प्रधानमन्त्रीलाई चमत्कार गरेर देखाउने अवसर प्राप्त भएकै हो। चमत्कार गरेर देखाउन उच्चकोटीको नेतृत्व गुण आवश्क छ, शक्तिको नाङ्गो प्रयोग अपरिहार्य छ । उच्चस्तरको आँट र साहस अनिवार्य छ ।

## सिंहदरबारमा...

पन्छ्याउने र व्यवस्थापन पनि सोही गतिमा चलेको देखिन्छ ।

तोडफोड भएका झ्यालढोका मर्मतसम्भार गर्ने, टेबुल, कुर्सी, सोफालगायतका फर्निचर जलेर खरानी भएकाले ती फोहर हटाउन श्रमिकहरू तल्लीन भएको देखिन्छ । जेन-जी प्रदर्शनपछि उत्पन्न विषम परिस्थितिमा प्रधानमन्त्री सुशीला कार्की नेतृत्वको वर्तमान सरकारले सिंहदरबारको मर्मतसम्भार र पुनःनिर्माणलाई प्राथमिकता दिँदै काम अगाडि बढाउने निर्णयबमोजिम सो कार्य अघि बढाइएको हो ।


### हकदावीको सूचना

कोशी प्रदेश, ओखलढुङ्गा जिल्ला ,लिखु गाँउपालिका, वडा नं.९ मा बस्ने श्री केशव बहादुर सुनुवारको नातीनी मनोज कुमार सुनुवारको छोरी, श्रीमती मेरी सुनुवारको मिति २०८२/०४/०८ गतेका दिन मृत्यु भएकोले निजको नाममा त्यस बैंकमा रहेको बचत खाता नं. ०९६०५३९०००४६६४ मा भएको सम्पूर्ण रकम उपलब्ध गराई पाउँ भनी निजको श्रीमान दिपक सुनुवारले आवश्यक कागजात सहित यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप उपर निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र सबुद प्रमाण सहित दावी गर्न आउनु हुन बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ। अन्यथा माग दावी बमोजिम भई जान व्यहोरा यसै सूचनाद्वारा सूचित गरिन्छ।

NIMB | शाखा कार्यालय, जावलाखेल, ललितपुर
फोन नं:- ५४५४५०६

### बीमालेख हरायो

हेम्जा-९ कास्की बस्ने जन्म मिति २०३६/०५/०८, नाप्रनं. १०९७२२ जारी मिति २०५७/०७/१८ कास्की र एसियन लाइफ इन्स्योरेन्स बीमा पोलिसी नं. ६५१००००५८०१ उल्लेख भएको मेरो बीमा पोलिसी डकुमेन्ट (कागजात) पोखरा पृथ्वीचोकदेखि हेम्जा जाँदा बाटोमा हराएको हुँदा पाउनु हुने महानुभावहरूले नजिककैको प्रहरी चौकीमा वा मोनं. ९८०६५८४६९० मा खबर गरिदिनु हुन हार्दिक अनुरोध गर्दछु ।

दुर्गादेवी आचार्य, हेम्जा

### कम्पनीको नाम परिवर्तन गरिएको सूचना !

तेस्रो पटक प्रकाशित मिति : २०८२।०६।५

यस कम्पनीको मिति २०८२।०१।१० मा सम्पन्न वार्षिक/विशेष साधारणसभाको निर्णयानुसार साविकको कम्पनी **श्री एस.आर.एण्ड आई. भेन्चर, दर्ता नं. २३९६०९** को नाममा रहेको सम्पूर्ण चल-अचल सम्पत्ति तथा तिर्नु-व्यहोर्नुपर्ने कर, दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८२।०१।१५ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **श्री सिताराम भेन्चर्स** कायम गरिएको जानकारी गराइन्छ।

### अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

**यस फर्म/कम्पनी Balajee NP Pvt. Ltd. ले पैठारी गरेको देहायको मालवस्तुको अधिकतम खुद्रा बिक्री मूल्य निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

**तपसिल**

| S.No. | Description of Goods | Brand | Model No. | Capacity | Country of Origin | Units | Per Unit Price | MRP |
|---|---|---|---|---|---|---|---|---|
| 1 | REFRIGERATOR | BALTRA | BRF100SDHS | 100 Ltr | INDIA | Pcs | 25,575.00 | 25,575.00 |
| 2 | REFRIGERATOR | BALTRA | BRF170SDHS | 170 Ltr | INDIA | Pcs | 32,575.00 | 32,575.00 |
| 3 | REFRIGERATOR | BALTRA | BRF170SDBF-RM | 170 Ltr | INDIA | Pcs | 33,225.00 | 33,225.00 |
| 4 | REFRIGERATOR | BALTRA | BRF185SDBF-RM | 185 Ltr | INDIA | Pcs | 34,575.00 | 34,575.00 |
| 5 | REFRIGERATOR | BALTRA | BRF195SDWF-RM | 195 Ltr | INDIA | Pcs | 36,575.00 | 36,575.00 |

बिक्रेता फर्मको नाम: Balajee NP Pvt. Ltd. — स्थायी लेखा नं.: ६००६६७७८०
ठेगाना: सीतापाईला, नागार्जुन नगरपालिका, काठमाडौं, नेपाल — फोन नं.: ९८०१२००५०१

### Invitation for Sealed Quotations for Procurement of Comprehensive Insurance Policy

**Contract Identification No : MBJCL/MBKHEP/CINS/2082/83-01**
**Date of Publication : 2082.06.05 (September 21, 2025)**

1. **Madhya Bhotekoshi Jalavidyut Company Limited (MBJCL)** invites sealed quotations from eligible and registered Non-Life Insurance Companies in Nepal for the procurement of a Comprehensive Insurance Policy for its 102 MW Middle Bhotekoshi Hydroelectric Project (MBKHEP), located in Sindhupalchok District, Nepal. The policy shall cover the operational phase of the project for a period of one year.
2. The scope of insurance services includes, but is not limited to:
   - Policy A: Property All Risks (PAR) including Project Infrastructures, Assets & Transmission Line
   - Policy B: Machinery Breakdown (MB)
   - Policy C: Business Interruption (Loss of Revenue, LOR)
   - Policy D: Public Liability (Third Party Liability, TPL)
   - Policy E: Group Personal Accident (GPA) and Group Medical Insurance Policy (GMIP) for Employees.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of MBJCL, Maharajgunj, Kathmandu, Nepal, during office hours.
4. A complete set of Bidding Documents may be purchased by interested Bidders by depositing the cost of bidding document amounting a non-refundable sum of **NRs. 5,000.00 (Five Thousand Only)** in the Bank detail, as follows:
   **Bank: Everest Bank Limited, Newroad, Kathmandu**
   **Account Name: Madhya Bhotekoshi Jalavidyut Company Limited**
   **Account Number: 00200105200313**
5. Sealed Bids must be submitted to the office of MBJCL, Maharajgunj, Kathmandu, on or before **12:00 PM on 2082.06.21 (October 7, 2025).** Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend **at 2:00 PM on 2082.06.21 (October 7, 2025)** at the office of MBJCL. Bids must be valid for a period of 90 days after the date of bid opening.
7. The Bidder is required to furnish a Bid Security equivalent to two percent (2%) to three percent (3%) of the total quoted/proposed price inclusive of stamp duty and VAT, obtained as a bank guarantee from a Commercial Bank in Nepal, which shall be valid for at least 30 days beyond the bid validity period i.e. 120 days from the date of bid opening.
8. If the last date of submission falls on a government holiday, then the next working day shall be considered as the last day. In such a case the bid validity and bid security validity shall remain the same as specified for the original last date of bid submission.
9. MBJCL reserves the right to accept or reject, wholly or partly, any or all the bids without assigning any reason whatsoever.

MBK JCL ESTD. 2010 मध्य भोटेकोशी जलविद्युत कम्पनी लिमिटेड
**Madhya Bhotekoshi Jalavidyut Company Limited.**
**Corporate Office: Maharajgunj, Kathmandu**
**Tel. 01-4721641/42, Fax. 01-4721643**
**Email: admin@mbjcl.com.np, Website: www.mbjcl.com.np**

### कलैया उपमहानगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
**मधेश प्रदेश, बारा, कलैया**

### आन्तरिक आय ठेक्का लगाउने बारेको सूचना

चौथो पटक प्रकाशित गरिएको सूचना मिति: २०८२।०६।५

यस उपमहानगरपालिकाले गत विगत वर्षहरुमा आय संकलनको लागि ठेक्का लगाउँदै आए अनुसार देहायका शिर्षकहरुमा ठेक्काबाट कर शिर्षकमा उठाउन को लागि ठेक्का बन्दोबस्त गर्नुपरेकोले तपशिलको शर्तहरुको अधिनमा रहने गरी भ्याटमा दर्ता भएका इच्छुक फर्म वा कम्पनीहरुले १५ दिन भित्र बोलपत्र खरिद गर्न यो सूचना प्रकाशित गरिएको छ।

**तपशिल**

| ठेक्का नं. | ठेक्का शिर्षक | ठेक्का अवधि | वार्षिक न्यूनतम अंक रु. (भ्याट बाहेक) | बोलपत्र फाराम दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|---|
| १/०८२।०८३ | बातावरण संरक्षण कर तथा कवाडी कर | २०८२।०८३ | १२३१२०००। | ३०००। | १५ दिने |
| २/०८२।०८३ | कलैया–२ को माछा पोखरी | ०८२।०८३ देखि ०८६।०८७ सम्म | २४७५००। | १०००। | १५ दिने |

**अन्य शर्तहरु**

१) बोलपत्रदाताले खामको बाहिरपटी ठेक्काको नम्बर, नाम र कलैया उ.म.न.पा., बारा भनी प्रष्ट लेख्नुपर्नेछ।
२) बोलपत्र खरिद गर्ने मिति २०८२।०६।१९ गते सम्म, कार्यालय समय भित्र।
३) बोलपत्र दर्ता गर्ने मिति २०८२।०६।२० गते दिनको १२ :०० बजे सम्म।
४) बोलपत्र खोल्ने मिति २०८२।०६।२० गते दिनको २ :०० बजे। बोलपत्र खोलिने मिति र समयमा बोलपत्रदाताहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।
५) बोलपत्र दाखिला गर्ने फर्मले स्थायी लेखा नम्बरको प्रमाण पत्र र आ.ब. ०८०।०८१ को कर चुक्ता पत्रहरुको प्रमाणित प्रतिलिपी अनिवार्य पेश गर्नु पर्नेछ।
६) यस सूचनामा उल्लेख नभएका शर्तहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ।
७) मुल्य अभिवृद्धि कर लगायतका करहरु ठेक्दार स्वयमले तिर्नु पर्ने छ।
८) अगामी किस्ता रकम वापत बैक ग्यारेन्टी वा नगद जम्मा गर्नु पर्ने छ।
९) पोखरीहरुको हकमा पोखरी मर्मत गर्नु परेमा ठेक्कदार स्वयम मर्मत गर्नु पर्ने छ।
१०) वोलपत्रको साथ आफुले कबोल गरेको ५ (पाच) प्रतिशतले हुने धरौटी रकम यस कार्यालयको रा.बा.बैक कलैया शाखामा रहेको खाता नं.१२६०१००३०३००००४ धरौटी खातामा जम्म गरेको सक्कलै भौचर वा नेपाल राष्ट्र बैकंवाट मान्यता प्राप्त बैकंले यस कार्यालयको नाममा जारी गरेको ९० दिन म्याद भएको विड बन्डको सक्कलै प्रति संलग्न गर्नु पर्नेछ।
११) ठेक्का सम्बन्धी अन्य थप कुराहरु बुझ्नु परेमा यस कार्यालयको राजस्व शाखा, लेखा शाखामा कार्यालय समय भित्र सम्पर्क राख्ने सकिनेछ।

**प्रमुख प्रशाकीय अधिकृत**

# लगानीको वातावरण बिग्रन नदिनेतर्फ गम्भीर हुन आग्रह

आर्थिक संवाददाता
काठमाडौं, असोज ४

नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्र प्रसाद ढकालले नेपालमा लगानीको वातावरण बिग्रिन नदिनेतर्फ गम्भीर हुन आग्रह गरेका छन् । भदौ २३ र २४ गते भएको आन्दोलनका क्रममा आागजनी तथा तोडफोड भएका बहुराष्ट्रिय कम्पनी एनसेल तथा चौधरी ग्रुपको सिजी पार्क र चन्द्रागिरि हिल्सको निरीक्षण गर्दै उनले यस्तो बताएका हुन् । यस्ता घटनाले लगानीको वातावरण बिग्रिने अवस्था आएको भन्दै सरोकारवाला सबैलाई गम्भीर हुन आग्रह गरेका हुन् । उनले जेन-जी आन्दोलनका क्रममा भएको घुसपैठबाट देशैभरि निजी क्षेत्रका ठूला, मझौला तथा साना उद्योगहरु तथा व्यक्तिको निजी सम्पत्तिमाथि भएको आगजनी र तोडफोड भएको र यसले दैनिक उत्पादन र रोजगारीमा असर परेको बताए ।



नेपालमा विदेशी तथा स्वदेशी लगानी आकर्षित गर्नका लागि यस्ता घटनाहरूले दीर्घकालीन असर पार्ने अध्यक्ष ढकालले बताए । 'नेपालमा लगानीको वातावरण बिग्रिने अवस्था आएको छ । यस्ता घटनाहरूले देशको आर्थिक विकासमा गम्भीर असर पार्छ । सरकार, राजनीतिक दलहरु र सरोकारवालाहरूलाई लगानीमैत्री वातावरण कायम गर्न आग्रह गर्दछु', अध्यक्ष ढकालले भने । अध्यक्ष ढकालले नेपालका वैदेशिक लगानी भित्र्याउन तथा आन्तरिक लगानी प्रवर्द्धन गर्न महासंघले निरन्तर पहल गरे पनि यस्ता घटनाले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दुवै क्षेत्रमा नकारात्मक सन्देश जाने बताए ।

नेपालको अर्थतन्त्रमा ८१ प्रतिशत र रोजगारीमा निजी क्षेत्रले ८६ प्रतिशतभन्दा बढी योगदान दिएको अवस्थामा लगानीको संरक्षणका लागि उद्योगी व्यवसायीहरूको शान्ति र सुरक्षाको प्रत्याभूति दिलाउनु पर्ने उनले बताए । उनले यो घटनाले सरकारको समेत राजस्व समेत गुम्ने अवस्था आएको बताए । महासंघका अध्यक्ष ढकालसहित उपाध्यक्षद्वय हेमराज ढकाल र ज्योर्त्सना श्रेष्ठ कोषाध्यक्ष भरतराज आचार्य र केन्द्रीय सदस्यहरू सैलेन्द्र गुरागाई, डा.रामशरण थपलिया, पशुपतिदेव पाण्डे र कमला श्रेष्ठलगायतले क्षतिग्रस्त संरचनाहरूको निरीक्षण गर्दै आगजनीबाट भएको क्षतिबारे जानकारी लिएका थिए ।

महासंघले यसअघि अर्थमन्त्री तथा गृहमन्त्रीसँग भेट गरेर निजी क्षेत्रले अझै पनि शान्ति सुरक्षाको अनुभूति गर्न नसकिरहेकाले सोको प्रत्याभूति दिन, आन्दोलनका क्रममा निजी क्षेत्रको सम्पत्तिमाथि भएको आक्रमण, तोडफोड र आगजनीमा संलग्नहरूमाथि कानुनी दायरामा ल्याउन आग्रह गरेको छ । महासंघले निजी क्षेत्रको संरक्षण, सुरक्षाको प्रत्याभूति र लगानीमैत्री वातावरण सुनिश्चित गर्न सरोकारवाला सबै पक्षलाई आग्रह गर्दै आएको छ ।

# रेडमी नोट १४ सिरिजका लागि विशेष 'बन्डलिङ योजना'

आर्थिक संवाददाता
काठमाडौं, असोज ४

शाओमीले रेडमी नोट १४ सिरिजका लागि विशेष अफर घोषणा गरेको छ । यस अफरअन्तर्गत ग्राहकहरूले स्मार्टफोन खरिदसँगै प्रिमियम एसेसरीमा आकर्षक छुट पाउनेछन् ।

आइतबारदेखि सुरू भएर कात्तिक १४ गतेसम्म सञ्चालन हुने यस अभियानअन्तर्गत, हरेक स्मार्टफोन खरिदमा ग्राहकले रेडमी बड्स ५ए केवल नौ सय ९९ रूपैयाँमा प्राप्त गर्न सक्नेछन् । रेडमी नोट १४ सिरिजअन्तर्गत कुनै पनि मोडल खरिद गर्ने ग्राहकले सामान्यतया दुई हजार चार सय ९९ रूपैयाँ पर्ने रेडमी बड्स ५ए केवल नौ सय ९९ रूपैयाँमा पाउनेछन् ।




यो अफर रेडमी नोट १४, रेडमी, रेडमी नोट १४ ५जी, नोट १४ प्रो ५जी, र रेडमी नोट १४ प्रो प्लस ५जी सबै मोडलहरूमा लागू हुनेछ । ग्राहकहरूले जुनसुकै स्मार्टफोन छनोट गरे पनि एकै मूल्यमा एसेसरी प्राप्त गर्ने सुविधा पाउनेछन् । यो विशेष अफर कात्तिक १४ सम्म देशभरका आधिकारिक शाओमी विक्रेता र सबै स्मार्ट फोन विक्रेतामार्फत प्राप्त गर्न सकिने जनाइएको छ ।

# याडिया ओविन नेपाली बजारमा सार्वजनिक

आर्थिक संवाददाता
काठमाडौं, असोज ४

नेपालका लागि याडियाको आधिकारिक वितरक कुजु नेपाल प्रालिले बहुप्रतिक्षित याडिया ओविन विद्युतीय स्कुटर नेपाली बजारमा सार्वजनिक गरेको छ ।

याडिया ओविन इटालीयन शैलीबाट प्रेरित आकर्षक रेट्रो-मोडर्न डिजाइनमा बनेको छ । यो स्कुटर शहरीया परिवेशमा सजिलो यात्राका लागि निर्माण गरिएको हो । यसमा दुई हजार आठ सयबाट क्षमताको मोटर, ७२ भोल्टको ३० एएच ब्याट्री र एकपटक चार्ज गर्दा एक सय पाँच किलोमिटरसम्म यात्रा गर्न सकिने सुविधा छ । साथै, सजिलै चलाउन मिल्ने क्रुज कन्ट्रोल र पछाडि फर्केर पनि चलाउन सकिने रिभर्स असिस्टजस्ता सुविधा पनि दिइएको छ । याडिया ओविनको आधिकारिक मूल्य दुई लाख ३५ हजार रूपैयाँ तोकिएको भएपनि दशैं, तिहार, एवम् छटलाई लक्षित गर्दै विशेष मूल्य दुई लाख १० हजार रूपैयाँ घोषणा गरिएको छ । यसका साथै लगातार आठ वर्ष विश्वकै नम्बर १ इलेक्ट्रिक टु ह्विलर ब्रान्ड बन्न सफल भएको उपलब्धि मनाउन पनि यस विशेष मूल्यको घोषणा गरिएको कम्पनीले जनाएको छ । यो मूल्य सीमित संख्याका लागि मात्र उपलब्ध हुने पनि कम्पनीले जानकारी दिएको छ ।

हरेक याडिया उत्पादनजस्तै याडिया ओविन पनि तीन वर्ष वा ५० हजार किलोमिटरसम्मको वारेन्टीसहित आउँछ । यसले प्रयोगकर्तालाई लामो




समयसम्म निश्चिन्त बनाउँछ । 'ओविन केवल स्कुटर मात्र नभएर यसले नेपाली उपभोक्तालाई नयाँ पुस्ताको स्टाइल, स्मार्ट सुविधाहरू र वातावरणमैत्री सवारी साधनको अनुभव प्रदान गर्दछ । दशैं विशेष अफर हाम्रो ग्राहकहरूसँग मिलेर याडेआको सफलता मनाउने तरिका हो', कुजु नेपाल प्रालिले भनेको छ ।

# बजाजको ग्रान्ड एक्सचेन्ज

आर्थिक संवाददाता
काठमाडौं, असोज ४

मोटरसाइकल ब्रान्ड बजाजले काठमाडौंमा 'ग्रान्ड एक्सचेन्ज कार्निभल' आयोजना गरेको छ । असोज ३ गतेदेखि भृकुटीमण्डपमा सुरू भएको बजाजको 'ग्रान्ड एक्सचेन्ज कार्निभल'मा पुराना मोटरसाइकल वा स्कुटर सजिलै एक्सचेन्ज गरी नयाँ बजाज मोटरसाइकल लान सकिनेछ ।

कम्पनीका अनुसार यो मेला असोज ८ गतेसम्म चल्नेछ । ग्राहकलाई लक्षित गरी ल्याइएको यस योजनामा २२ भन्दा बढी मूल्याङ्कनकर्ताबाट आफ्नो पुरानो सवारीसाधनको उच्चतम् मूल्याङ्कन प्राप्त गर्न सकिनेछ । साथै, थप मूल्याङ्कन १० हजार रूपैयाँसम्मको, आकर्षक नगद छुट, फ्रि एक्सेसरिज र अन-द-स्पट फाइनान्स सुविधा उपलब्ध हुने कम्पनीले जनाएको छ । त्यसैगरी, सहभागीले प्रत्येक दिन हुने लक्की ड्रमार्फत ५० हजार रूपैयाँसम्म जित्ने अवसर पाउनेछन् । साथै, 'चेतक एक्सपेरियन्स जोन'मार्फत बजाजको नयाँ इलेक्ट्रिक स्कुटर




चेतकको अनुभव लिन पनि सकिनेछ ।

यस योजनाअनुसार जुनसुकै कम्पनीका पुराना बाइक वा स्कुटर ल्याई तत्कालै नयाँ बजाज बाइक खरिद गर्न सकिनेछ । त्यस्तै, नागरिकताको आधारमै फाइनान्स गर्न सकिने भएकाले, पहिलेझैँ घरजग्गाको लालपुर्जा, बिजुली वा पानीको बिल, आयस्रोतको प्रमाणपत्रजस्ता कागजात आवश्यक पर्ने छैन । शून्य सर्भिस चार्ज र सरल किस्ताबन्दीमा बाइक लिन चाहने ग्राहकले पनि अन-द-स्पट फाइनान्स गरेर सजिलै मोटरसाइकल प्राप्त गर्न सक्नेछन् ।

बजाजले यसअघि नै दशैं-तिहारलाई लक्षित गर्दै 'बजाज प्रिमियर लिग (बीपीएल)' पनि सार्वजनिक गरेको छ, यसअन्तर्गत ग्राहकले जति धेरै रन, त्यति धेरै पुरस्कार, सातै प्रदेशबाट हरेक हप्तामा ५० हजार रूपैयाँ नगद उपहार, प्लेअर अफ द वीक बन्ने ग्राहकलाई एक लाख नगद रूपैयाँ, चर्चित क्रिकेटरसँग भेट्ने विशेष अवसर पाउनेछन् । हंसराज हुलासचन्द एन्ड कम्पनीले चाडपर्वको अवसरमा ग्राहकलाई अझ सुलभ, सहज र पारदर्शी सेवा प्रदान गर्ने उद्देश्यले यस्ता एक्सचेन्ज कार्यक्रम निरन्तर आयोजना गर्दै आएको छ ।

# डोङफेङ मोटर ग्रुपको निजीकरण योजना

काठमाडौ, असोज ४ । डोंगफेंग मोटर ग्रुपलाई प्राइभेट बनाउन लागिएको छ । कम्पनीको प्राइभेटाइजेसन प्लान सार्वजनिक भएपछि कम्पनीका सेयरहरु शुक्रबार तीव्र गतिमा बढेका थिए । हङकङमा कारोबार हुने कम्पनीका सेयरहरु करिब आठ वर्षयताको सबैभन्दा उच्चस्तरमा पुगेका हुन् ।

यस घोषणापछि हङकङको बजारमा डोंगफेंगका सेयरहरु एकै दिनमा झण्डै ६९ प्रतिशतले बढेको थियो भने अन्तिममा ५७ प्रतिशतभन्दा बढी उच्चमा बन्द भए । रिपोर्टहरूका अनुसार प्राइभेटाइजेसन सम्झौताको मूल्य करिब सात अर्ब अमेरिकी डलरजतिको हुनेछ । यसलाई धेरैले डोंगफेंगको शक्ति र सम्भावनाप्रतिको नयाँ विश्वासका रूपमा व्याख्या गरेका छन् । डोंगफेंग मोटर ग्रुपले दशकौंदेखि चीनको प्रमुख अटो कम्पनीको रूपमा सस्तो, भरपर्दो र ग्राहकमुखी सवारीसाधन उपलब्ध गराउने कम्पनीको रूपमा प्रतिष्ठा कमाएको छ । यो ब्रान्ड आफ्नो 'भ्याल्यु-फर-मनी' का लागि चिनिन्छ, जुन किफायती मूल्य र राम्रो पर्फर्मेन्स गर्ने गाडीका रूपमा लाखौं चालकहरूको रोजाइमा परेको छ ।




प्राइभेटाइजेसन प्लान डोंगफेंगलाई दीर्घकालीन रणनीति अघि बढाउन अझ लचिलो बनाउन तयार गरिएको हो । स्वतन्त्रता बढेसँगै कम्पनी छिटो निर्णय लिन, सञ्चालनको क्षमता अझै मजबुत बनाउन र उद्योगमा आउने परिवर्तनहरूलाई छिटोसँग सामना गर्न अझ सक्षम हुनेछ । यसैबीच, डोंगफेंगले आफ्नै प्रिमियम इलेक्ट्रिक गाडीको ब्रान्ड भोयालाई छुट्टै लिस्टिङ गरेर हङकङ सेयर बजारमा ल्याउने तयारी पनि गरिरहेको छ । भोयाले तीव्रगतिमा बढ्दै गएको इलेक्ट्रिक गाडीको बजारमा कम्पनीको ठूलो प्रयासलाई प्रतिनिधित्व गर्छ । यसले उपभोक्तालाई आधुनिक प्रविधि, आकर्षक डिजाइन र दिगो यातायात समाधान उपलब्ध गराउँछ । बजारमा लिस्टिङ भएपछि भोयालाई आफ्नो वृद्धि थप अघि बढाउन, उत्पादनहरूको दायरा विस्तार गर्न र विश्वबजारमा प्रतिस्पर्धात्मक क्षमता अझ बलियो बनाउन आवश्यक स्रोत प्राप्त हुनेछ ।

आगामी दिनमा डोंगफेंग मोटर ग्रुपले आफ्नो किफायतीपनको परम्परा कायम राख्दै नयाँपन र प्रविधिमैत्री भविष्यतर्फ अघि बढ्ने लक्ष्य लिएको छ । प्राइभेटाइजेसन र भोया लिस्टिङ दुवैको संयोजन कम्पनीको अड्याप्टेसन, वृद्धि र ग्लोबल अटो उद्योगमा गर्ने नेतृत्व क्षमताप्रतिका प्रतिबद्धता हुन् । ग्राहकलाई आफ्नो केन्द्रमा राखेर डोंगफेंगले इलेक्ट्रिक मोबिलिटीको भविष्यलाई आकार दिंदै भविष्यमा पनि भरपर्दो र किफायती गाडी उपलब्ध गराइरहने बताएको छ ।

# क्लासिक टेकको दशैं अफर

आर्थिक संवाददाता
काठमाडौं, असोज ४

क्लासिक टेकले दशैंको लागि विशेष अफर सार्वजनिक गरेको छ । अफरअन्तर्गत ग्राहकले 'दुई वर्षको इन्टरनेट एक वर्षको मूल्यमा' प्राप्त गर्न सक्नेछन् ।

कम्पनीका अनुसार ग्राहकले ७० एमबीपीएस गतिको इन्टरनेट जडान गर्दा प्रतिमहिना चार सय ४३ रूपैयाँमा अत्याधुनिक वाइफाई सिक्स राउटर पाउनेछन् । वाइफाई सिक्स राउटरका धेरै महत्वपूर्ण विशेषता र फाइदा रहेको कम्पनीले जनाएको छ । यसले एउटै नेटवर्कमा धेरै डिभाइस जडान हुँदा पनि इन्टरनेटको




गतिमा कुनै कमी आउन नदिने कम्पनीको दाबी छ । साथै, ५० भन्दा बढी डिभाइसलाई एकैपटक सपोर्ट गर्न सक्ने क्षमता यो राउटर रहेको छ ।

कम्पनीका अनुसार वाइफाई सिक्सले कम लेटेन्सी प्रदान गर्ने भएकाले गेमिङ, भिडियो स्ट्रिमिङ वा भिडियो कल गर्दा ढिलाइको समस्या भोग्नुपर्दैन । यसमा डबल ब्यान्ड सुविधा दुई दशमलव चार गिगाहर्ज र पाँच गिगाहर्ज छ । यो स्थिर र तेज इन्टरनेटका लागि उपयुक्त मानिन्छ । यसबाहेक वाइफाई सिक्स राउटरमा ब्याट्री बचत सुविधा पनि छ । यो विशेष दशैं अफर अन्य इन्टरनेट प्लानमा पनि लागू हुनेछ । यसमा १००, २०० र ३०० एमबीपीएससम्मका उच्च गतिको इन्टरनेट अफर समावेश छन् । क्लासिक टेकले ग्राहक सुविधा ध्यानमा राख्दै इन्टरनेटसँगै आईपी टीभी सेवा पनि उपलब्ध गराएको छ । यसअन्तर्गत ग्राहकले प्रतिमहिना दुई सय ५० रूपैयाँमा स्मार्ट सेट-टप बक्स प्रयोग गरी विभिन्न च्यानलको आनन्द लिन सक्नेछन् । क्लासिक टेकले आवश्यकताअनुसार उच्च स्पिड तथा भरपर्दो इन्टरनेट सेवा प्रदान गर्ने प्रतिबद्धतामा अगाडि रहेको जनाएको छ ।

# १७ दिने दशैं व्यापार मेला सुरु

भक्तपुर, असोज ४ । भक्तपुर नगरपालिका-७ को महेश्वरी खेल मैदानमा शनिबारदेखि दोस्रो भक्तपुर दसैं सस्तो व्यापार मेला सुरू भएको छ । हिन्दूहरूको महान् पर्व दसैंको अवसरमा एकैथलोबाट सस्तो, सुलभ र गुणस्तरीय सामान आमउपभोक्तामा पुऱ्याउने उद्देश्यले औद्योगिक मेला महोत्सव प्रतिष्ठान नेपालले मेलाको आयोजना गरेको हो ।

मेलाका संयोजक सङ्गम लामाले व्यापार मेलामा ५० भन्दा बढी स्टलहरु राखिएका जानकारी दिंदै दैनिक जीवनमा प्रयोगमा आउने सामग्री, लत्ताकपडा, खाद्यान्न, अटोमोबाइल, जुत्ता तथा हस्तकलाका सामग्री, कृषि औजारका सामग्री, फूललगायत विभिन्न सामान विशेष छुटका साथ स्टलमा राखिएका बताए ।

मनोरञ्जनका लागि महोत्सवमा बाल उद्यान, रोटे पिङ, ड्रागन, नाउ, मिनी बन्जी जम्प, बाटर बल्ब, मिकी माउस, टेम्पालिङ, स्करपियोका साथै हरेक दिन राष्ट्रिय तथा स्थानीय कलाकारका हास्यव्यङ्ग्य, गीत र नृत्यको प्रस्तुति रहने उहाँले जानकारी दिनुभयो ।


## हकदावीको सूचना

वागमती प्रदेश, काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका भोटेबहाल, वडा नं. ११ बस्ने श्री सानुभाई महर्जनको नातीनी, श्री अष्ट नारायण महर्जनको छोरी, सुश्री सानु मैया महर्जनको मिती २०८१/०२/०१ गतेका दिन मृत्यु भएकोले निजको नाममा यस बैंकमा रहेको खाता नं ०१२०५०३०११२८१६ मा भएको सम्पूर्ण रकम निज मृतक सुश्री सानु मैया महर्जनको सबै भन्दा नजिकको हकवालाको हैसियतले श्री राजकुमार महर्जनले आवश्यक कागजात सहित यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप उपर निवेदक श्री राजकुमार महर्जनको बाहेक अन्य कसैको हक दावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र सबुद प्रमाण सहित दावी गर्न आउनु हुन बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग दावी बमोजिम भई जाने व्यहोरा यसै सूचनाद्वारा सूचित गरिन्छ ।

NIMB नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.
शाखा कार्यालय, पुतलीसडक, काठमाडौं
फोन नं.:- ४५४५३०३
फ्याक्स :- ४५१७९७७

Economic National Daily
आर्थिक
राष्ट्रिय दैनिक

## सम्पादकीय

# छानबिन गर्न ढिलाइ हुँदा क्षति थपिने खतरा

जेन–जी आन्दोलनको सबैभन्दा ठूलो क्षति मानवीय र भौतिक हो । अझै व्यापारिक प्रतिष्ठानमा जलेका लासहरूका कंकाल भेटिइरहेका छन् । कतिपयको त पहिचान समेत हुन सकिरहेको छैन । काठमाडौं चाबहिलको एउटै व्यापारिक भवनमा सात जनाको कंकाल भेटियो । तर यो कसको हो भन्ने खुलेका छैन । यसरी गणना भयो भने करिब दुई दिनमा नै जे–जति क्षति भयो त्यसमा मारिएकाहरूको संख्या सयको हाराहारीमा पुग्दैछ । आन्दोलनमा होमिएकाहरूको सहादत एक ठाउँमा छ तर आन्दोलनमा नै नलागकोहरूको ज्यान कसरी गयो भन्ने प्रश्न सामान्य छैन । घरको छतमा बसेर जुलुस हेरिरहेका नागरिक अर्थात् युवाको पनि प्राण गएको छ । यी मानवीय क्षतिका विवरण हुन् । यति ठूलो मानवीय क्षति कम्तीमा राजनीति जोडिएको विषयमा कहिल्यै भएको थिएन । त्यस कारण पनि यसलाई सामान्यीकरण नगरौं भनिएको हो । कतिपय मानिसले यो क्षतिलाई आफ्नो स्वार्थ सिद्धिमा प्रयोग गरेको देखिँदैछ, जो दु:खद र दण्डनीय हो ।

अर्को भौतिक क्षति पनि त्यस्तै देखिन्छ । यद्यपि मानवीय क्षतिको तुलनामा यो केही पनि होइन । तर पनि भौतिक क्षति पनि धेरै नै ठूलो भएको छ । यसमा राज्यका कतिपय रेकर्डहरू जलेका छन् । ऐतिहासिक भवनहरूको अवशेष पनि बाँकी नरहेको अवस्था छ । जस्तो केन्द्रीय प्रशासनिक भवन सिंहदरबारदेखि सर्वोच्च अदालत यसमा पर्छन् । त्यसैभित्र जिल्ला अदालतदेखि जिल्लाका प्रशासनिक भवन पनि जलेका छन् । यो आन्दोलनको एउटा प्रमुख माग भ्रष्टाचारमाथि कारबाही हो । तर देशको भ्रष्टाचार हेर्ने अदालत पनि खरानी भएको छ भने भ्रष्टाचारको छानबिन गर्ने एउटै मात्र संवैधानिक निकाय अख्तियार पनि बाँकी रहेको अवस्था छैन । पछिल्ला दिन यस्ता निकायगत आगजनीमा पनि स्वार्थ समूहकै नियत हो कि भन्ने कुरा आउन थालेको छ । एउटा समूहले त जेल नै तोड्ने अभियान चलायो, जसका कारण एक घण्टाभित्र नै देशैभरिका जेल तोडिए । यो भनेको सुशासनको खोजीकर्ताहरूले कतै नमागेको कुरा हो । कैदीबन्दीहरूलाई भगाएर सुशासन कायम हुँदैन मात्र होइन, बरु समाज झन् आतङ्कित हुन्छ । यो आन्दोलनको दोस्रो दिनदेखि १२–१५ हजार गम्भीर अपराधका सजायभोक्ताहरू बाहिर छन् । यसले भोलि समाजमा कसको अवस्था कस्तो होला भन्ने अनुमान पनि गर्न दिँदैन । यस कारण जेल तोड्ने काम पनि समाजका लागि तेस्रो ठूलो क्षति नै हो ।

यस्ता क्षतिहरूकै कारण विद्रोह सकिए पनि आतङ्क भने कायम छ । त्यस कारण छिटोभन्दा छिटो छानबिन गर्न सरकार तत्पर होस् भन्ने माग बढ्न थालेको बुझिन्छ । अहिलेको सरकार यही आन्दोलनबाट खडा भएको हो । यो आन्दोलनको माग नै सुशासन र बेथितिविरुद्ध हो भन्नेमा कतै पनि दुई मत छैन । यति ठूला क्षति र मानव अधिकार उल्लंघनका घटनाहरू भएको अवस्थामा सरकारको पहिलो दिनको पहिलो काम नै जाँचबुझ आयोग गठन हुनुपर्थ्यो । पहिले नै भनिएको थियो, पूर्वन्यायाधीशको नेतृत्वमा आयोग गठन हुन्छ । अहिलेकी प्रधानमन्त्री नै न्यायिक पृष्ठभूमिबाट आएकी हुँदा यस्तो आयोग गठन गरेर यो क्षति कस–कसको कस्तो स्वार्थ र घुसपैठबाट भएको हो भन्ने निर्क्योल हुनपर्छ । संविधानविद्हरूका अनुसार सुशासनको माग राखेर सडक प्रदर्शनमा उत्रिएका जेन–जी समूहमाथि २३ भदौमा सुरक्षाकर्मीबाट भएको अत्यधिक बल प्रयोग र यसबाट हुन पुगेको मानवीय क्षतिबारे जाँचबुझ गरी दोषीउपर कारबाही गर्न जाँचबुझ आयोग गठनमा ढिलाइ हुनु हुँदैन । यसमा सरकारको ध्यान छिटो जानु पर्‍यो । प्रहरीबाट भएको बल प्रयोगको प्रतिवादमा भोलिपल्ट मच्चाइएको राज्य विध्वंस के प्रतिवाद वा प्रतिरोध मात्रै थियो त ? अथवा कसैको संगठित योजना, प्रायोजन र उक्साहट थियो, यसको मौजुदा कानुनबाटै बलियो अनुसन्धान हुनुपर्छ । सरकारले यसमा ढिलाइ गर्न हुँदैन ।

## अर्थ — वित्तीय शब्दकोष



ऋषिलाल श्रेष्ठ

### Cut of Date (क्रम बन्द मिति)

हिसाबको अन्त्य गरी आवधिक आर्थिक विवरण तयार गर्न वा लेखापरीक्षण कामको लागि नगद, जिन्सी र अन्य कारोबार बन्द गर्न तोकिएको मिति ।

### Cut Throat Competition (विस्थापन प्रतिस्पर्धा)

बजारमा आफ्नो उत्पादित वस्तुको प्रभुत्व कायम राख्न उत्पादकले योजनाबद्धरूपले आफ्नो वस्तुको मूल्य क्रमिकरूपले कम गर्दै न्यूनतम मूल्यमा कायम राखी कम क्षमता भएका वा कम कोषबाट सञ्चालन भएका कम्पनीलाई बजारबाट विस्थापन गर्ने नियतले चालेको प्रतिस्पर्धा ।

# सुशीलालाई आरजु नबन्न सल्लाह



• रेवतीरमण सुवेदी •

> गणतन्त्रकालमा वर्षौंपिच्छे प्रधानमन्त्री फेरिने क्रममा आजसम्म कहिल्यै पनि चासो नराखेका तिब्बत स्वतन्त्र आन्दोलनका नायक दलाइ लामाले मात्र छ महिनाका लागि प्रधानमन्त्री भएकी सुशीला कार्कीलाई हतार–हतार हस्याङफस्याङ गर्दै बधाई सन्देश पठाउन किन आतुरता प्रदर्शन गरे ? दलाइ लामाको यसखालको अनपेक्षित आकस्मिक चलखेलको अन्तर्य बुझ्न भरत दाहालजस्ता विज्ञ विष्लेषकका पाठ्यक्रम फलो गर्न जेन–जी पुस्तालाई सल्लाह छ ।

मैले जननायक बीपी कोइरालाका कान्छा छोरा शशांक कोइरालालाई दिएको 'नेता बन्ने सल्लाह' नमानेर 'घुस्याहा नेता' चिनारीमा आइपुगे भन्ने पाठ्यक्रमबाट प्रारम्भ भएको यो साप्ताहिक स्तम्भ (एक असार आइतबारबाट नियमित) नवनियुक्त प्रधानमन्त्री सुशीला कार्कीलाई कांग्रेस सभापति शेरबहादुर देउवाकी पत्नी तथा पदच्यूत परराष्ट्रमन्त्री आरजु राणाको हालत र चिनारीमा नपुग्न सल्लाह दिने चरणमा आइपुगेको छु । वनारस (काशी) सारनाथ बीपी निवासमा भीमबहादुर तामाङले शशांकलाई औँला समाएर स्कुल लाने-ल्याउने गरेका बखत म बीपीको सशस्त्र क्रान्तिमा आबद्ध भएर गंगा किनारको बालुवाको थुप्रोमा सहिद यज्ञबहादुर थापा गोपाल राईबाट बम बन्दुक पड्काउन प्रशिक्षित भइरहेको नाताले शशांकलाई सल्लाह दिने पात्रता राख्दथैं भने त्यही कालखण्डदेखि नै सुशीला कार्कीलाई पनि राम्रोसँग चिन्दछु, जान्दछु ।

कांग्रेस इतिहासका दृष्टिले शेरबहादुर देउवा रामचन्द्र पौडेलभन्दा अग्रणी नरबहादुर कार्कीकी श्रीमती मिना दाहाल, कांग्रेस इतिहासमा बौद्धिक नेताको छवि बनाएर स्वर्गे हुनुभएका प्रदिप गिरीकी बहिनी मन्जुला गिरी र गिरिजाप्रसाद कोइरालाको 'आत्म वृतान्त' पुस्तकमा आएको वर्णनअनुसार भारतीय सेनाको खुफिया संस्था 'रअ'को सहयोगमा २८ जेठ २०३० सालको कांग्रेस इतिहासको बहुचर्चित विमान अपहरण काण्डका एक नायक दुर्गा सुवेदीकी श्रीमती सुशीला कार्की त्यतिखेरका यी तीन चेली वनारस हिन्दु विश्वविद्यालय (विएचयू)का 'विकनी यार' सहपाठी थिए । बीपीद्वारा फन्डिङ दिलबहादुर घर्ती मेष इन्चार्ज रहेको प्रदिपजी हामीहरूको गंगा किनारको ब्रम्हाघाटमा बसोबास हुन्थ्यो । प्रदिपजी त साकाहारी हुनुहुन्थ्यो । नरबहादुर कार्की हामीहरु मांसाहारी भए पनि मेष इन्चार्ज रहेको दिलबहादुर घर्तीले बङ्गुर (सुँगुर)को मासु (काशीमा जहीँतहीँ माछामासु पसल हुँदैन । दालमण्डी (रेडलाइट एरिया) पुग्नु पर्दछ) खुवाएर हैरान पार्दा (ब्राह्मण भएकाले दिगमिग हुन्थ्यो) बीपीलाई भनेर घर्तीलाई हकार्न लगाएको पनि थिएँ । त्यसबखत अक्सर सँगसँगै हिड्ने हाम्रा (कांग्रेस) होनहार छात्रा नेतृ यी तीनवटी 'वकनी यार' (मिना, मञ्जु, सुशीला)सँग अक्सर बीपी निवास सारनाथ या हाम्रो निवास ब्रह्माघाटमा जम्काभेट भइरहन्थ्यो । जेलबाट छुटेपछि धरान पुग्दा सुशीला निवास पुगेर भलाकुसारी गरेको स्मृति पनि अझै मेरो स्मृतिमा ताजै छ । यही पात्रताको नाताले अहिले प्रथम महिला प्रधानमन्त्रीमा नियुक्ति पाएको खुसी लागेर नै सल्लाह दिन यति विवरण ल्याएको हुँ । उमेरका हिसाबले एक वर्ष कान्छो छु । राजनीतिक हिसाबले मेरो इतिहास 'जेन–जी' पुस्ता या त्यसपछि आउने 'जेन अल्फा' पुस्ताले अवश्य हिसाब राख्नेछन् भन्ने विश्वास लिएको छु । र ०७२ को संविधान खारेज गर्न अग्रसर हुन सल्लाह दिन्छु ।

संसारभरिका विश्वविद्यालयका राजनीतिशास्त्रका पाठ्यक्रममा इटलीका एन्तोनियो ग्राम्शीको 'बुद्धिजिवी वर्गको परिमाषा' विषयक अध्याय अनिवार्य पढाइ हुने गर्छ । जुन 'परिभाषा'लाई लेनिन र रोजा लग्जेमवर्गको भन्दा पनि उच्चकोटीको मानिन्छ । 'विरोधी (यथास्थिति)का बलियो ठाउँमा हिर्काउन आफ्ना (परिवर्तन) कमजोर पक्ष लुकाएर सफलता पाउन सकिन्न' ग्राम्शीको निचोड ठहर हो । यसै ठहरको जगमा टेकेर सफलताको कामना गर्दै ५५ वर्षअघिदेखिकी परिचित प्रधानमन्त्री कार्कीलाई सल्लाह दिन अग्रसर भएको हुँ । सल्लाह भन्नेबित्तिकै मान्नै पर्छ भन्ने हुन्न ।

७३ जना (यी पंक्ति लेखिरहेका बखतको तथ्यांक) जेन-जी (छोरानाती) पुस्ताको रगतको आहालमा डुबुल्की (स्नान) मारेर प्रधानमन्त्रीको शपथ खान पुगेगी सुशीला कार्कीको पहिलो खुड्किलो भनेको प्रथम महिला प्रधानन्यायाधीशको चिनारी नै हो । संसद्वादी-माओवादी १२बुँदे दिल्ली समझौताको जगमा आएको ०७२को संविधानअन्तर्गत प्रधानन्यायाधीश पदमा पुग्न कांग्रेस, एमाले, माओवादी तीन पार्टीमध्ये कुनै दुई पर्टीको सहमति (भागवण्डा) बेगर सम्भव थिएन भन्ने तथ्य जेन-जी पुस्ताले पाठ्यक्रम नभेटेका भए पनि राष्ट्रिय राजनीतिका अन्य सम्पूर्ण पक्षमा सबै छर्लङ्ग छँदै छ । कांग्रेस सभापति शेरबहादुर देउवा (प्रदिप गिरी) र माओवादी अध्यक्ष पुष्पकमल दाहाल (प्रचण्ड) (दुर्गा सुवेदी)को भागवण्डा लेनदेन भएर प्रधानन्यायाधीशमा नियुक्ति सम्भव भएको लुकेको कुरा छैन । त्यही भागवण्डा लेनदेनको अवगाल १२ बजे राति कांग्रेसका रमेश लेखक र माओवादीका वर्षमान पुनसँग षड्यन्त्रपूर्ण बैठक गरेर ४०/४०का भाग ८० जना न्यायाधीशहरूलाई नियम र प्रक्रिया मिचेर नियुक्ति गरिएको भन्ने अभियोगमा 'सत्य र न्याय खोजी अभियान'का वरिष्ठ वकिल डा. ध्रुवलाल श्रेष्ठले सर्वोच्चमा हालेका मुद्दा र सुडान घोटाला (कृष्ण बास्तोला) केस अहिलेलाई ओझेलमा परे पनि सधैँ ओझेल (जेन-अल्फा)मा पर्ने कुरा भएन । कालक्रममा देउवाले आईजीपी नियुक्ति गर्दा उनको गोदाम (चारकोठा)मा आइपुग्ने घुसमा कुरो नमिल्दा महा अभियोगमा परेर पूर्वप्रधानन्यायाधीश परेको जेन-जी पुस्ताले गुगलमा गएर सर्च गर्नासाथ सबै छर्लङ्ग भइहाल्छ । यही तथ्यको जगबाट सुदन गुरूङको साष्टाङ दण्डवत दृष्टा सार्वजनिक भएको भन्ने पनि सामाजिक सञ्जालमा भाइरल अद्यवधिक भइरहेकै छ ।

देश बेचेर (महाकाली सन्धबाट लिपुलेक, लिम्पियाधुरा, कालापानी भारतको नक्साभित्र) मानिस बेचेर (भुटानी शरणार्थी काण्डदेखि भिजिटभिसासम्म), ७५ लाख ग्रामीण भेगका जनताले पेट काटेर बचत गरेका सहकारीका चार खर्ब बढी लुटेर उखु किसान, दुध किसान, मिटरब्याजी, लघुवित्तपीडितलाई रूवाएर, जन्मदै नेपाली जनताको टाउकोमा ३१ खर्व बढी ऋण बोकाएर राष्ट्रिय अर्थतन्त्र ८३ प्रतिशत बढी गाँस, बास, कपासका लागि पनि पर निर्भरतामा पुर्‍याएका देखेर भोगेर पछिल्ला दिनहरूमा 'अब यिनीहरु (देउला, ओली, प्रचण्ड आदि इत्यादि)ले नेपाली जनताको छाला काढेर सुकाएर बेच्न मात्र बाँकी छ' भन्दै सामाजिक सञ्जालमा नवजागरण अभियानमा देखा परेकी (प्रधानन्यायाधीशबाट लखेटिएपछि) सुशीला कार्कीका माथि उल्लिखित अवगालहरु तुलनामा सामान्य हुन् । ग्राम्शीको परिभाषाअनुसार यस्ता कुरा लुकाएर होइन, देखाएर नै अघि बढ्नुपर्छ ।

विसं २०८२ साल भदौ २४ गते जननायक बीपी कोइरालाको जन्मजयन्तीका दिन नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा र उनकी पत्नी परराष्ट्रमन्त्री आरजु राणा देउवाको वीभत्स हालत सामाजिक सञ्जालमार्फत विश्वव्यापी भाइरल भयो । अमेरिका, चीन, भारत, रूस, बेलायतलगायत नेपालसँग दौत्य सम्बन्ध रहेका संसारका सारा मुलुकहरूको कान ठाडा भए । 'सत्य र न्याय खोजी' अभियानका अन्तर्राष्ट्रियस्तरमै सुपरिचित अगुवा वरिष्ठ वकिल डा. ध्रुवलाल श्रेष्ठबाट 'किर्ते हस्ताक्षर'मा मुद्दा खेपिरहेका राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष प्रायोजितरूपमा 'संसद् विघटन'को प्रस्ताव राखियो । जब कि मुलुकलाई पतन र भडखालोमा पुर्‍याउन क्षेत्रीय, जातीय, धार्मिक द्वन्द्व मच्चाएर नेपाल सिध्याउने षड्यन्त्र तहत जारी भएको ०७२को संविधान खारिज भएर ०४६ को कृष्णप्रसाद भट्टराई नेतृत्वको अन्तरिम सरकार गठन भएजस्तो गरी अगाडि बढ्नु पर्दथ्यो । जेन-जी पुस्ताले यस्तो राजनीतिक निकाशाको पाठ्यक्रम पर्गेल्न समय नपाएका भए पनि उनीहरूलगायत ८० प्रतिशतभन्दा बढी जनताको भावना र चाहना यही थियो । देउवा, ओली, प्रचण्डका ११ हजार गुण्डा नाइकेहरूबाट राज्यसत्ता पूर्णरूपमा क्याप्चर भएको पृष्ठभूमिमा (गिरिजा प्रधानमन्त्री हुँदा जागिरे राजनीतिक सल्लाहकार रहेका १२ भाइ मिडियाका चर्चित (भाइरल) राजनीतिक विश्लेषक पुरन्जन आचार्यले एक अन्तर्राष्ट्रिय सर्वेको हवाला दिँदै सार्वजनिक गरेका तथ्यांक) तिनीहरूले राजधानीलगायत मुलुकका प्रमुख शहरहरूमा आकस्मिक वितण्डा मच्चाइरहेकामा शान्ति-सुरक्षाको दबाबमा परेर सेना पनि प्रायोजित संसद् विघटन र छ महिनाभित्र चुनाव गराउने प्रस्तावमा सहमति जनाउन बाध्य भयो । जेन-जी आन्दोलनका प्रायोजित अगुवा सुदन गुरूङ (स्वयं उनीबाटै आफू अगुवा नभएर पानी बाँड्न मात्र पुगेको स्वीकार र असली अगुवा मिराज ढुंगानालगायतका रहेका प्रमाणित)बाट प्रस्ताव भएर प्रधानमन्त्रीमा नियुक्ति । यसमा एकथरी सय दुई सय भीसी राजदूतका दाबेदार प्राडा या मानव अधिकारकर्मी कति छन् तिनीहरु ०७२को संविधान कसैगरी पनि जोगाउनुपर्छ भनेर सामाजिक सञ्जालमा रोइलो या स्याल हुइयाँ मच्च्याइरहेका छन् मात्र डलर खेतीमा कुलो सुक्ने डरले भन्ने प्रस्ट बुझ्नु पर्छ ।

गणतन्त्रकालमा वर्षैपिच्छे प्रधानमन्त्री फेरिने क्रममा आजसम्म कहिल्यै पनि चासो नराखेका तिब्बत स्वतन्त्र आन्दोलनका नायक दलाइ लामाले मात्र छ महिनाका लागि प्रधानमन्त्री भएकी सुशीला कार्कीलाई हतार-हतार हस्याङफस्याङ गर्दै बधाइ सन्देश पठाउन किन आतुरता प्रदर्शन गरे ? दलाइ लामाको यसखालको अनपेक्षित आकस्मिक चलखेलको अन्तर्य बुझ्न भरत दाहालजस्ता विज्ञ विश्लेषकका पाठ्यक्रम फलो गर्न जेन-जी पुस्तालाई सल्लाह छ । दुर्गा सुवेदीका लगौटीया यार बाबुराम भट्टराईका छायाँ रामेश्वर खनाल अर्थमन्त्रीमा छनौटको मूल्यवत्ता सायद बाबुराम पत्नी हिसिला यामीले मात्रै राम्रो प्रस्टाउन सक्लिन् । जहाँसम्म मैले जानेबुझेअनुसार दुध बेचेर कोकोकोला उपभोग गर्न सिकाउने डा. रामशरण महतका अनुयायी अर्थशास्त्री हुन् ।

आफू विगत ५३ वर्षदेखि एकक्षण र एक निवेश पनि यताउती नभई गिरिजा उताको कांग्रेसको मूल सिद्धान्त राष्ट्रियता, प्रजातन्त्र समाजवादका लागि अहोरात्र संघर्षरत भएका नाताले छक्क परेको विषयचाहिँ कांग्रेसका स्वघोषित ठूलो नेता शेखर कोइराला (गिरिजा नोना लिगेसी)को पछिल्लो वक्तव्यलाई लिएर छ । देउवा दम्पतीमाथि भएको कुटपिटको विषयलाई लिएर शेखर कोइरालाको घोर आपत्ति र भर्त्सनाको वक्तव्य आयो । आन्दोलनमा नेतामाथि घिसारपसार कुटपिट कालोमोसो जुत्ताको माला हुनु स्वाभाविक प्रतिक्रिया हो । गणतन्त्र ल्याउने आन्दोलनमा गिरिजा कोइरालाको टाउकोमा लाठी बजारिएर रगत बगेको शेखरलाई थाहा नभएको होइन । भारतमा इन्दिरा गान्धीको इमरजेन्सी विरोधको आन्दोलनमा बीपीका पनि नेता (त्यसकालखण्डका सबै कांग्रेसीलाई थाहा छ) जयप्रकाश नारायणमाथि पनि लाठी बजारिएर रगत बगेको थियो । देउवा दम्पती पिटिएकामा भर्त्सना वक्तव्य जारी गर्दा उनका घरका चार कोठाबाट अनुमानित सात अर्ब कालोधन भेटिएको विषयमा चाहिँ एक शब्द धारणा वक्तव्यमा नआउनु छक्क पर्नुजस्तो भएको हो । के नेपाली जनताको रगत र पसिनाबाट आर्जित राष्ट्रिय ढुकुटीमा डाका डालेर अकुद कालोधन थुपार्नु कांग्रेस सभापतिको मूल राजनीति हो ? यो प्रश्नको 'जेन-जी' र 'जेन-अल्फा' पुस्ताले अवश्य उत्तर खोज्ने निश्चित छ ।

अन्त्यमा देश, जनता र प्रणालीले खोजेको ०७२ को संविधान खेरजीलाई ओझेलमा पारेर सुशीला हिँड्न खोजिन् भने नेपाल रहँदासम्म आरजुको भन्दा कलंकित चिनारी बन्ने पक्का छ ।

# ओलीको अहंकारको घानमा महामानवको चेलाको हरिबिजोग !



• निनाम लोवात्ती •

हालै जेनेरेसन जेड (जेन-जी)को आन्दोलनका क्रममा दुई दिन जनु घटना घट्यो, कसैले कल्पना गरेका थिएन होला । तर जेन-जीको नाममा जुन घटना घट्यो, त्यो साह्रै दु:खदायी घटना घटेको थियो । के भनिन्छ भने, जेन-जी युवाहरूको मकसद खासमा त्यस्तो थिएन । जे होस्, जेन-जीआन्दोलनको मूल जरोचाहिँ तत्कालीन प्रधानमन्त्री केपी ओली हुन् । किनभने केपी ओलीले बेला छँदै जेन-जीको मागप्रति सकारात्मक हुनु, सकारात्मक ढंगले जेन-जीको आन्दोलनलाई निप्टारा लगाउनेतर्फ कदम चाल्नुको सट्टा जेन-जीको आन्दोलनलाई कम आँक्दै अन्टसन्ट भाषण गरे । होला, विदेशीले हामी नेपालीलाई हेप्यो । सन्दर्भ हो, फेसबुकको मूल कम्पनी मेटाले नेपालमा संस्थागत भ्रष्टाचार छ, त्यसैले म भ्रष्टाचार हुने देशमा दर्ता हुँदिनँ भनेको भन्ने सन्दर्भ । जुन सन्दर्भलाई ओलीले र उनको कोटरीले राष्ट्रवादको आवरण दिन खोजे । जब कि कुन देशले नेपाललाई नहेपेको होस् ? अरू त अरू भुटानले समेत हेप्छ, हेपेको छ, शरणार्थी मामिलामा भने अमेरिका र अमेरिकाको मेटा कम्पनी, उसले किन नहेपोस् र ! फेरि नेपालमा भ्रष्टाचार नै नभएको कहाँ हो र ? सामान्य ढंगले हेर्दा देशको प्रधानमन्त्री रहेका ओलीले एक विदेशी कम्पनीसँग प्रतिशोध लिने धृष्टताले नेपालका पहिलो पुस्ताका प्राय: नेताहरु घानमा परे ।

त्यसरी देशको प्रधानमन्त्री रहेका ओलीले एक विदेशी कम्पनीसँग आफू र आफ्नो देशलाई हेपेको ठानेर प्रतिशोध लिने धृष्टता गर्दा सबैभन्दा ठूलो घानमा परे, नेपाली कांग्रेसका हालका सभापति तथा पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा, जो नेपालमा पाँच-पाँच पटक प्रधानमन्त्री भइसकेका व्यक्ति हुन् भने छैटौँ पटक प्रधानमन्त्री हुने आशामा ढुक्कसँग बसेका थिए । तर, उनी आन्दोलनकारीको घानमा नराम्रोसँग परे, मार खाए । केवल शेरबहादुरले मात्रै मात्र खाएनन्, उनका धर्मपत्नी तथा ओली सरकारका परराष्ट्र मन्त्री आरजु राणा देउवाले पनि नराम्रोसँग मार खाइन् । सबैभन्दा ठूलो आश्चर्यचाहिँ के देखियो भने, आन्दोलनकारीको अराजक भीडले शेरबहादुर देउवाको घरबाट करोडौं (सम्भवत: अरबौं) नेपाली रूपैयाँ र विदेशी मुद्रा (अमेरिकी डलर) निक्लिलाई मान्नुपर्ने हुन्छ । तर अचम्म सो कुरोलाई नेपाली मिडिया र नेपाली मिडियामा कार्यरत पत्रकारहरूले चाहिँ अहिलेसम्म अनदेखा गरिरहेको छ, शिवाय केही युट्युबरबाहेक ।

संयोग कस्तो भने, जुन दिन जेन-जीको आन्दोलनका क्रममा एकै दिन जना यवा तथा वयश्कहरूको मृत्यु भयो, त्यसको भोलिपल्ट आन्दोलन भड्केर उग्र रूप लियो । आन्दोलन भड्केर उग्र रूप लिएको दिन थियो, भदौ २४ अर्थात् नेपाली कांग्रेसका नेता एवं कार्यकर्ताले मान्ने गरेको 'महामानव' बीपी कोइरालाको जन्म दिन वा भनौँ जन्म-जयन्ती । हो यो वर्ष पनि भदौ २४ गते बीपी कोराइरालाको ११२औँ बीपी जन्म-जयन्ती मनाइँदै थियो । तर, बीपी कोराइरालाको जन्म विसं १९७१ भदौ २४ गते भएको थियो । जब विसं १९७४मा भीम शमशेर राणा नेपालका श्री ३ महाराज भए, भीम शमशेर राणाले आफू प्रधानमन्त्री हुनेबित्तिकै कृष्णप्रसाद कोइरालालाई आममाफी दिए । त्यसपछि कृष्णप्रसाद कोरइराला र उहाँका अन्य परिवारहरु पुन: नेपाल आई बस्न थाल्नुभयो ।

बीपी संस्थापक रहेको नेपाली कांग्रेस पार्टीले बीपी कोइरालाको सिद्धान्त, आदर्श, विचार, नीति र कार्यक्रमअनुसार आफू सरकारमा जाँदा वा भनौँ नेपाली कांग्रेसको सरकार बन्दा नेपाली कांग्रेसका नेता तथा कार्यकर्ताहरूले आफू प्रधानमन्त्री, उपप्रधानमन्त्री, मन्त्री, राज्यमन्त्री एवं सहायक मन्त्री हुँदा के-कति कामहरु गर्‍यो ? त्यसको फेहरिस्त पेस गर्ने काम त नेपाली कांग्रेसले पार्टीले विगतमा गरेकै होला र भविष्यमा पनि गर्दै जाला । त्यो काम नेपाली कांग्रेस पार्टीको निजी मामिला भयो । हुन त नेपाली कांग्रेसले बीपीको आदर्शलाई सदैव लागू गर्‍या छ त ? यो प्रश्न धेरै गम्भीर रहेको छ । जे-जस्तो भए पनि नेपालमा लगभग १०४ वर्षदेखि जरा गाडेर बसेको राणा शासन त्यति सजिलै ढल्नेवाला थिएन । त्यो विषम परिस्थितिमा पनि बीपीले दुई कांग्रेसलाई एक गरे । हुन पनि नेपालमा लगभग १०४ वर्षदेखि जरा गाडेर बसेको राणा शासन ढाल्न त्यति सजिलो थिएन । त्यसैले 'नेपाली राष्ट्रिय कांग्रेस' र 'नेपाल प्रजातन्त्र कांग्रेस' एक हुनुको विकल्प थिएन । नभन्दै विसं २००६ चैत १४ गते तदनुसार सन् १९५० मार्च २६ का दिन राष्ट्रिय कांग्रेस'का अध्यक्ष बीपी कोराइराला एवं 'नेपाल प्रजातन्त्र कांग्रेस'का अध्यक्ष महेन्द्रविक्रम शाहले एक संयुक्त वक्तव्य प्रकाशन गर्नुभयो । त्यसको लगत्तै २६ चैत २००६मा कलकत्ताको टाइगर सिनेमा हलमा एकीकृत सम्मेलनकै झल्को दिने बृहत् भेला आयोजना गरियो । भेलामा उपस्थित भएका प्रतिनिधिहरूले आफ्नो राजनीतिक पार्टीमा रहेको, बीचमा रहेको शब्द 'राष्ट्रिय' र 'प्रजातन्त्र' भन्ने शब्द हटाउन सहमत भए ।


विसं २०१५मा भएको आम निर्वाचनपछि छोटो समयका लागि बीपी कोइराला देशको कार्यकारी प्रमुख अर्थात् देशको प्रधानमन्त्री हुँदा गर्नुभएको केही अविस्मरणीय कामहरूलाई हामीले सम्झनुपर्नेजस्तो लाग्छ । जस्तै सबैभन्दा पहिले त्यो बेला सरकार प्रमुखको तलब २५ सय रहेकोमा आफू प्रधानमन्त्री हुनेबित्तिकै घटाएर १५ सय बनाए । त्यसैगरी मन्त्रीको तलब १५ सय रहेकोमा त्यसलाई घटाएर एक हजारमा झारे । त्यस्तै गरेर बीपी कोइरालाले देश विदेशमा समेत प्रभाव पर्ने काम बिर्ता उन्मूलन गर्नु, भूमि सुधार कार्यक्रम लागू गर्ने प्रयास गर्नु वनजंगल राष्ट्रीयकण गर्नु, नेपाली मुद्रा प्रचलनमा ल्याउनु, भारतीय रूपैयाँको स्थिर विनिमय दर (१०० भारूको १६०) तोक्नु, करको दर तोक्नु र सबैलाई करको दायरामा ल्याउने प्रयास गर्नु रहेको थियो । अहिले सम्झने हो भने, बीपी कोइरालाज्यूले त्यो बेलाको जमानामा सबैभन्दा क्रान्तिकारी र महत्वपूर्ण कदम चालेको चाहिँ सामन्तवादको अवशेषका रूपमा रहेको ससाना भुरे-टाकुरे राज्यका राजा अर्थात् राज्य-रजौटाहरूलाई उन्मूलन गरेकोलाई लिनुपर्नेजस्तो लाग्छ । जुन काम लरतरो आँटले गर्न सकिँदैन थियो ।

अहिलेका अधिकांश पहिलो पुस्ताका नेपाली कांग्रेसका नेताहरु बीपीको आदर्शअनुसार चलेको भए सायद जेन-जीको नाममा दुई दिनसम्म चलेको आन्दोलन जो थियो, दोस्रो दिनको अराजक भीड आन्दोलनका क्रममा शेरबहदुरलगायत बीपीका अन्य केही चेलाहरूले त्यसरी मार खानुपर्ने थिएन कि ? भन्ने अनुमान गर्न सकिन्छ । तर बीपीको आदर्शअनुसार चल्नुको सट्टा आफू-आफूले सामन्तवादको अवशेषका रूपमा रहेको ससाना भुरे-टाकुरे राज्य खडा नगरे पनि गुट र उपगुटहरु घडा गरे । त्यस्ता गुट र उपगुटहरु चलाउन र टिकाइराख्न करोडौँ, अरबौँ नेपाली रूपैयाँ र विदेशी मुद्रा (अमेरिकी डलर) जोगाड गर्न थाले । त्यस्तो रकम वैद्य कमाइबाट सम्भव थिएन । अत: अवैध कमाइ अर्थात् ठूला-ठूला आयोजनाबाट घुस, कमिसन, ठेक्का-पट्टटा, नियुक्ति आदिबाट कमाइ गर्नतिर ध्यान दिन थाले । अन्तत: महामानवका चेलाहरूको यो हरिबिजोग भयो ।

# ट्रम्प प्रशासनले एच–१ बी भिसाका लागि एक लाख डलर शुल्क उठाउने

## भारतको चासो

■ एजेन्सी
**अमेरिका, असोज ४**



अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले कुशल कामदार भिसा (एच-१ बी) का लागि नयाँ वार्षिक एक लाख अमेरिकी डलर शुल्क उठाउने घोषणा गरेको छ । यसले प्रविधि उद्योगमा ठूलो असर पार्न सक्ने भन्दै घोषणाप्रति भारतको प्रमुख व्यापारिक निकाय (नासकोम) ले शनिबार चासो व्यक्त गरेको छ।

एएफपीका अनुसार अमेरिकामा त्यस्ता भिसा अनुमतिहरु व्यापक रहेका नासकोमले बताएको छ । शुक्रबार वाशिङ्टनमा घोषणा गरिएका नयाँ उपायले कैयौँ कानुनी चुनौतीहरूको सामना गर्नुपर्नेछ। राष्ट्रपति ट्रम्पले केही महिना पहिले १० लाख अमेरिकी डलरको 'गोल्ड कार्ड' आवासीय कार्यक्रमबारे पुनरावलोकन गरेका थिए ।

'मुख्य कुरा के हो भने हामी यहाँ महान् व्यक्तिहरूलाई ल्याउँदैछौँ र उनीहरूले तिर्ने छन्', राष्ट्रपति ट्रम्पले एच-१ बी भिसा शुल्क उठाउने निर्णयमा ओभल अफिसमा आदेशमा हस्ताक्षर गरेपछि पत्रकारहरूसँग भने । एच-१ बी भिसाले वैज्ञानिक, इन्जिनियर र कम्प्युटर प्रोग्रामरजस्ता दक्षता भएका विदेशी कामदारलाई संयुक्तराज्य अमेरिकामा काम गर्न प्रायोजन गर्न पाउँछन् । यो भिसा सुरुमा तीन बर्षका लागि हुनेछ तर छ बर्षसम्म बढाउन सकिनेछ ।

संयुक्त राज्य अमेरिकाले प्रति वर्ष लटरी प्रणालीमार्फत् ८५ हजार एच-१ बी भिसा प्रदान गर्दछ । यो सुविधा प्राप्त गर्नेहरूको लगभग तीन चौथाइ भारतीय हुनेगरेको बताइएको छ । भारतको शीर्ष व्यापार निकाय नासकमले भनेको छ, 'ट्रम्प प्रशासनको निर्णयबाट तटवर्ती परियोजनाहरूको व्यावसायिक निरन्तरतामा अवरोध हुने र प्रविधि कम्पनीहरु प्रभावित हुनेछन् । ट्रम्पको आदेश अन्तर्गत नयाँ शुल्कहरु आइतबारदेखि लागू हुनेछन् ।'

'एक दिनको समयसीमाभित्रै लागू हुने एच-१ बी भिसासम्बन्धी नयाँ निर्णयले विश्वभरका व्यवसाय, व्यावसायी र विद्यार्थीका लागि निकै अन्योल सिर्जना गरेको छ', नासकमले एक विज्ञप्तिमा उल्लेख गरेको छ । विज्ञप्तिमा भनिएको छ, 'यस स्तरको नीति परिवर्तनहरु पर्याप्त सङ्क्रमण अवधिको साथ पेस गरिनु उत्तम हुन्छ । यसले सङ्गठन र व्यक्तिहरूलाई प्रभावकारी रूपमा योजना बनाउन र अवरोध कम गर्न अनुमति दिन्छ।'

ठूला प्रविधि कम्पनीहरु भारतीय कामदारहरूमा निर्भर छन् र यिनीहरु कि त संयुक्त राज्य अमेरिकामा सर्छन् वा दुई देशहरु बीच आवतजावत गर्छन् । ट्रम्पका पूर्वसहयोगी एलन मस्कलगायत प्रविधि उद्यमीहरूले एच-१बी भिसालाई लक्षित नगर्न चेतावनी दिएका छन् र भनेका छन्, 'संयुक्त राज्य अमेरिकासँग टेक्नोलोजी क्षेत्रका महत्वपूर्ण रिक्त पदहरु पूर्ति गर्न पर्याप्त स्वदेशी प्रतिभा छैन। ट्रम्पसँगै ओभल अफिसमा सहभागी वाणिज्य मन्त्री हावर्ड लुटनिकले भने, 'सबै ठूला कम्पनीहरूले यो सुविधा प्रयोग गर्नेछन्।

ट्रम्पले आफ्नो पहिलो कार्यकालदेखि नै एच-१ बी कार्यक्रम आफ्नो दृष्टिमा राखेका थिए । तर उनले आफ्नो पहिलेको दृष्टिकोणमा अदालती चुनौतीहरूको सामना गर्नुपरेको थियो, जसले योग्य रोजगारीका प्रकारहरूलाई लक्षित गरेको थियो। हालको पुनरावृत्ति उनको दोस्रो कार्यकालको प्रमुख आप्रवासन नियन्त्रणको पछिल्लो कदम बनेको छ।

सन् २०२२ मा डेमोक्र्याटिक राष्ट्रपति जो बाइडेनको नेतृत्वमा अनुमोदनको उच्च विन्दुमा शिखरमा हालैका वर्षहरूमा एच-१बी भिसा आवेदनहरूको संख्या तीव्ररूपमा बढेको छ । यसको विपरीत अस्वीकृति दर ह्वाइट हाउसमा ट्रम्पको पहिलो कार्यकालको समयमा सन् २०१८ मा उच्च रेकर्ड गरिएको थियो। संयुक्त राज्य अमेरिकाले सन् २०२४ मा लगभग चार लाख एच-१बी भिसा स्वीकृत गरेको र ती मध्ये दुई-तिहाई नवीकरण गरेको थियो। ट्रम्पले शुक्रबार गरेको आदेशमा भनिएको छ, "जसले १० लाख डलर तिर्छन् वा कर्पोरेट प्रायोजकहरूले २० लाख डलर तिर्नुपर्ने अमेरिकी आवासीय भिसाको लागि नयाँ द्रुत मार्ग सिर्जना गर्दछ।"

"मलाई लाग्छ यो एकदम सफल हुनेछ," उनले भने । दक्षिण कोरियाको विदेश मन्त्रालयले शनिबार एक विज्ञप्ति जारी गर्दै अधिकारीहरूले अमेरिकी बजारमा दक्षिण कोरियाली कम्पनीहरु र व्यावसायिक प्रतिभाको प्रगतिमा यी उपायहरूको प्रभावको विस्तृत मूल्यांकन गर्ने र अमेरिकासँग आवश्यक संवादमा संलग्न हुने बताएको छ । यसै महिना जर्जिया राज्यको हुन्डाई-एलजी ब्याट्री फ्याक्ट्री स्थलमा अमेरिकी अध्यागमन आक्रमणको क्रममा सयौँ दक्षिण कोरियालीहरूलाई पक्राउ गरिएको थियो।

# युरोपेली विमानस्थलहरूमा 'साइबर अवरोध' अवरोध

■ एजेन्सी
**ब्रसेल्स, असोज ४**

ब्रसेल्स, बर्लिन र लन्डनको हिथ्रो लगायतका प्रमुख युरोपेली विमानस्थलहरु शनिबार "साइबर-सम्बन्धित अवरोध" बाट प्रभावित भएको जनाइएको छ । अवरोधले चेक-इन र ब्यागेज ड्रप प्रणालीलाई असर गर्दा सेवा प्रभावित भएको सेवा प्रदायक कोलिन्स एरोस्पेसलाई उद्दृत गर्दै एएफपीले जनाएको छ । युरोपेली हवाई सेवा प्रदायकहरूले अवरोधको सामना गर्दा उडानमा ढिलाइ तथा उडान रद्द हुने चेतावनी दिए पछि 'एयरस्पेस फर्म' ले सम्बन्धित एयरपोर्टहरूका सफ्टवेयरमा साइबर-सम्बन्धित अवरोधको बारेमा सचेत भएको जनाएका छन् ।

अवरोध इलेक्ट्रोनिक ग्राहक चेक-इन र ब्यागेज ड्रपमा मात्र भएकाले म्यानुअल चेक-इन अपरेसनद्वारा सेवा प्रवाह गर्न सकिने कोलिन्स एरोस्पेसले बताएका छन् । शुक्रबार राति 'साइबर आक्रमण' को चपेटामा परेपछि ब्रसेल्स विमानस्थलबाट कम्तीमा १० वटा उडानहरु रद्द गरिएको तथा अन्य १७ वटा उडानहरु ढिलाइ भएको विमानस्थलले जनाएको छ ।

ब्रसेल्समा म्यानुअल चेक-इन र बोर्डिङ सेवा सुचारू गरिएको थियो, भने शनिबार उडान गर्ने यात्रुहरूलाई एयरपोर्टमा जानु अघि एयरलाइन्ससँग सम्पर्क गरी उडानको स्थिति जाँच गर्न सुचना जारी गरिएको थियो । लन्डनको हिथ्रो एयरपोर्टमा भने चेक-इन र बोर्डिङ प्रणाली पनि 'प्राविधिक समस्या' बाट प्रभावित भएकाले उडानमा ढिलाई हुनु सक्ने जनाइएको छ । बर्लिन विमानस्थलको वेबसाइटमा अवरोधका कारण युरोपमा चेक-इनमा यात्रुहरूलाई लामो समय प्रतीक्षा गर्नु परेको जनाएको छ । रासस/एएफपी

# ट्रम्पको दबावबीच अमेरिकासँग सहकार्यमा सहमत भए क्यानडा र मेक्सिको

अमेरिका, असोज ४ । क्यानाडा र मेक्सिकोका नेताहरु संयुक्त राज्य अमेरिकासँगको त्रिपक्षीय स्वतन्त्र व्यापार सम्झौता (युएसएमसिए) को संरक्षण गर्दै राष्ट्रपति डोनाल्ड ट्रम्पको कर दबावबीच यसलाई 'निष्पक्ष' बनाउन सहमत भएका छन् ।

मेक्सिकोका राष्ट्रपति क्लाउडिया सेनबामसँगको वार्तापछि क्यानाडाका प्रधानमन्त्री मार्क कार्नीले युएसएमसिएप्रति आफ्नो प्रतिबद्धता दोहोऱ्याउँदै यसले 'उत्तर अमेरिकालाई विश्वको आर्थिक ईर्ष्या' बनाएको बताए । सेनबामले सम्झौताको भविष्यबारे आशावादी रहेको बताउनुभयो । 'युएसएमसिए विजयी हुनेछ भन्नेमा मलाई विश्वास छ', उनले भने ।

सन् २०२० देखि लागू भएको सम्झौता अर्को वर्ष समीक्षाका लागि तयार छ । मेक्सिको र क्यानाडा दुवैको अर्थतन्त्रका लागि यो महत्त्वपूर्ण मानिन्छ, किनभने उनीहरूको निर्यात क्रमशः ८० प्रतिशत र ७५ प्रतिशत संयुक्त राज्य अमेरिकातर्फ जान्छ । तर, ट्रम्पले सम्झौताबाहिरका क्यानाडा र मेक्सिकाली निर्यातमा क्रमशः ३५ र २५ प्रतिशत भन्सार शुल्क लगाउनुभएको छ । यी नीतिले क्यानाडाको अटो, स्टिल र एल्युमिनियम उद्योगमा रोजगारी गुम्ने अवस्था ल्याएको छ भने मेक्सिकोको अटो र स्टिल उद्योगमा पनि असर पारेको छ ।

कार्नीले भने, 'हामी संयुक्त राज्य अमेरिकालाई पूरक बनाउँछौँ, हामी उनीहरूलाई बलियो बनाउँछौँ, हामी सबै सँगै बलियो हुन्छौँ ।' उनले अमेरिकी पक्षले युएसएमसिए समीक्षा गरिरहेको विषयलाई 'राम्रो कुरा' भन्दै कर र स्थानीय सामग्रीमा निर्णय शान्त र जानाजानी तरिकाले लिन सकिने तर्क गरे । दुवै नेताले ट्रम्पसँग साइड डिल खोज्दै प्रतिस्पर्धा नगरी सहकार्यमा अघि बढ्ने प्रतिवद्धता जनाए । आगामी वर्ष अमेरिका, क्यानाडा र मेक्सिकोले संयुक्त रूपमा आयोजना गर्ने फिफा विश्वकपलाई उदाहरण दिँदै कार्नीले भने, 'हामीसँगै अगाडि बढ्नेछौँ ।'

साथै, उनीहरूले क्यानाडा-मेक्सिको बीच द्विपक्षीय व्यापार र लगानी बढाउने नयाँ योजना घोषणा गरे । यसअनुसार, अमेरिकी बजारमा मात्र निर्भर नहुई आफ्ना बन्दरगाहमार्फत आपसी व्यापार विस्तार गर्ने तयारी छ । गत वर्ष दुई देशबीचको व्यापार ३२ अर्ब डलरभन्दा कम थियो, जुन अमेरिकासँगको व्यापारभन्दा करिब २० गुणा सानो हो । मेक्सिको क्यानाडाको तेस्रो ठूलो साझेदार हो भने क्यानाडा मेक्सिकोको पाँचौँ ठूलो साझेदार हो । विदेश मामिला, कृषि, वातावरण र सुरक्षालगायत क्षेत्रमा अझ घनिष्ठ सहकार्य गर्ने योजनामा दुवै नेता सहमत भएका छन् ।

तर, क्यानाडाका केही राजनीतिज्ञले ट्रम्पले फेन्टानिल तस्करीको प्रसङ्गमा आफ्नो देशलाई अन्यायपूर्ण रूपमा मेक्सिकोसँग जोडेको गुनासो गरेका छन् । कार्नीले भने, 'दुर्भाग्यपूर्ण तथ्य यो हो कि आपसी सीमापार अपराध दुवै दिशाबाट हुने गरेको छ ।' रासस/एएफपी

# अमेरिकी प्रतिबन्ध छल्दै रुस–भियतनामबीच गोप्य सम्झौता

## ऊर्जा नाफाबाट हतियार सम्झौताको भुक्तानी

■ एजेन्सी
**मस्को, असोज ४**

रूस र भियतनामले अमेरिकी तथा पश्चिमी प्रतिबन्धबाट जोगिन हतियार सम्झौताको भुक्तानी ऊर्जा नाफामार्फत लुकाउने संयन्त्र विकास गरेका छन् । एसोसिएटेड प्रेसका अनुसार आन्तरिक भियतनामी कागजातअनुसार संयुक्त तेल-ग्यास उद्यमको नाफा प्रयोग गरेर ऋण तिर्ने र हतियार खरिद गर्ने व्यवस्था बनेको छ, जसले विश्वव्यापी बैंकिङ प्रणालीलाई बाइपास गर्छ ।

यस योजनाअन्तर्गत भियतनामले मस्कोबाट लडाकू विमान, ट्यांक र जहाज ऋणमा लिएको छ र साइबेरियास्थित संयुक्त तेल कम्पनीको नाफाबाट किस्ता बुझाएको छ । लेनदेन नगदविना तर गोप्य ढङ्गले प्रवाह हुनेगरी डिजाइन गरिएको हो । अमेरिकाले दक्षिणपूर्व एसियामा भियतनामसँग सम्बन्ध बलियो बनाउन खोजिरहेको तर ट्रम्प प्रशासनले रूसमाथि कडा प्रतिबन्धको धम्की दिइरहेको बेला यो खुलासा भएको हो । ह्वाइट हाउसले हनोईसँग व्यापारमा २० प्रतिशत भन्सार शुल्क लगाएर वार्ता जारी राखेको छ ।

सन् २०२४मा तयार गरिएको मेमोअनुसार भियतनामको नाफा रूस पठाइन्छ । त्यसपछि रूसी राज्य स्वामित्वको कम्पनी जारूबेझनेफ्टमार्फत फेरि भियतनामको पेट्रोभियतनाममा फिर्ता हुन्छ । यसरी रकम रूस र भियतनामभित्र मात्रै सर्छ र स्विफ्ट प्रणालीबाट जोगिन्छ ।

विश्लेषकहरूले यसलाई सामान्य व्यापारिक 'अफसेट' भन्दा निकै माथिको व्यवस्था भनेका छन् । भियतनामले चीनसँगको दक्षिण चीन सागर विवादलाई ध्यानमा राख्दै आफ्नो सेनालाई बलियो बनाउन रूसी हतियारमा निर्भर रहेको देखिन्छ । अमेरिकाले भने यसलाई चीनविरुद्ध साझेदारको रूपमा हेर्छ ।

आन्तरिक कागजात चुहाउने भियतनामी अधिकारीले वासिङ्टनसँगको सम्बन्ध जोखिममा पार्ने डर औँल्याएका छन् । अमेरिकाले प्रत्यक्ष प्रतिक्रिया नदिए पनि 'प्रतिबन्ध यथावत् रहने' चेतावनी दिएको छ । यसबीच, रूसी राष्ट्रपति भ्लादिमिर पुटिनको हनोई भ्रमण (सन् २०२४)मा नयाँ ऊर्जा सम्झौताहरु भएको थियो भने सन् २०२६-२०३०को रक्षा-रणनीतिक साझेदारीमा पनि हस्ताक्षर भएको छ ।

विशेषज्ञहरूका अनुसार युरोप र अमेरिकाबाट दबाब बढेसँगै भियतनामको यो दोहोरो खेल कूटनीतिक चुनौती बन्न सक्छ ।

# सिङ्गापुर विश्वकै सुरक्षित देश : ग्यालप प्रतिवेदन



सिंगापुर, असोज ४ । 'ग्यालप' द्वारा सार्वजनिक गरिएको 'ग्लोबल सेफ्टी प्रतिवेदन' सन् २०२४ मा सिङ्गापुरलाई विश्वकै सबैभन्दा सुरक्षित देश घोषित गरिएको छ । सन् २००६ यता यो उपाधि सिङ्गापुरले १२ पटक प्राप्त गरिसकेको हो ।

सर्वेक्षण अनुसार, सन् २०२४मा ९८ प्रतिशत सिङ्गापुरवासीहरूले राति एक्लै हिँड्दा आफूलाई सुरक्षित महसुस हुने बताएका छन् । यो दर ग्यालपले विश्वभर संकलन गरेका तथ्यांकहरूमध्ये उच्चतममा पर्दछ । सिन्ह्वाका अनुसार पुरूष र महिलाबीच पनि सुरक्षा अनुभूतिको स्तर झन्डै बराबर देखिएको छ । साथै, ९८ प्रतिशत पुरूष र ९७ प्रतिशत महिलाले राति एक्लै हिँड्दा आफू सुरक्षित महसुस भएको बताएका छन् ।

प्रतिवेदनमा सिङ्गापुरको यो सफलताको कारणको रूपमा न्यून अपराध दर, प्रभावकारी कानुन कार्यान्वयन र कडाइका साथ पालन गरिने सार्वजनिक अनुशासनलाई उल्लेख गरिएको छ ।

## Invitation for Bids

**Bid Notice No.: 03/RDSPR/2082/083**

Date of Publication: 2025/09/21(5th Asoj, 2082)

1. **Road Division, Shivapur** invites open competitive Bidding from eligible bidders for the construction of following works under National Competitive Bidding Procedures.

| S. N. | Contract Identification No. | Work Site & Works Description | Estimated Amount (Exclusive of VAT, PS & Contingencies) NRs. | Average Annual Construction Turnover, NRs. | Bid Security Amount, NRs. | Bid Validity Period/Bid Security Validity Period | Bid Document Fee NRs |
|---|---|---|---|---|---|---|---|
| 1 | RDSPR/ 3370 1169/082/83/19 | Parking Sthal Nirman(Rigid Pavement works) on Sitganga Na. Pa. 02 ra Sandhikharka Na. Pa. 07 ma parne Supa Deurali Mandir (Gorushinge-Sandhikharka Road NH51). | - | 3,85,00,000.00 | 6,40,000.00 | 90/120 | 5,000.00 |
| 2 | RDSPR/33701 138/082/83/20 | Roadway Structural Works on Pattharkot To Chakla Section of NH51 Gorusinghe Sandikharka Road, Arghakhanchi. | - | 2,75,00,000.00 | 4,60,000.00 | 90/120 | 5,000.00 |
| 3 | RDSPR/33701 138/082/83/21 | Roadway Structural Works on Chakla To Sitapur Section of Gorusinghe Sandikharka Road, Arghakhanchi. | - | 3,38,00,000.00 | 5,60,000.00 | 90/120 | 5,000.00 |
| 4 | RDSPR/33701 138/082/83/22 | Roadway Structural Works along Narpani-Sandhikharka Section of Taulihawa-Gorusinge-Sandhikharka Road-NH51, Arghakhanchi. | - | 3,59,00,000.00 | 6,00,000.00 | 90/120 | 5,000.00 |

2. **Date of Purchasing, Submission and Opening of Bids;**

| Last Date of Purchasing Bid and Submission of Bids | Date of Opening of Bids | Employer's Bank Account for the Purchasing of Bid Document | Employer's Bank Account to Deposit Cash for the Bid Security |
|---|---|---|---|
| On or before 12:00 hour noon of 26th October, 2025. | 13:00 hours on the last date of bid submission at Road Division, Shivapur | Rastriya Banijya Bank, Taulihawa, Kapilvastu, Office Code No: 337014901; Revenue Account No: 1000100200010000; Rajashwa Shirshak No. 14229, Office Name: Financial Comptroller General Office | Rastriya Banijya Bank Ltd. Account No. 3110100102030000 Office Name: District Treasury Controller's Office, Kapilvastu |

3. Eligible Bidders are advised to visit the PPMO's website www.bolpatra.gov.np/egp for further details or contact to Road Division, Shivapur, E-mail: droshivapur@gmail.com

**Division Chief**

## हकदावीको सूचना

बाग्मती प्रदेश, रसुवा जिल्ला, साबिक थुमन गा.वि.स. वडा नं. ०७, हाल गोसाईकुण्ड गाउँ पालिका वडा नं ०१ बस्ने गर दोर्जे तामाङको नातिनी, भक्टु तामाङको छोरी, निमा गोम्बु तमाङको श्रीमती, श्रीमती दावा डोल्मा तामाङनी को मिति २०८१/०४/०५ गतेका दिन मृत्यु भएकोले निजको नाममा यस बैंकमा रहेको सामाजिक सुरक्षा रकमको खाता नं ०९१०५२५०००८३१० मा भएको सम्पूर्ण रकम निज, श्रीमती दावा डोल्मा तामाङनीको सबैभन्दा नजिकको हकवालाको हैसियतले आफूलाई उपलब्ध गराई पाउँ भनी निजको छोरा सोनाम वाङदी तमाङले आवश्यक कागजात सहित यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप उपर निवेदक सोनाम वाङदी तमाङ बाहेक अन्य कसैको हक दावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र सबुद प्रमाण सहित दावी गर्न आउनु हुन बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ समेतको प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ। अन्यथा निवेदक सोनाम वाङदी तमाङको माग दावी बमोजिम भई जाने व्यहोरा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।

NIMB नेपाल इन्भेस्टमेन्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.
शाखा कार्यालय, स्याफ्रुबेंसी, रसुवा
फोन न.: ०१०५४१००१, ९८५७६२२९९४

# क्षतिको दाबी भुक्तानी प्रक्रिया शीघ्र निष्कर्षमा पुऱ्याउने निर्जीवन बीमा व्यवसायी संघको प्रतिबद्धता

आर्थिक संवाददाता
काठमाडौं, असोज ४



नेपाल निर्जीवन बीमा व्यवसायी संघले आन्दोलनका क्रममा भएको क्षतिको दाबी भुक्तानी प्रक्रिया शीघ्र निष्कर्षमा पुऱ्याउन प्रतिबद्ध रहेको जनाएको छ । बीमा गरेका सवारीसाधन तथा भौतिक संरचनाको क्षतिको यथार्थ विवरणसहित सम्बन्धित निकायमा प्रक्रिया अघि बढाउन संघले आग्रह समेत गरेको छ ।

वर्तमान अवस्थामा बीमाको महत्व झनै बढेको सन्दर्भमा, बीमा कम्पनीहरूले आफ्नो सामाजिक उत्तरदायित्व पूरा गर्दै बीमितको क्षतिपूर्तिका लागि आवश्यक प्रक्रिया तीव्ररूपमा अगाडि बढाइरहेको संघले जारी गरेको विज्ञप्तिमा उल्लेख गरिएको छ । बीमित सम्पत्तिमा भएको क्षतिको यथाशीघ्र मूल्यांकन गरी, क्षति विवरणको आधारमा दाबी भुक्तानी प्रक्रिया शीघ्र निष्कर्षमा पुऱ्याउने संघले स्पष्ट पारेको छ ।

नेपाल निर्जीवन बीमा व्यवसायी संघले प्रेस विज्ञप्ति जारी गर्दै देशभर जारी आन्दोलनका क्रममा ज्यान गुमाएका प्रति हार्दिक श्रद्धाञ्जलि अर्पण गरेको छ । संघले पीडित परिवारप्रति गहिरो समवेदना व्यक्त गर्दै घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना समेत गरेको छ ।


आन्दोलनका क्रममा राष्ट्रपतिको भवन, संसद् भवन, सुरक्षा निकाय, प्रशासकीय संरचना, निजी सम्पत्ति, उद्योग, व्यापार, यातायातलगायतका भौतिक संरचनामा भएको क्षतिको गहिरो दुःख व्यक्त गर्दै संघले बीमा कम्पनीहरूलाई यस संकटको समयमा दाबी भुक्तानीलाई प्राथमिकतामा राखेर काम गर्न मातहतका निकायमा आह्वान गरेको छ ।

संघका अध्यक्ष राजेन्द्र मल्लले बीमितहरूले आफ्नो क्षतिको विवरणसहित आवश्यक कागजातहरु चाँडो बीमा कम्पनीमा बुझाई दाबी प्रक्रिया सहज बनाउने कार्यमा सहयोग गर्न अपिल गरेका छन् । साथै, बीमा कम्पनीहरूले पनि दाबी भुक्तानी प्रक्रिया छिटो टुंगोमा पुऱ्याउने उद्देश्यका साथ काम गरिरहेको अध्यक्ष मल्लले बताए ।

२०७२को भूकम्प र कोभिड महामारीपछिका अनुभवले बीमाको आवश्यकता र उपयोगितालाई गम्भीररूपमा महसुस गराएको सन्दर्भमा, हालको परिस्थितिमा बीमा कम्पनीहरूको सक्रियता सकारात्मक र आशाजनक देखिएको अध्यक्ष मल्ले बताए ।

# पुँजी बजार सुधारको लागि चार सदस्यीय कार्यदल गठन

आर्थिक संवाददाता
काठमाडौं, असोज ४


नेपाल सरकार
अर्थ मन्त्रालय
( योजना, अनुगमन तथा मूल्यांकन महाशाखा )
सिंहदरबार, काठमाडौं
नेपाल ।
पत्र संख्याः-
च. नं.:-
प्रेस विज्ञप्ति
कार्यदल गठन सम्बन्धमा

पुँजी बजारमा विकसित विसङ्गति तथा समस्याको अध्ययन गरी तत्काल आम लगानीकर्ताको मनोबल वृद्धिका लागि चाल्नुपर्ने प्रणालीगत तथा प्रक्रियागत सुधारको लागि सुझाव र ठोस कार्यान्वयन कार्ययोजना ५(पाँच) दिनभित्र प्रस्तुत गर्ने प्रयोजनार्थ नेपाल सरकार(अर्थमन्त्रीस्तर) को मिति २०८२/०६/०३ को निर्णयानुसार देहाय बमोजिमको कार्यदल गठन गरिएको व्यहोरा जानकारीको लागि अनुरोध छ ।

१. संयोजक श्री रुपेश के.सी., का.मु. कार्यकारी निर्देशक, धितोपत्र बोर्ड नेपाल।
२. सदस्य श्री शरण अधिकारी, निर्देशक, नेपाल राष्ट्र बैंक।
३. सदस्य श्री निरन्जन फुयाँल, का.मु. कार्यकारी निर्देशक, नेपाल स्टक एक्सचेञ्ज लिमिटेड।
४. सदस्य सचिव श्री शरद निरौला, उपसचिव, अर्थ मन्त्रालय।

टंक प्रसाद पाण्डेय
सहसचिव एवम् प्रवक्ता

पुँजी बजार सुधारको लागि चार सदस्यीय कार्यदल गठन भएको छ । सेयरबजार परिसूचक नेप्से गत बिहीबार एकैदिन छ प्रतिशतले घटेपछि अर्थमन्त्री रामेश्वर खनालको निर्देशनमा पुँजीबजार सुधारको लागि कार्यदल गठन भएको हो ।

अर्थ मन्त्रालयको योजना, अनुगमन तथा मूल्यांकन महाशाखाले शुक्रबार पुँजी बजार सुधारको लागि कार्यदल गठन गरेको हो । कार्यदलमा नेपाल धितोपत्र बोर्डको कामु कार्यकारी निर्देशक रूपेश केसी संयोजक रहेका छन् भने सदस्यहरूमा नेपाल राष्ट्र बैंकका निर्देशक शरण अधिकारी, नेपाल स्टक एक्सचेन्जका कामु कार्यकारी निर्देशक निरन्जन फुँयाल र सदस्यमा अर्थमन्त्रालयका उपसचिव शरद निरौला रहेका छन् ।

पछिल्लो समय जेनजी आन्दोलनकै कारण सेयरबजारमा निकै ठूलो पहिरो गएको छ । यो अवस्थामा सेयरबजारमा विकसित विसंगति तथा समस्याको अध्ययन गर्न भन्दै कार्यदल गठन भएको हो । 'पुँजी बजारमा विकसित विसंगति तथा समास्याको अध्ययन गरी तत्काल आम लगानीकर्ताको मनोबल वृद्धिका लागि चाल्नुपर्ने प्रणालीगत तथा प्रक्रियागत सुधारको कार्यदल गठन भएको हो ।' अर्थ मन्त्रालयले भनेको छ । कार्यदलले अबको पाँच कार्य दिनभित्रमा सेयर बजार सुधारको ठोस योजनासहितको कार्ययोजना पेस गर्नुपर्नेछ ।

# कलश स्टकको वार्षिक साधारणसभा




आर्थिक संवाददाता
काठमाडौं, असोज ४

कलश स्टक लिमिटेडले वार्षिक साधारणसभाको आह्वान गरेको छ । कम्पनीले यही असोज २४ गते राजधानी काठमाडौंमा आफ्नो तेस्रो वार्षिक साधारणसभा गर्न लागेको हो ।

वार्षिक साधारणसभामार्फत कम्पनीले हाल कायम रहेको चुक्ता पुँजीको एक दशमलव शून्य पाँच प्रतिशतका दरले हुन आउने २१ लाख पाँच हजार दुई सय ६३ रूपैयाँबराबरको नगद लाभांश वितरणको प्रस्ताव पारित गर्ने तयारी गरेको छ । यसबाहेक गत आर्थिक वर्षको वित्तीय विवरण पारित गर्ने समेतको योजना रहेको कम्पनीले जानकारी दिएको छ ।

# मुक्तिनाथ विकास बैंकले १८ प्रतिशत लाभांश वितरण गर्ने

मुक्तिनाथ विकास बैंक लिमिटेड
MUKTINATH BIKAS BANK LIMITED

आर्थिक संवाददाता
काठमाडौं, असोज ४

मुक्तिनाथ विकास बैंक लिमिटेडले लाभांश घोषणा गरेको छ । बैंकले हाल कायम चुक्ता पुँजीको १८ दशमलव २० प्रतिशतका दरले लाभांश वितरण गर्ने घोषणा गरेको हो ।

बैंकका अनुसार घोषित लाभांशमध्ये १३ दशमलव ५३ प्रतिशत बोनस सेयर रहेको र चार दशमलव ६७ प्रतिशत नगद लाभांश (कर प्रयोजनार्थसहित) रहेको छ । बैंक सञ्चालक समितिको यही भदौ ३१ गते बसेको बैठकले गरेको लाभांश घोषणासम्बन्धी प्रस्ताव नेपाल राष्ट्र बैंकको स्वीकृति एवं बैंकको आगामी वार्षिक साधारणसभाबाट पारित भएपछि कार्यान्वयनमा आउनेछ ।

# महालक्ष्मी विकास बैंकद्वारा प्रहरी वृत्त दरबारमार्गको कार्यालय भवन मर्मतमा सहयोग




आर्थिक संवाददाता
काठमाडौं, असोज ४

महालक्ष्मी विकास बैंकले प्रहरी वृत्त दरबारमार्गको कार्यालय भवन मर्मत सम्भारमा सहयोग गरेको छ । बैंकले मुलुकमा हालै भएको आन्दोलनको क्रममा भएको आगजानी तथा तोडफोडको कारणले क्षतिग्रस्त भएको प्रहरी वृत्त दरबारमार्ग, काठमाडौंको भवनको पुनर्निर्माण कार्य तथा मर्मत सम्भारको लागि आर्थिक सहयोग गरेको हो ।

दरबारमार्गमा रहेको उक्त प्रहरी कार्यालयमा न्यूनतम प्रशासनिक कार्यहरु गर्न कठिनाइ भएकोले तत्कालको लागि कार्यालय भवनको मर्मत सम्भार तथा अन्य सिभिल कार्यहरु गर्न आर्थिक सहयोग गरिएको हो । यस कार्यबाट प्रहरी वृत्त दरबारमार्गमा भइरहेको पुनर्निर्माण तथा मर्मत सम्भार कार्य छिटो सम्पन्न हुने तथा यस सहयोगबाट पुनर्निर्माण तथा मर्मत सम्भारको प्रयासमा एक इँटा थप हुने विश्वास बैंकले लिएको छ ।

साथै बैंकको सम्पूर्ण सेवाहरु पूर्णरूपमा सञ्चालनमा आइसकेको तथा डिजिटल बैंकिङ सेवाहरु सुरक्षितरूपमा सञ्चालन भइरहेको व्यहोरा समेत जानकारी गराइन्छ । नेपाली जनताको घरदैलोमा अनवरतरूपले गुणस्तरीय वित्तीय सेवा प्रदान गर्दै आएको यस बैंकको लेकसाइड शाखाबाहेक एक सय दुईवटा शाखा कार्यालयहरु हाल सञ्चालनमा छन् ।

## एउटै सहकारीको एकैचोटी तीन ठाउँमा साधारणसभा

# सिद्धि गणेश बचत तथा ऋण सहकारीको नाफा चार करोड ६४ लाख ३२ हजार

आर्थिक संवाददाता
भक्तपुर, असोज ४

नेपालकै अधिक सदस्य रहेको संस्थाको रूपमा रहेको सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्थाले पहिलो पटक संस्थाबाहेकका अन्य व्यक्तिलाई अतिथि नबनाईकन साधारणसभा गरेको छ । १७ हजार आठ सय सदस्य रहेको भक्तपुरको सिद्धि गणेशले अजिमा पार्टी महल, स्टार बैंक्वेट र महेश्वरी बैंक्वेटमा गरी तीन ठाउँमा एकैदिन एकै समयमा शनिबार क्षेत्रगतरूपमा साधारणसभा गरेको हो । संस्थाको ३१औँ साधारणसभाले कोषाध्यक्ष जयराम गोर्खालीद्वारा प्रस्तुत आव २०८१/०८२को स्रोत तथा उपयोगतर्फ तीन अर्ब २६ करोड ३१ लाख ४३ हजार एक सय नौ रूपैयाँ र आय तथा व्यय तर्फ २५ करोड ४० लाख ९७ हजार आठ सय ५५ रूपैयाँको यथार्थ आर्थिक प्रगति प्रतिवेदन पारित गरेको थियो । आव २०८२/०८३को स्रोत तथा उपयोगतर्फ तीन अर्व ३६ करोड रूपैयाँ र आय तथा व्यय तर्फ २१ करोड ७८ लाख १२ हजार रूपैयाँको अनुमानित बजेट तथा कार्यक्रमहरु पारित गरेको थियो ।

सभाले सञ्चालक समितिको तर्फबाट सचिव विष्णुप्रसाद दुमरूद्वारा प्रस्तुत आव २०८१/०८२को प्रगति प्रतिवेदन तथा आव २०८२/०८३को प्रस्तावित कार्यक्रमहरु पनि सर्वसम्मतले पारित गरेको छ । सभाले लेखा सुपरिवेक्षण समितिको तर्फबाट संयोजक रामप्रसाद लाखाजुद्वारा प्रस्तुत आव २०८१/०८२को लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन पारित गर्ने निर्णय गरेको थियो । संस्थाको सञ्चालक समितिको निर्णयअनुसार आव २०८१/८२को सेयर पुँजीमा ६ प्रतिशत करकट्टीसहितको दरले लाभांश वितरण गर्ने प्रस्ताव पारित गर्ने निर्णय पनि गरेको छ ।

यसैगरी संस्थाका सञ्चालक समितिको निर्णयअनुसार आव २०८१/८२ को संरक्षित पुँजी फिर्ता कोषमा रहेको रकममध्ये ५० लाख रूपैयाँ रकम नियमानुसार वितरण गर्ने प्रस्ताव पारित गर्ने निर्णय पनि साधारणसभाले गरेको छ । साधारणसभाअन्तर्गत अजिमा पार्टी महलमा भएको कार्यक्रममा संस्थाका अध्यक्ष रूद्रनारायण लाखाले ३१ जनाबाट सुरू भएको सिद्धि गणेशमा हाल १७ हजार ६ सय सदस्य पुगेकोमा खुशी प्रकट गरे । विगतमा साधारणसभामा उत्कृष्ट बचतकर्ता, उत्कृष्ट ऋणीलाई सम्मान गर्दै आएकोमा अहिले राष्ट्रिय सहकारी प्राधिकरणले कुनै पनि किसिमको उपहार, सम्मान, भोजभतेर र परिवहन खर्च नदिनु भनेकाले सोहीअनुरूप साधारणसभा मितव्ययितापूर्वक सम्पन्न गरेको जानकारी दिए ।

सहकारीका कोषाध्यक्ष जयराम गोर्खालीले बदलिंदो परिस्थिति र लगानीमा भएको कमीले गर्दा सात करोड ८७ लाख नाफा कमाउने लक्ष्य राखिएकोमा आर्थिक वर्ष २०८१/८२मा चार करोड ६४ लाख ३२ हजार रूपैयाँ मात्र नाफा आर्जन भएको जानकारी दिए । यस वर्ष खुद नाफा लक्ष्यभन्दा धेरै कम हुनुमा ऋण नोक्सानी व्यवस्था राष्ट्रिय सहकारी नियमन प्राधिकरणको निर्देशन बमोजिम ऋण नोक्सानी व्यवस्थामा १ करोड ६९ लाख ७ हजार व्यवस्था गर्नुपरेका कारणले पनि भएको स्पष्ट पारे ।

संस्थाका सञ्चालक रत्नश्वरी चवालले सचिवको प्रतिवेदन पेस गर्दै संस्थाको सेयर पुँजी २६ करोड २५ लाख ४५ हजार रूपैयाँ बचत तथा निक्षेप दुई अर्ब ६४ करोड २० लाख ५६ हजार, जगेडा कोष




२७ करोड ५८ लाख ४५ हजार, संरक्षित पुँजी फिर्ता कोष ८२ लाख ४९ हजार छ सय १३, सहकारी प्रवर्द्धन कोष एक लाख ६४ हजार, अन्य कोषहरु दुई करोड ४५ लाख, सदस्य ऋण लगानी १ अर्ब ८२ करोड ६८ लाख २३ हजार गरी कुल तीन अर्ब २६ करोड ३१ लाख ४३ हजारको सम्पत्ति रहेको विवरण पेस गरे । संस्थाका व्यवस्थापक शिला गोसाईंले नियमनकारी निकायबाट विभिन्न समयमा जारी भएका निर्देशन र मापदण्डको परिपालना गरेकै कारण सिद्धि गणेश सहकारी सुरक्षित रहेको र जनताको मनमनमा बस्न सफल भएको बताए ।

कार्यक्रममा लेखा समितिका संयोजक रामप्रसाद लाखाजुले सुपरिवेक्षण समितिको प्रतिवेदन प्रस्तुत गरेका थिए । सो कार्यक्रममा सञ्चालक राजन लाखाले तीनवटा क्षेत्रगत साधारणसभाले १० -१० जना सदस्यहरूलाई निर्णय प्रमाणीकरण गर्ने व्यक्तिको रूपमा चयन गरेको जानकारी दिए । सिद्धि गणेश सहकारी संस्थाको ३१औँ वार्षिक साधारणसभाअन्तर्गत कमलविनायक स्टार बैंक्वेटमा संस्थाका सचिव विष्णु प्रसाद दुमरूको सभापतित्वमा कार्यक्रम सम्पन्न गरी १० बुँदे निर्णयसमेत पारित गरेको छ ।

कार्यक्रममा पूर्वअध्यक्ष तथा बचत उपसमितिका संयोजक कृष्ण गोविन्द लाखाजुले आव २०८१/८२को आर्थिक प्रगति प्रतिवेदन र आव २०८२/८३को अनुमानित बजेट प्रस्तुत गरेका थिए । उनले गत आवमा सेयरअन्तर्गत ७२ लाख १५ हजार पाँच सय रूपैयाँ कमी आएको उल्लेख गर्दै, उपयोग सम्पत्तितर्फ १३ करोड ५० लाख रूपैयाँ छुट्याइएको जानकारी दिए । साथै, १७ हजार सेयर बाँकी रहेकाले आवश्यक परे थप सेयर निकाल्न सकिने जानकारी दिए । संचालक समितिका सदस्य तुल्सिदास दुमरूले आव २०८१/८२को प्रगति प्रतिवेदन र आव २०८२/८३का प्रस्तावित कार्यक्रम प्रस्तुत गरे । उनले सम्पत्ति शुद्धीकरण निवारण निर्देशिकाको पालना, नीतिगत संशोधन तथा आगामी गतिविधिहरूबारे स्पष्ट पारे ।

कार्यक्रममा लेखा समितिका सदस्य हेरा ख्याजुले सुपरिवेक्षण समितिको प्रतिवेदन प्रस्तुत गरेका थिए । सभापति एवं सचिव विष्णुप्रसाद दुमरूले सिद्धि गणेश सहकारी संस्थाले अन्य सहकारीभन्दा बढी भरपर्दो र पारदर्शी ढंगले काम गर्दै आएको बताए । कार्यक्रममा सदस्य रमेश दुमरू, रञ्जन प्रजापति, चिरीमैया लाखाजु, सुन्दर मानन्धरसहितका बचतकर्ताको उपस्थिति थियो ।

यसैबीच संस्थाको क्षेत्र नं ५ र ६ को साधारणसभा महेश्वरी बैक्वेट थुसाचामा सम्पन्न भयो । साधारणसभामा उपाध्यक्ष विष्णुराम दुमरूले सरकारमा बसेकाहरूको राम्रो सुझबुझ नभएका कारण सहकारी संस्थाहरु समस्यामा पर्दै आएको बताए । सहकारी संस्थाहरूलाई व्यवस्थित गर्ने नाममा देशभरका सहकारी संस्थाहरूलाई एउटा नियम लागू गर्न खोज्नु उपयुक्त नभएको उनको भनाइ थियो । उनले खर्च कटौतीको नाममा हालसालै सहकारीबाहिरका अतिथिहरु ल्याएर साधारणसभा गर्न नपाउने बन्दोबस्त गर्नु पनि उचित नभएको बताए । यसो हुँदा विज्ञका कुराहरु सुन्न नपाउने भई ज्ञानको दायरा खुम्चित गएको उनले बताए ।

साधारणसभामा संस्थाका पूर्वअध्यक्ष एवं सञ्चालक सदस्य हरिरत्न गोर्खालीले स्थानीयले चलाएको सहकारी भाग्न सक्दैन भन्दै त्यस्ता सहकारीमा रकम जम्मा गर्न डराउनु नपर्ने बताए । साधारणसभामा सञ्चालकहरु रामचन्द्र दुमरू, राधेश्याम सैंजू, सपना कवांलगायतले पनि बोलेका थिए ।

## अरुण भ्याली हाइड्रोपावरद्वारा लाभांश घोषणा

काठमाडौं, असोज ४ । अरूण भ्याली हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेडले लाभांश घोषणा गरेको छ । कम्पनीले गत असार मसान्तसम्म कायम चुक्ता पुँजीको आठ प्रतिशत बोनस सेयर र सोको कर प्रयोजनार्थ शून्य दशमलव ४२ प्रतिशत नगद लाभांश वितरण गर्ने घोषणा गरेको हो ।

कम्पनीको यही असोज एक गते बसेको सञ्चालक समितिको बैठकले गरेको लाभांश वितरणसम्बन्धी प्रस्ताव विद्युत् नियमन आयोगबाट स्वीकृत भई आगामी कम्पनीको आगामी वार्षिक साधारणसभाले पारित गरेपश्चात् कार्यान्वयनमा आउनेछ ।

## कुमारी बैंकले संस्थापक सेयर बिक्री गर्ने

काठमाडौं, असोज ४ । कुमारी बैंक लिमिटेडले संस्थापक सेयर बिक्री गर्ने भएको छ । बैंकले एक हजार तीन सय २२ कित्ता संस्थापक सेयर बिक्री गर्न लागेको हो । बैंकले उक्त सेयर हाल बैंककै विद्यमान संस्थापक सेयरधनीहरूले मात्रै किन्न पाउने गरी बिक्रीमा राखेको हो ।

यसका लागि सेयरधनीहरूलाई ३५ दिनको समयावधि दिइएको छ भने इच्छुकले नक्सालस्थित कुमारी क्यापिटल लिमिटेड वा टंगालस्थित बैंकको प्रधान कार्यालयमा निवेदन दिन सकिने बैंकले जानकारी दिएको छ ।

# बैंक तथा फाइनान्स कम्पनीहरुको आर्थिक बर्ष २०८१/०८२ को नाफा र निष्क्रिय कर्जाको अवस्था (रकम रु हजारमा, निष्क्रिय कर्जा प्रतिशतमा)

वाणिज्य बैंकतर्फ

बैंकहरुको नाफा र खराब कर्जाको अवस्था (रकम रु हजारमा, खराब कर्जा (एनपिएल) प्रतिशतमा)

| क्र.स | वाणिज्य बैंकको नाम | चौंथो त्रैमाससम्म | | | |
|---|---|---|---|---|---|
| | | २०८१/०८२ | | २०८०/०८१ | |
| | | खुद नाफा | एनपिएल | खुद नाफा | एनपिएल |
| १ | कुमारी बैंक | २११६४०९.०५ | ६.४२ | ४६०८.७० | ५.९६ |
| २ | माछापुच्छ्रे बैंक | २०११४६१.५१ | ३.८३ | १०४५१९९.१८ | ३.८६ |
| ३ | सिद्धार्थ बैंक | ३३९५२८५.७३ | २.६२ | ३०८००२८.६८ | २.१७ |
| ४ | सिटिजन्स बैंक | १२९३३२१.३९ | ४.९४ | १३२०७३१.०० | ४.१० |
| ५ | कृषि बिकास बैंक | ४१५४४७५.७९ | ९.९६ | २८९७४८७.८० | ९.२४ |
| ६ | सानिमा बैंक | २५७११५५.९५ | ३.०१ | २३९७४४३.८३ | १.७२ |
| ७ | एभरेष्ट बैंक | ४९१८१६५ | ०.३८ | ३८०३२२५ | ०.७१ |
| ८ | एनएमबी बैंक | ३२८१७९२ | ३.७२ | २२४४३९५ | ३.४० |
| ९ | नबिल बैंक | ७१२७५६६ | ०.९७ | ६१९७१०९ | १.३७ |
| १० | हिमालयन बैंक | १५१२५३२.११ | ७.२८ | १२३८३०३.५९ | ४.९८ |
| ११ | प्रभु बैंक | ५४४२६९३ | ४.९६ | ५१०८५६ | ४.९४ |
| १२ | ग्लोवल आईएमई बैंक | ६२०४७४५ | ४.८७ | ६१३७४५४ | ४.१७ |
| १३ | नेपाल बैंक | ३७७३००९.९८ | ४.४७ | २८४२०.०३ | ४.३३ |
| १४ | राष्ट्रिय बाँणिज्य बैंक | ३८१६७०९.९० | ३.५९ | २५५२४६७.५१ | ४.२८ |
| १५ | नेपाल एसबिआई बैंक | १८०२५८०.१२ | ३.३५ | १९९९७७२.८८ | १.९६ |
| १६ | लक्ष्मीसनराईज बैंक | ४११६९६७ | ४.२५ | २९२०३७९ | ४.६३ |
| १७ | नेपाल इन्भेष्टमेन्ट मेगा बैंक | ६७५६६४९ | ५.८५ | ४१०८८९२ | ४.९१ |
| १८ | प्राईम कर्मसियल बैंक | ४०२४४३१.५६ | ५.५६ | ३५०७६९४.९९ | ४.६५ |
| १९ | स्टान्र्डड चार्टड बैंक | ३०२९३०३ | १.४७ | ३२७५२५८ | २.१४ |
| २० | एनआईसी एशिया बैंक | १६१५७३.२३ | ६.२८ | ७९१४७९.६३ | ३.४५ |

(श्रोत: सम्वन्धीत बैंकको गत आवको चौंथो त्रैमासिक अपरिष्कृत वित्तीय विवरण)

बिकास बैंकतर्फ

| क्र.स | बिकास बैंकको नाम | चौथो त्रैमाससम्म | | | |
|---|---|---|---|---|---|
| | | २०८१/०८२ | | २०८०/०८१ | |
| | | खुद नाफा | एनपिएल | खुद नाफा | एनपिएल |
| १ | कामना सेवा बिकास बैंक | ६३५२९७.०५ | ३.३८ | ६८१५३१.८२ | ३.३६ |
| २ | सिन्धु बिकास बैंक | ११७८७८.७५ | ६.०३ | ३०४१२.८६ | १०.६३ |
| ३ | साँग्रिला डेभलपमेन्ट बैंक | ५३७०९५.११ | ५.६४ | ५०४२८०.४५ | ३.९३ |
| ४ | ग्रीन डेभलपेन्ट बैंक | ६९४०८.३९ | ३.३३ | ३८६६१.२४ | ३.१८ |
| ५ | मितेरी डेभलपमेन्ट बैंक | १३०४०२.०७ | ०.२८ | १४४९५०.९४ | ०.८१ |
| ६ | शाईन रेसुंगा बैंक | ६८८६२९.९४ | ४.२४ | ६८५३२१.४४ | ३.४३ |
| ७ | महालक्ष्मी बिकास बैंक | ५०६६६५.४४ | ४.८९ | ५००३६४.९२ | ४.६७ |
| ८ | ज्योति बिकास बैंक | १२३७८.८३ | ७.९८ | १७०५०३.५८ | ५.२९ |
| ९ | लुम्बिनी बिकास बैंक | ३७९८८४.८५ | ४.५५ | ५४३६६७.५२ | ३.२९ |
| १० | एक्सेल डेभलपमेन्ट बैंक | ४०९०१.४८ | ६.७१ | ४३४९४.८८ | ६.१६ |
| ११ | गरिमा बिकास बैंक | १३१०३९२.५९ | ४.७२ | ४३३९५१.८६ | ४.८५ |
| १२ | कर्पोरेट डेभलपमेन्ट बैंक | -१६३८५.८५ | १२.३६ | २०१९०.१८ | ११.५६ |
| १३ | नारायणी डेभपमेन्ट बैंक | -२५१६९.२० | ५०.९७ | -१७८००.१८ | ४६ |
| १४ | मुक्तिनाथ बिकास बैंक | १५३७४३१ | २.७५ | ११७६३३५ | २.३७ |

(श्रोत: सम्बन्धित विकास बैंकको गत आवको चौथो त्रैमासिक अपरिष्कृत वित्तीय विवरण)

फाइनान्सतर्फ

| क्र.स | फाइनान्सको नाम | चौंथो त्रैमाससम्म | | | |
|---|---|---|---|---|---|
| | | २०८१/०८२ | | २०८०/०८१ | |
| | | खुद नाफा | एनपिएल | खुद नाफा | एनपिएल |
| १ | मञ्जुश्री फाइनान्स | ३१४३८२.९६ | ३.११ | २२४६१५.३६ | ३.२२ |
| २ | पोखरा फाइनान्स | ११३९०८.८९ | ४.५९ | -१०६४५९.३० | १०.०१ |
| ३ | आईसीएफसी फाइनान्स | ३४४९४३ | १.८३ | ११३२४३.३१ | ३.६८ |
| ४ | समृद्धि फाइनान्स | ३१९३५.५४ | ९.६६ | -१३६१२३.११ | २०.२३ |
| ५ | सेन्ट्रल फाइनान्स | ८९१४८.१० | १४.१८ | ३४१३६३.४२ | १३.३९ |
| ६ | गुह्येश्वरी मर्चेन्ट फाइनान्स | २७९५८ | ६.१६ | -३७९८ | ६.३१ |
| ७ | गोर्खाज फाइनान्स | -१२७३९४.५४ | १६.१० | ४२३७२.८५ | १२.७३ |
| ८ | श्री इन्भेष्ट एण्ड फाइनान्स | ६९९३०.६१ | २.५७ | ६१६५९.३२ | २.८६ |
| ९ | मल्टीपर्पस फाइनान्स | २३३२४.३१ | ५.४७ | १६४८५.२५ | ४.३४ |
| १० | बेष्ट फाइनान्स | २०७७.५० | ८.६४ | -१००६१४.५० | ५.९७ |
| ११ | रिलायन्स फाइनान्स | ४२७०४ | ९.०० | ४२६०९ | ६.४७ |
| १२ | नेपाल फाइनान्स | २१७४५.८७ | ९.७४ | -२८१८१.५३ | १३.४२ |
| १३ | गुडविल फाइनान्स | ५११९.३९ | ५.७६ | १४८४२९.२८ | ४.८९ |
| १४ | प्रोग्रेसिभ फाइनान्स | १११९३८.७० | ४.४४ | ११६८५७.०८ | ८.९२ |

(श्रोत: सम्बन्धित फाइनान्सको गत आवको चौंथो त्रैमासिक अपरिष्कृत वित्तीय विवरण)

लघुवित्त वित्तीय संस्थातर्फ

| क्र.स | लघुवित्त वित्तीय संस्थाको नाम | चौंथो त्रैमास | | | |
|---|---|---|---|---|---|
| | | २०८१/०८२ | | २०८०/०८१ | |
| | | खुद नाफा | एनपिएल | खुद नाफा | एनपिएल |
| १ | गुराँस लघुवित्त संस्था | ३९५८३.४५ | २.९१ | २०८३७.६७ | ३.६७ |
| २ | सर्पोट लघुवित्त वित्तीय संस्था | ५११९८.६० | १.५८ | २१२७७.०४ | १.८२ |
| ३ | इन्फिनिटी लघुवित्त संस्था | ९३७५५.०४ | ७.४३ | ४५७९८.४७ | १०.१९ |
| ४ | आरम्भ चौतारी लघुवित्त | ९४४१८.६० | २.१३ | ६८०.९७ | ४.२१ |
| ५ | कालिका लघुवित्त संस्था | १०८०६८.५२ | ४.६७ | ७९२१७.६१ | ३.७९ |
| ६ | हिमालयन लघुवित्त संस्था | ९१७७३.२९ | ५.३३ | –२००७.७१ | ३.४९ |
| ७ | महुली लघुवित्त संस्था | ११४५२९.९१ | ४.८० | ३२१८९.२९ | ३.९४ |
| ८ | सिवाईसी नेपाल लघुवित्त | ११७४७८.३१ | ४.५४ | ३८०८८.०९ | ४.०५ |
| ९ | आशा लघुवित्त संस्था | २०९२७७.९८ | ४.४८ | ६००८९.८७ | ४.८१ |
| १० | फर्ष्ट माईक्रो फाइनान्स | १३१७२६.८० | ३.८४ | १४०६४९.२३ | ३.१६ |
| ११ | स्वाभिमान लघुवित्त संस्था | ७२३५०.९८ | ४.२० | ७८७२.४१ | ७.३५ |
| १२ | समता घरेलु लघुवित्त संस्था | ८४९९८.१० | ६.८७ | २४९३३.०४ | १०.४५ |
| १३ | नाडेप लघुवित्त संस्था | ५३७२७.१४ | १४.१४ | –७४४२१.९३ | ९.९६ |
| १४ | मेरो माईक्रो फाइनान्स | २१६०९०.२१ | ९.९९ | १४५७१७.६३ | ८.२३ |
| १५ | एनएमबी लघुवित्त संस्था | ६३८४१.५७ | ४.४३ | –५२९१६.३१ | ६.३६ |
| १६ | अभियान लघुवित्त संस्था | ६६०५०.२० | ४ | –२४४६६.६९ | ४.९८ |
| १७ | ग्लोवल आईएमई लघुवित्त | २३५८७२.०० | ३.६२ | १०६२९४.५९ | ४.०७ |
| १८ | नेरूडे लघुवित्त संस्था | २५४०१७.२० | ११.३२ | ३०१९४२.८१ | १०.४१ |
| १९ | युनिक नेपाल लघुवित्त | ४०५२८.४१ | १२.२१ | –८७४५७.९१ | १७.४२ |
| २० | स्वरोजगार लघुवित्त संस्था | २३९७०५.८० | ७.५४ | १११४०५.६६ | ५.५६ |
| २१ | लक्ष्मी लघुवित्त संस्था | १९६००.१३ | १०.३० | १३५२१.७९ | ७.४७ |
| २२ | सुर्योदय वोमी लघुवित्त | १३८२४४.१४ | ४.७० | ५६९४७.१३ | ६.११ |
| २३ | जनउत्थान सामुदायिक लघुवित्त | १४६५०.४७ | ६.१६ | १२१४८.२९ | ६.६५ |
| २४ | सम्पदा लघुवित्त संस्था | ८०३३१.०८ | ६.०० | ७३४२१.०९ | ४.८० |
| २५ | मानुषी लघुवित्त संस्था | १३०३४.५६ | ६.१४ | –७८९२.१२ | ८.०४ |
| २६ | श्रजनशील लघुवित्त संस्था | ४५०८५.७४ | ९.७९ | १४०३८.९६ | ६.४९ |
| २७ | नेशनल लघुवित्त संस्था | ४७४०४६ | ४.११ | २००५८८ | ३.६१ |
| २८ | बिजय लघुवित्त संस्था | ९६७७८.१४ | ९.६० | ३०४०४.७४ | २०.५० |
| २९ | स्वालम्वन लघुवित्त संस्था | ४४२६७४.५३ | ९.४७ | ३५९७८३.८५ | ७.९२ |
| ३० | ग्रामिण बिकास लघुवित्त | ३१४४७३.७२ | ४.७० | २८४७१२.०१ | ७.२५ |
| ३१ | सामुदायिक लघुवित्त संस्था | ३९८८.२१ | ४.८९ | -४१७७६.८८ | ७.९० |
| ३२ | छिमेक लघुवित्त संस्था | १२१२८७४.४९ | २.५५ | ९४४४१५.८७ | ३ |
| ३३ | एनआईसी एशिया लघुवित्त | -४४८६६५.२ | १६.९९ | १२७१२४.१६ | ९.९२ |
| ३४ | निर्धन उत्थान लघुवित्त | ८३५०७८.४७ | ८.४४ | २६६२४८.५६ | १०.६० |
| ३५ | नेष्डो समृद्ध लघुवित्त | -१००९९.६२ | २१.०६ | -१२१७२२.५६ | २६.४१ |
| ३६ | जीवन बिकास लघुवित्त | ७४०३६३.७५ | ४.८७ | २१००४९.०५ | ४.६६ |
| ३७ | डिप्रोक्स लघुवित्त संस्था | ६९११५४.५४ | ७.३३ | १५९८७८.८९ | ५.८९ |
| ३८ | फरवार्ड माईक्रो फाइनान्स | ६५३१०.४३ | ६.५६ | २९०८५३.६७ | ६.८१ |
| ३९ | साना किसान लघुवित्त | ८७८७०१.१२ | २.६५ | ९२१९४४.४३ | २.१८ |
| ४० | वीन लघुवित्त वित्तीय संस्था | ९६९७.७३ | ३.९३ | ११४७.९० | ८.६७ |
| ४१ | महिला लघुवित्त संस्था | ८४१४७.३० | १.९६ | ४८१३६.६६ | ३.७७ |
| ४२ | मातृभूमि लघुवित्त संस्था | -५७९४८.६८ | ८.७६ | -२७३९६.५० | ९.८५ |
| ४३ | समाज लघुवित्त संस्था | १४१९०.९४ | ४.७६ | ५१३०.५३ | ४.८२ |
| ४४ | धौलागिरी लघुवित्त संस्था | १५२०८.४२ | ७.३७ | -४४३६.६१ | ८.१० |

(श्रोत: सम्बन्धित लघुवित्त वित्तीय संस्थाको गत आवको चौंथो त्रैमासिक अपरिष्कृत वित्तीय विवरण)

## कसको वार्षिक साधारणसभा कहिले ?

| नाम | किसिम | स्थान | मिति | एजेण्डा |
|---|---|---|---|---|
| ग्लोवल आईएमई क्यापिटल | १८औं | होटल ले हिमालय, लाजिम्पाट | असोज १ | नगद लाभाँश |
| आशुतोष इर्नर्जी लिमिटेड | आठौं | लिसरा रिसेप्सन, लाजिम्पाट | असोज २ | वित्तीय विवरण |
| नेक्सजेन म्यानेजमेन्ट एण्ड इक्विटी सोलुसन्स | आठौं | होटल एल्लो प्यागोडा, जमल | असोज ३ | साधारण शेयर |
| सर्पोट लघुवित्त वित्तीय संस्था | बिशेष | स्काई होटल, इटहरी | असोज ४ | सेयर रूपान्तरण |
| नेपाल लाईफ इन्भेष्टमेन्ट कम्पनी | प्रथम | होलिडे एक्सप्रेस इन, नक्साल | असोज ८ | वित्तीय विवरण |
| सिद्धार्थ क्यापिटल लिमिटेड | १४औं | कम्पनीको कार्यालय, नक्साल | असोज ९ | वित्तीय विवरण |
| माछापुच्छ्रे बैंक | २७औं | होटल पोखरा ग्राण्ड, पोखरा | असोज १० | लाभाँश |
| मोलुङ हाईड्रोपावर लिमिटेड | १६औं | बाघभैरव बैंकेट, कीर्तिपुर | असोज १० | वित्तीय विवरण |
| प्रभु केवल कार लिमिटेड | बिशेष | सिद्धार्थ कटेज रेष्टुरेन्ट | असोज १० | नियमावली संसोधन |
| युनिभर्सल पावर कम्पनी | बार्षिक सभा | दरबार रेष्ट्रो एण्ड होटल, ललितपुर | असोज २३ | वित्तीय विवरण |
| कामना सेवा बिकास बैंक | १९औं | लिसारा रिसेप्सन, नक्साल | असोज २४ | लाभाँश |
| हिमालयन हाईड्रोपावर लिमिटेड | १८औं | वाटरफ्रन्ट रिर्सोट, पोखरा | असोज २४ | वित्तीय विवरण |
| कलश स्टक मार्केट प्रालि | तेस्रो | ए वान क्याफे एण्ड बैंकेट | असोज २४ | लाभाँश |
| सोल्टी हस्पिट्यालिटी लिमिटेड | १२ औं | कम्पनीको रजिर्ष्टड कार्यालय, ताहाचल | असोज २६ | वित्तीय विवरण |
| ओरियन्टल होटल्स लिमिटेड | २८औं | नेपाल प्रशासनिक प्रशिक्षण लिमिटेड | असोज ३१ | वित्तीय विवरण |
| श्वेतगंगा हाइड्रो एण्ड कन्सट्रक्सन लिमिटेड | नवौं | सेलिब्रेसन हाईट, सुकेधारा | असोज ३१ | निर्वाचन |

## कुन कम्पनीको शेयर कहिले ?

| नाम | प्रकार | कित्ता | रकम | निकाशनमिति | अन्तिम मिति | बिक्री प्रबन्धक |
|---|---|---|---|---|---|---|
| बुङगल हाईड्रो लिमिटेड साधारण | (बैदेशिक रोजगार) | २०७५००० | २०७५००००० | असार २९ | साउन ११ | हिमालयन क्यापिटल लिमिटेड |
| नेपाल एसबिआई बैंक | ऋणपत्र | ३०००००० | ३००००००००० | असार ३० | साउन १ (छिटोमा) साउन १२ (ढिलोमा) | हिमालयन क्यापिटल लिमिटेड |
| शाईन रेसुंगा बिकास बैंक | ऋणपत्र | १०००००० | १००००००००० | असार ३२ | (छिटोमा) साउन १४ (ढिलोमा) साउन ४ | एनआईएमबी एस क्यापिटल लिमिटेड |
| हिमालयन बैंक लिमिटेड | एफपिओ | ९२५६४०९ | ९२६५४०९००० | असार ३२ | साउन ४ (छिटोमा) साउन १४ (ढिलोमा) | सिटिजन्स क्यापिटल लिमिटेड |
| नबिल बैंक | ऋणपत्र | ३०००००० | ३००००००००० | साउन ६ | साउन ९ (छिटोमा) साउन २० (ढिलोमा) | नेपाल एसबिआई मर्चेन्ट बैंकिङ लिमिटेड |
| झापा इनर्जी लिमिटेड साधारण | (आयोजना प्रभावित) | ३८०१९० | ३८०१९००० | साउन १४ | साउन २८ (छिटोमा) भदौ १२ (ढिलोमा) | हिमालयन क्यापिटल लिमिटेड |
| दरमखोला हाईड्रो इर्नर्जी लिमिटेड | साधारण | २४२३१८५ | २४२३१८५०० | साउन १५ | साउन १९ (छिटोमा) साउन २९ (ढिलोमा) | एल.एस क्यापिटल लिमिटेड |
| जोशी हाईड्रोपावर कम्पनी | हकप्रद | २४१४१०० | २४१४१०००० | साउन १५ | भदौ ४ | एल.एस क्यापिटल लिमिटेड |
| झापा इनर्जी लिमिटेड साधारण | (बैदेशिक रोजगार) | ५७०२९ | ५७०२९०० | साउन १४ | साउन १८ (छिटोमा) साउन २८ (ढिलोमा) | हिमालयन क्यापिटल लिमिटेड |
| मावलिङ इर्नर्जी लिमिटेड | साधारण | १२४८९०४ | १२४८९०४०० | साउन २६ | साउन २९ (छिटोमा) भदौ ९ | एल.एस क्यापिटल लिमिटेड |
| बन्दीपुर केवल कार लिमिटेड | साधारण | ४३४१०८० | ४३४१०८००० | भदौ ११ | भदौ १५ | नेपाल एसबिआई मर्चेन्ट एण्ड बैंकिङ लिमिटेड |
| सागर डिष्ट्रिलरी लिमिटेड | साधारण (बैदेशिक रोजगार) | १४५२०० | १४५२०००० | साउन २८ | भदौ १ (छिटोमा) भदौ ११ | मुक्तिनाथ क्यापिटल लिमिटेड |
| एनआईसी एशिया बैंक | म्युचुअल फण्ड | १०००००००० | १००००००००० | साउन २९ | भदौ २ (छिटोमा) भदौ १२ | एनआईसी एशिया क्यापिटल लिमिटेड |
| नबिल बैंक | म्युचुअल फण्ड | २५०००००० | २५००००००० | साउन ३० | भदौ ३ (छिटोमा) भदौ १३ | इन्भेष्टमेन्ट बैंकिङ लिमिटेड |
| स्वस्तिक लघुवित्त वित्तीय संस्था | साधारण | १९५१९५ | १९५१९५०० | साउन ३० | भदौ ३ (छिटोमा) भदौ १३ | नविल इन्भेष्टमेन्ट बैंकिङ लिमिटेड |
| हिमालयन लाईफ इन्स्योरेन्स | म्युचुअल फण्ड | ४००००००० | ४०००००००० | भदौ १५ | भदौ १८ (छिटोमा) भदौ २९ (ढिलोमा) | हिमालयन इन्भेष्टमेन्ट बैंकर लिमिटेड |
| बुंगल हाईड्रोपावर लिमिटेड | साधारण | १७०१५०० | १७०१५०००० | भदौ १६ | भदौ १९ (छिटोमा) भदौ ३० (ढिलोमा) | हिमालयन क्यापिटल लिमिटेड |
| सागर डिष्ट्रिलरी प्राली | साधारण | १४५२००० | १४५२००००० | भदौ २५ | भदौ २९ (छिटोमा) असोज ८ (ढिलोमा) | मुक्तिनाथ क्यापिटल लिमिटेड |
| शिव श्री हाईड्रोपावर लिमिटेड | हकप्रद | १४७६४००० | १४७६४००००० | भदौ १९ | असोज ८ | सिटिजन्स क्यापिटल लिमिटेड |
| आरबीबी बैंक | म्युचअुल फण्ड | १०००००००० | १००००००००० | भदौ १८ | भदौ २२ (छिटोमा) असोज ६ | आरबीबी मर्चेन्ट बैंकिङ लिमिटेड |
| रिभर फल्स पावर लिमिटेड | हकप्रद | ७०००००० | ७००००००० | भदौ २३ | असोज १२ | प्रभु क्यापिटल लिमिटेड |
| सिटी होटल लिमिटेड | हकप्रद | १३९२००० | १३९२००००० | भदौ २३ | असोज १२ | प्रभु क्यापिटल लिमिटेड |
| नारायणी डेभलपमेन्ट बैंक | हकप्रद | २६२४६७६ | २६२४६७६०० | असोज २ | असोज २२ | आईएमई क्यापिटल लिमिटेड |

## नेपाल राष्ट्र बैंक, केन्द्रीय कार्यालय
## विदेशी विनिमय व्यवस्थापन विभाग
## २०८२ असोज ५ गते (सेप्टेम्बर २१, २०२५) आइतबारको नेपाल राष्ट्र बैंकले तोकेको विनिमय दर

| मुद्रा | एकाइ | | खरिद दर | | विक्री दर |
|---|---|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | रु. | १६०।०० | रु. | १६०।१५ |

==============================================================

**खुला बजार विनिमय दर (नेपाल राष्ट्र बैंकको प्रयोजनको लागि)**

| मुद्रा | एकाइ | | खरिद दर | | बिक्री दर |
|---|---|---|---|---|---|
| अमेरिकी डलर | १ को | रु. | १४०।६५ | रु. | १४१।२५ |
| युरो | १ को | रु. | १६५।३४ | रु. | १६६।०५ |
| पाउण्ड स्टर्लिङ्ग | १ को | रु. | १८९।७९ | रु. | १९०।६० |
| स्विस फ्रैन्क | १ को | रु. | १७६।८१ | रु. | १७७।५६ |
| अष्ट्रेलियन डलर | १ को | रु. | ९२।८६ | रु. | ९३।२५ |
| क्यानाडियन डलर | १ को | रु. | १०१।८७ | रु. | १०२।३१ |
| सिंगापुर डलर | १ को | रु. | १०९।५१ | रु. | १०९।९८ |
| जापानी येन | १० को | रु. | ९।५० | रु. | ९।५४ |
| चिनियाँ युआन | १ को | रु. | १९।७७ | रु. | १९।८५ |
| साउदी अरब रियाल | १ को | रु. | ३७।५० | रु. | ३७।६६ |
| कतारी रियाल | १ को | रु. | ३८।५९ | रु. | ३८।७५ |
| थाई भाट | १ को | रु. | ४।४१ | रु. | ४।४३ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | रु. | ३८।२९ | रु. | ३८।४६ |
| मलेशियन रिंगिट | १ को | रु. | ३३।४३ | रु. | ३३।५७ |
| दक्षिण कोरियन वन | १०० को | रु. | १०।०७ | रु. | १०।१२ |
| स्विडिस क्रोनर | १ को | रु. | १४।९७ | रु. | १५।०३ |
| डेनिस क्रोनर | १ को | रु. | २२।१५ | रु. | २२।२५ |
| हङ्गकङ्ग डलर | १ को | रु. | १८।०९ | रु. | १८।१७ |
| कुवेती दिनार | १ को | रु. | ४६०।५१ | रु. | ४६२।४८ |
| बहराइन दिनार | १ को | रु. | ३७३।०० | रु. | ३७४।५९ |
| ओमानी रियाल | १ को | रु. | ३६५।३० | रु. | ३६६।८५ |

# खप्तडमा पर्यटकको चहलपहल कम, पूर्वाधार विस्तारसँगै आशा पलाउँदै

आर्थिक संवाददाता
धनगढी, असोज ४



धार्मिक तथा प्राकृतिक सौन्दर्यले भरिपूर्ण खप्तड राष्ट्रिय निकुञ्ज पर्यटकीय दृष्टिकोणले निकै सम्भावनायुक्त क्षेत्र हो । तर प्रचारप्रसारको अभाव र आवश्यक पूर्वाधारको कमीका कारण खप्तडमा पर्यटक आगमन अझै न्यून छ ।

हाल खप्तड पर्यटन विकास तथा व्यवस्थापन समितिका कार्यकारी निर्देशक खेमराज जोशीका अनुसार, दैनिक १५ देखि २५ जना आन्तरिक पर्यटक खप्तड पुग्न थालेका छन् । जोशीले एकदमै कम पर्यटक मात्रै यहाँ पुग्ने गरेको बताए । 'विदेशी पर्यटक त भन्नै छैनन्, आन्तरिक पर्यटकलाई समेत पर्याप्त जानकारी पुगेको छैन', उनले भने । पछिल्लो समयमा खप्तडमा पर्यटकलाई आधारभूत सुविधा उपलब्ध गराउनका लागि धमाधम पूर्वाधार बन्न थालेको छ । समितिका अनुसार हाल खप्तडमा एक सय ५० जनालाई खान र ५० जनालाई बास दिने क्षमता भएको होटल सञ्चालनमा आइसकेको छ । होटल सञ्चालक लोकबहादुर रावलले विगतमा खानाबस्नको असुविधाले पर्यटकले सास्ती खेप्नुपरेको बताए । तर अहिले अवस्था फेरिएको उनको भनाइ छ ।

बाजुराको खप्तड छेडेदह गाउँपालिका-१, काँडा निवासी रावलले आफूले होटलमा पर्यटकका लागि स्थानीय उत्पादनमा आधारित पोषणयुक्त खानाको व्यवस्था गरेको बताए । रावलले स्थानीय उत्पादनमा आधारित पोषणयुक्त खाना उपलब्ध गराउँदै आएको बताए । 'गहुँ, मकै, कोदो, चामल, तरकारी, दाल, घ्यू, दहीजस्ता अर्गानिक परिकारको व्यवस्था गरिएको छ,' उनले भने । उनका अनुसार होटलमा शौचालय, सोलार ऊर्जा, मोबाइल चार्ज गर्ने सुविधा, खानेपानी आदि व्यवस्था भइसकेको छ । बासका लागि ५० बेडको क्षमता भएको गेस्ट हाउस सञ्चालनमा रहेको रावलले बताए । 'अहिले पर्यटक कमै छन्, तर भविष्यमा संख्या बढ्ने आशामा सेवा दिइरहेका छौँ,' रावल भन्छन्, 'हाल होटल घाटामा चले पनि लगानी फिर्ता हुने विश्वास छ ।' उनका अनुसार नेपाली सेनाको व्यारेक छेउमा थप दुईवटा होटल पनि खुलेका छने । होटलमा सोलार जडान गरी उज्यालो र मोबाइल चार्ज गर्ने व्यवस्था समेत गरिएको रावलले बताए ।

**सरकारी लगानीमा नयाा गेस्ट हाउस निर्माण अन्तिम चरणमा**

नेपाल पर्यटन बोर्डको पाँच करोड रूपैयाँ लगानीमा ८० बेड क्षमताको गेस्ट हाउसको निर्माण अन्तिम चरणमा पुगेको छ । हाल ९५ प्रतिशत काम सम्पन्न भइसकेको खप्तड पर्यटन विकास तथा व्यवस्थापन समितिका कार्यकारी निर्देशक जोशीले जानकारी दिए । 'संरचना तयार भइसकेको छ, अब रंगरोगन र भित्री सजावटको काम मात्रै बाँकी छ,' उनले भने ।

त्यस्तै, बिचपानी क्षेत्रमा २० बेड क्षमताको अर्को गेस्ट हाउस पनि निर्माण सम्पन्न भएर हस्तान्तरण भइसकेको छ । आगामी आर्थिक वर्षभित्र थप एक सय बेडको गेस्ट हाउस निर्माण गरिने योजना रहेको जोशीले बताए । 'एक सय ५० जना क्षमताको गेस्ट हाउस सञ्चालन भएपछि खप्तडमा आउने पर्यटकलाई खानबस्नलगायतको समस्या समाधान हुन्छ,' उनले भने, 'अहिले पर्यटक आगमन कम भएकाले ५० बेडकै गेस्ट हाउसले धानिरहेको छ । दशहरा मेलामा एकैपटक हजारौँ पर्यटक आउँदा मात्रै बासको समस्या छ ।'

यसैगरी, खप्तडमा पानीको भरपर्दो व्यवस्था गर्न लिफ्ट खानेपानी योजनाको सर्भे अन्तिम चरणमा रहेको जनाइएको छ । 'तीन सय मिटर लिफ्ट गरेर खानेपानी ल्याउने योजना बनाइएको छ,' जोशीले भने, 'सर्भे र लागत अनुमान सकिएपछि निर्माण सुरु हुनेछ ।'

**सडक पहुँचले पर्यटक आगमनमा सहजता ल्याउने आशा**

डोटीबाट खप्तड निकुञ्जको गेटसम्म कालोपत्रे सडक पुगिसकेको छ । गेटबाट करिब तीन घण्टाको उकालो हिँडेपछि खप्तड पुगिन्छ । बिचपानीसम्म सडक विस्तार भएमा पर्यटक आवागमन थप सहज हुने होटल सञ्चालक हेमन्त बिष्टले बताए ।

# धरान उपमहानगरले ल्यायो दुई अर्ब २० करोडको बजेट

आर्थिक संवाददाता
धरान, असोज ४



चालू आर्थिक वर्ष सुरू भएको दुई महिनापछि धरान उपमहानगरले दुई अर्ब २० करोड रूपैयाँ बराबरको बजेट ल्याएको छ । धरान उपमहानगरपालिकाको शनिबार बसेको १७औँ नगरसभामा आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रम र बजेट सार्वजनिक गरिएको हो ।

संवैधानिक व्यवस्थाअनुसार असार १० गतेभित्र आगामी आर्थिक वर्षको लागि बजेट नगर तथा गाउँसभामा प्रस्तुत गर्नुपर्ने हुन्छ । तर धरान उपमहानगरले आन्तरिक किचलोका कारण ढिलोगरी बजेट ल्याएको हो । नगरसभामा धरानका उपप्रमुख अइन्द्रविक्रम बेघाले चालू आर्थिक वर्षका दुई अर्ब २० करोड ७४ लाख ५९ हजार रूपैयाँको बजेट प्रस्तुत गरेका हुन् । उक्त बजेटको स्रोतमा आन्तरिक राजस्वबाट ८० करोड ५३ लाख ६५ हजार रूपैयाँ, सङ्घीय सरकारबाट अनुदान ८९ करोड २९ लाख रूपैयाँ, प्रदेश सरकारबाट अनुदान सात करोड ७३ लाख ४४ हजार रूपैयाँ, राजस्व बाँडफाँटबाट ३४ करोड १८ लाख ५० हजार रूपैयाँ, सडक बोर्डबाट दुई करोड रूपैयाँ र गत वर्षको मौज्दातबाट सात करोड रूपैयाँ प्राप्त हुने अनुमान गरिएको छ ।

उपमहानगरले चालू वर्षको लागि सहरी योजना तथा भौतिक पूर्वाधार विकासततर्फ ६६ करोड ९४ लाख रूपैयाँ, शिक्षा, युवा तथा खेलकुदतर्फ ४६ करोड ८५ लाख रूपैयाँ, स्वास्थ्यतर्फ छ करोड ९९ लाख ९५ हजार रूपैयाँ, सामाजिक विकासतर्फ चार करोड ८६ लाख ४५ हजार रूपैयाँ विनियोजन गरिएको छ । साथै, आर्थिक विकासतर्फ एक करोड २९ लाख, वन वातवरण ऊर्जा तथा विपद् व्यवस्थापनतर्फ दुई करोड ७४ लाख ५० हजार, कानुन तथा न्याय सम्पादनतर्फ २० लाख, सार्वजनिक जग्गा संरक्षणतर्फ १५ लाख, राजस्व परिचालनतर्फ ४३ लाख र नगरभिजन कार्यक्रमतर्फ पाँच करोड पाँच लाख रूपैयाँ विनियोजन गरिएको छ ।

चालू आवका लागि धरानका २० वटा वडाका लागि २१ करोड रूपैयाँ विनियोजन गरेको छ । त्यसैगरी, नगर कार्यपालिकातर्फ निःसर्त विनियोजन र एक अर्ब ३१ करोड ९२ लाख ८२ हजार, ससर्त अनुदानबाट ६० करोड ५६ लाख ७७ हजार, समपूरक बजेटबाट एक करोड ८२ लाख र विशेष अनुदानबाट पाँच करोड ४३ लाख रूपैयाँ विनियोजन गरिएको छ । नगरपालिकाले बजेटमा शिक्षा, स्वास्थ्य, पूर्वाधार, कृषि, सामाजिक विकास, विपद् व्यवस्थापनलगायतका क्षेत्रमा बजेट प्राथमिकता दिइएको उपप्रमुख बेघाले बताए ।

# युनिकनेक्ट ग्लोबलले थाल्यो सेवा

काठमाडौं, असोज ४ । युनिकनेक्ट ग्लोबल स्टडी पार्टनर काठमाडौंमा सञ्चालनमा आएको छ । अध्ययनका लागि विदेश जाने विद्यार्थीहरूलाई लक्षित गर्दै काठमाडौंको अनामनगरमा युनिकनेक्टले बिहीबारदेखि सेवा सुरू गरेको हो ।

युनिकनेक्टका संस्थापक एवम् अनुभवी परामर्शदाता सिर्जित घिमिरेले बिहीबारबाटै काम सुरु भएको जानकारी दिए । उनका अनुसार विदेश जाने विद्यार्थीहरूको चाहनाअनुरूप कम्पनीले सहुलियत शुल्कमै गुणस्तरीय अध्ययन हुने विश्वप्रतिष्ठित विश्वविद्यालयहरूसँग सहकार्य गर्नेछ । जसबाट विद्यार्थीहरूले सहजरूपमा अध्ययनका लागि जान सक्ने उनको भनाइ छ ।

मुख्य कार्यालय सञ्चालनमा ल्याउँदै आफूहरूले विद्यार्थीको चाहनाअनुसार गुणस्तरीय शिक्षा प्रदान गर्ने विश्वविद्यालयहरूमा अध्ययन सिफारिस गर्ने उनले बताए । घिमिरेले भने, 'हाम्रो उद्देश्य विद्यार्थीलाई जसरी पनि बाहिर पठाउने होइन । उनीहरूले चाहेको विषयमा गुणस्तरीय शिक्षाका लागि परामर्श दिने र सिफारिस गर्ने भन्ने हो ।'

कम्पनीले युरोपका बेलायत, जर्मनी, आयरल्यान्डसहित नेपालीहरूको प्रमुख शैक्षिक गन्तव्य रहेको अस्ट्रेलिया, क्यानडा, अमेरिकालगायतका देशहरूको विश्वविद्यालयहरूमा पठनका लागि सहजीकरण गर्नेछ । युनिकनेक्ट पुतलीसडकबाट अनामनगर जाने बाटोमा रहेको मार्फा हाउसमा छ ।




## चाडपर्वको बेला सुरक्षित यात्रा गरौं ।

**चाडपर्वमा यात्रुको चाप बढ्ने भएकाले,**

- सवारीसाधनमा अनावश्यक भिडभाड नगरौं,
- सवारीसाधनमा क्षमताभन्दा बढी यात्रु नबोकौं र नचढौं,
- आवश्यक संख्यामा सवारीसाधन संचालन गरौं,
- सवारीसाधनको छतमा बसेर यात्रा नगरौं,
- सवारीसाधनको नियमित मर्मत तथा परीक्षण गरौं, मादकपदार्थ लागुपदार्थ सेवन गरी सवारीसाधन नचलाऔं,

**दुर्घटनाबाट आफू पनि बचौ र अरुलाई पनि बचाऔं !**

नेपाल सरकार
विज्ञापन बोर्ड

# दशैं नजिकिएसँगै बजारमा उपभोक्ताको घुइँचो

काठमाडौं, असोज ४ । दशैं नजिकिएसँगै बजारमा किनमेल गर्नेको घुइँचो देखिन थालेको छ । कपडा एवम् खाद्यान्नका थोक तथा खुद्रा र सुपथ मूल्य पसलमा उपभोक्ताको घुइँचो लाग्न थालेको हो ।

राजधानीको मुख्य बजारहरू असन, इन्द्रचोक, महाबौद्ध, न्युरोड, सुन्धारा, टेकु, त्रिपुरेश्वरमा उपभोक्ताको घुइँचो बढेको छ । सहरमा सस्तो सामान पाइन्छ भनी किनमेलका लागि आए पनि विगतमा भन्दा भाउ बढेको पाइएको गोदावरीबाट सामान किनमेलका लागि महाबौद्ध आएकी सजना आचार्यले बताइन् ।

'तीजअघिभन्दा पनि अहिले भाउ बढेको रहेछ, गत हप्ताको आन्दोलनका कारण व्यवसायीले भाउ बढाएजस्तो लाग्यो, कुनै पनि निकायले अनुगमन गरेजस्तो लागेन,' उनले भनिन्, 'सरकारी निकायले जुनसुकै सामान किन्दा बिल लिनु भने पनि बजारमा व्यवसायी बिल दिन अप्ठ्यारो मान्छन्, प्यान र भ्याट बिल त हत्तपत्त दिँदैनन्, दिनै परे पनि सादा बिल दिन्छन् ।' चीनसँगको नाका तातोपानी र रसुवागढी बन्द भएका कारण कपडा नआएकाले व्यवसायीले भाउ बढाएको जनाएका छन् । सरकारले अनुगमन नगर्ने र दोषीलाई कारबाही गर्ने प्रणालीको विकास नभएका कारण दण्डहीनता मौलाएको थानकोटबाट आएका मङ्गलबहादुर तामाङको भनाइ छ । तीन तहको सरकार भए पनि अनुगमनमा कसैको रूचि नभएको उनको भनाइ छ ।

बडादशैं, तिहार र छठ पर्वका अवसरमा खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले गत भदौ ३० गतेदेखि नै सहुलियत मूल्य पसल सुरू गरिसकेको छ । यसले उपभोक्तालाई केही राहत दिएको छ ।

# पर्साका आधा दर्जनभन्दा धेरै पालिकाले खाता सञ्चालनमा ल्याउन सकेनन्

## कर्मचारीको तलबभत्ता र अन्य विकास निर्माणको गतिविधि ठप्प

वीरगञ्ज असोज ४ । पर्साका १४ पालिकामध्ये आधा दर्जनभन्दा धेरै पालिकाले अझैसम्म पनि बैंक खाता सञ्चालनमा ल्याउन सकेका छैनन् । चालू आर्थिक वर्ष सुरु भएको दुई महिनाभन्दा धेरै समय बित्दासमेत सबै कानुनी प्रक्रिया पूरा गर्न नसक्दा खाता सञ्चालनमा ल्याउन नसकेका हुन् ।

कोष तथा लेखा नियन्त्रक कार्यालय पर्साका प्रमुख कोष नियन्त्रक मनोजकुमार जोशीले पर्साका नौवटा पालिकाले अझैसम्म पनि खाता सञ्चालनमा ल्याउन नसकेको जानकारी दिए । पर्साका अधिकांश पालिकाले निर्धारित समयभित्रै चालू आवको नीति तथा कार्यक्रम र बजेट ल्याउन सकेनन् भने ल्याएका पालिकाले पनि आवश्यक कानुनी प्रक्रिया पूरा गर्न नसक्दा बैंक खाता सञ्चालनमा आउन नसकेको हो ।

बैंक खाता सञ्चालन नहुँदा कर्मचारीको तलबभत्ता र अन्य विकास निर्माणको गतिविधि पनि ठप्पजस्तै छ । 'स्थानीय तहले चालू आवको रकम खातामा माग गर्दा केही प्रक्रिया पूरा गर्नुपर्ने हुन्छ । गाउँ वा नगरसभाबाट पारित भएको नीति कार्यक्रम र बजेट कार्यालयमा नबुझाउँदा र प्रमुख वा गाउँपालिका प्रमुखले अख्तियारी प्रमुख प्रशासकीय अधिकृतलाई नदिँदासम्म आर्थिक गतिविधिका लागि खाता सञ्चालन गर्न नपाइने प्रावधान छ', उनले भने, 'सङ्घीय सरकार र प्रदेश सरकारबाट प्राप्त भएका स्रोतको पनि सूत्रमार्फत खर्चको लिपिबद्ध गर्नुपर्ने र अन्य कानुनी प्रक्रिया पूरा नभएकाले पनि खाता सञ्चालनमा आउन नसकेको हो ।'




कार्यालयका अनुसार यहाँका यहाँका विन्दवासिनी गाउँपालिका, कालिकामाई गाउँपालिका, जगरनाथपुर गाउँपालिका, जिराभवानी गाउँपालिका, धोविनी गाउँपालिका, ठोरी गाउँपालिका, पकहाँ मैनपुर गाउँपालिका, सखुवाप्रसौनी गाउँपालिका, बहुदरमाई नगरपालिकाको भने अहिलेसम्म पनि खाता सञ्चालन हुन सकेको छैन । कार्यालयका अनुसार अहिलेसम्म वीरगञ्ज महानगर, पर्सागढी र पोखरिया नगरपालिका, छिपरमाई गाउँपालिका, पर्टेवासुगौली गाउँपालिकाको भने खाता सञ्चालन भइसकेको छ ।

**वीरगञ्ज महानगरले पुनःनिर्माणका लागि छुट्याायो ३० करोड**

वीरगञ्ज महानगरले चालू आर्थिक वर्ष २०८२/८३ का लागि विनियोजित गरिएको बजेट पुनःनिर्माणमा केन्द्रित गरेको छ । महानगरले गत भदौ २३ र २४ गते भएको 'जेन-जी' प्रदर्शनका क्रममा भएको तोडफोड र क्षतिग्रस्त संरचनाको पुनःनिर्माणका लागि बजेट खर्च गर्ने भएको हो । शनिबार आयोजित नगरसभाको १८औँ विशेष अधिवेशनले पुनःनिर्माणसम्बन्धी प्रस्तावलाई सर्वसम्मत पारित गरेको जनाएको छ । जेन-जी समूहले प्रदर्शनका क्रममा यहाँका भवन र सवारीसाधन तोडफोड र लुटपाट भएको थियो । वीरगञ्ज महानगरका प्रमुख राजेशमान सिंहले महानगरको संशोधित बजेट पेस गर्दै बजेटका प्राथमिकता समेत परिवर्तन गर्नुपरेको बताए । महानगरको १७औँ नगरपरिषद्ले यसअघि आव २०८२/८३ का लागि तीन अर्ब २२ करोड ४८ लाख ४९ हजार रूपैयाँको बजेट विनियोजन गरेको थियो ।

विशेष अधिवेशनले बजेटमा भएका नगरस्तरीय पुँजीगत योजना, सामाजिक विकास कार्यक्रम तथा वडास्तरका योजनामा विनियोजन गरिएको रकमलाई पुनःनिर्माणतर्फ स्थानान्तरण गर्ने निर्णय गरेको छ । संशोधनपश्चात् करिब ३० करोड रूपैयाँ पुनःनिर्माणका लागि उपलब्ध हुने भएको छ । संशोधित बजेटले प्रशासनिक भवन निर्माण, सवारीसाधन खरिद, मेसिनरी उपकरण, ल्यापटप, कम्प्युटर, प्रिन्टर तथा फर्निचर खरिद, कार्यालय भवन मर्मत, गाडी भाडा, बिजुली बत्ती र अन्य आवश्यक सामग्री खरिदमा खर्च गर्ने प्रावधान गरेको छ । विशेष अधिवेशनले जेन-जी प्रदर्शनका क्रममा काठमाडौँमा भएको प्रदर्शनमा प्रहरीको गोली लागेर मृत्यु भएका गरेका वीरगञ्ज महानगरपालिका वडा नं १२ का असहाब आलमको परिवारलाई पाँच लाख रूपैयाँ उपलब्ध गराउने प्रस्ताव पारित गरेको छ ।

# युक्रेनमा अलपत्र परेका दुई नेपालीको उद्धार

काठमाडौ, असोज ४ । वैदेशिक रोजगारीका लागि भारतको बाटो हुँदै युक्रेन पुगेका दुई जना नेपालीको उद्धार गरिएको छ । गैरआवासीय नेपाली संघ (एनआरएनए)को पहल र जर्मनीस्थित नेपाली दूतावासको समन्वय तथा आवश्यक सहजीकरणमा उनीहरूको उद्धार गरिएको हो ।

विगत १४ महिनादेखि युक्रेनस्थित सैन्य क्याम्पमा रहेका रौतहटका २८ वर्षीय जयप्रकाश शाह र बाग्लुङका २३ वर्षीय सन्देश केसीलाई उद्धार गरिएको एनआरएनएले जनाएको छ । केही समयअघि उनीहरूले एनआरएनएका प्रमुख कार्यकारी अधिकृत राजेन्द्र कुमार राउतलाई सम्पर्क गरी उद्धारको लागि पहल गर्न आग्रह गरेका थिए । सोपश्चात् एनआरएनएले आवश्यक सहजीकरणका लागि दूतावाससँग समन्वय गर्दै आएको थियो । सन् २०२४ को जुलाइमा उनीहरु त्यहाँ पुगेका थिए । उनीहरू १४ महिनादेखि किएभको इमिग्रेसन क्याम्पमा रहँदै आएको थिए । युक्रेनबाट मल्दोवा र भारतको नयाँ दिल्ली हुँदै उनीहरू शुक्रबार दिउँसो १ बजे काठमाडौं आइपुगेका हुन् ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा उनीहरूलाई स्वागत गर्न संघको सचिवालयबाट प्रमुख कार्यकारी अधिकृत राजेन्द्र कुमार राउत र कनिष्ठ अधिकृत निरोज महर्जन उपस्थित भएका थिए । उनीहरू दुवै जनाले दुःखको बेलामा गैरआवासीय नेपाली संघ र जर्मनस्थित नेपाली दूतावासले पुर्‍याएको समन्वय, सहयोग र सहजीकरणका लागि धन्यवाद दिएका छन् ।

## हकदावीको सूचना

वर्दिया जिल्ला, गेरुवा गा.पा. वडा नं.०५ स्थायी ठेगाना भई ऐ.ऐ.बस्ने खुनतुन्या थारुको नाति श्री भागुराम थारुको छोरा श्री देशुराम थारुको मिति २०८२/०४/१० गतेका दिन कालगतिले मृत्यु भएकोले निजको नाममा त्यस बैंकमा रहेको खाता नं. १७२०५३९०२५६८२४ मा भएको सम्पूर्ण रकम उपलब्ध गराई पाउँ भनी निज श्री देशुराम थारुको श्रीमती रामकृष्णी थारुले आवश्यक कागजात सहित यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप उपर निवेदक वाहेक अन्य कसैको हक दावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र सवुद प्रमाण सहित दावी गर्न आउनु हुन बैक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ को दफा १११ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग दावी बमोजिम भई जाने व्यहोरा यसै सूचनाद्वारा सूचित गरिन्छ ।

NIMB नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.
शाखा कार्यालय, नेपालगंज
फोन न.:- ०८१- ५३३६८२,५३३३८९,५३२११६

## नाम परिवर्तन सम्बन्धी सार्वजनिक सूचना

तेस्रो पटक प्रकाशित मिति : २०८२।०६।५

**शुभारम्भ सिभिल कन्सल्टिङ एण्ड कन्स्ट्रक्सन प्रा.लि.** को मिति २०८२/०२/२५ गते सम्पन्न साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने सम्पूर्ण कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरि **शुभारम्भ सिभिलटेक प्रा.लि** (नं.२५९३३९) कायम गर्ने गरी मिति २०८२/०५/१८ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधरण तथा सरोकारवाला सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

आर्थिक दैनिक प्रा.लि.द्वारा प्रकाशित । अध्यक्ष : प्रह्लाद रिजाल । एक्सप्रेस कलर प्रेस कं.बाट मुद्रित । कार्यालय : कुपण्डोल, ललितपुर । फोन : ०१-५९०२१३६, e-mail : aarthik .dainik@gmail .com । सम्पादक : रामप्रसाद पुडासैनी